उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २, जनकपुरधामको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधी, २०७७

मिति २०७७/०९/०३ गतेको मा. मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

प्रदेश सरकारबाट स्वीकृत कार्यक्रम तथा बिनियोजित रकमहरुको लागि

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल

दुई शब्द

यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२ को स्वीकृत वार्षिक कार्यक्रमहरुलाई सफलतापूर्वक सञ्चालन तथा कार्यान्वयन गर्ने उद्देश्यका साथ **"कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७७"** ल्याउन पाउँदा हामीलाई खुशी लागेको छ।

विगतका वर्ष झै यस वर्ष पनि यस मन्त्रालय र मातहतका कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरुले प्रदेशलाई आर्थिक समृद्धि तथा सकारात्मक विकासतर्फ अग्रसर तुल्याउनुमा महत्त्वपूर्ण भूमिका खेल्नेछन् भन्ने आशा राखेको छु। प्रस्तुत कार्यविधिमा मन्त्रालय र मातहतका कार्यालयहरुबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरुको उद्देश्य, कार्यक्रम सञ्चालन प्रक्रिया र अपेक्षित उपलब्धिहरुलाई समष्टिगतरुपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ।

यस कार्यविधिलाई अझै स्पष्ट, पारदर्शी र उत्तम बनाउन विभिन्न चरणहरु पार गरिएको छ । पहिलो चरण-कार्यविधि समिति गठन र तयारी, दोस्रो चरण- कार्यविधि निर्माण सदस्यहरु मार्फत कार्यविधि मस्यौदा तयार, तेस्रो चरण- मस्यौदाहरु माथि छलफल र समीक्षा, चौथो चरण- मस्यौदाहरुमा आवश्यक सुधार, पाचौं चरण- मा. मन्त्रीज्यू र मा. राज्यमन्त्रीज्यूको समुपस्तिथीमा उच्चस्तरीय तहमा छलफल भै प्राप्त सुझाव अनुसारको पुनःसुधार पछि यस कार्यविधिलाई पारित गरिएको छ।

अन्त्यमा, कार्यविधि निर्माण कार्यलाई सफल पार्न अनवरत रुपमा खटिई यो रुपमा ल्याउन सहयोग गर्नुहुने कार्यविधि निर्माण समितिका संयोजक- डि.व.अ. श्री सुनिल कुमार कर्ण र सदस्यहरु- उप-सचिव (कानून) अवध किशोर कुशवाहा, स.व.अ. श्री बेचन चौधरी, स.भू.स.अ. श्री बेचन कुमार महतो, कानून अ. श्री बालकृष्ण मिश्र, ले.अ. श्री पुरुषोत्तम मिश्र, अधिकृत श्री राजेश कुमार मिश्र, शा.अ. श्री राजन कुमार झा र व.स. श्री प्रशान्त कुमार मिश्र लाई धन्यवाद दिन चाहन्छु। कार्यविधि निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने यस मन्त्रालय तथा मातहतका कार्यालयहरुका कर्मचारी तथा प्रादेशिक विज्ञ/मेडपा श्री राजेश वर्मा लगायत सबै सरोकारवालाहरु तथा अन्य सहयोगी कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

डा. रामचन्द्र कँडेल
प्रदेश सचिव
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं.२ जनकपुरधाम

विषय सूचि

प्रस्तावना.....१

१. संक्षिप्त नाम र प्रारम्भ.....२

शब्दाबली परिचय.....२

कार्यविधि

१. कार्यक्रम प्राथमिकिकरण र योजना तर्जुमा सम्बन्धी कार्यविधि.....४

२. कार्यक्रमको छनोट । माग संकलन सम्बन्धी कार्यविधि.....४

३. कार्यक्रमको योजना तर्जुमा सम्बन्धी कार्यविधि.....६

४. कार्यक्रम कार्यान्वयन चरणको कार्यविधि.....८

४.१ कार्यक्रम कार्यान्वयन गर्ने निकायः.....१०

४.२ कार्यक्रम सञ्चालन प्रक्रिया.....१०

५. कार्यक्रमको अनुगमन तथा मूल्यांकन चरणको कार्यविधि.....१०

६. कार्यक्रमको व्यवस्थित सञ्चालन । मर्मत संभार र लाभांश वितरण चरण.....११

७. कार्यक्रममा निरन्तरताको लागि सहयोग चरण.....११

उपभोक्ता समूह परिचालन गरी सम्पन्न गरिने कार्यक्रमको कार्यक्रम सञ्चालन चक्र/चार्ट.....१२

वार्षिक कार्यक्रम

१. प्रदेश प्रमुख स्वरोजगार कार्यक्रम.....१३

२. Hospitality Management तालीम (पर्यटन व्यवसायमा आवद्ध व्यक्ति वा संस्थाहरुका लागि).....१४

३. प्रगति समिक्षा गोष्ठी.....१५

४. बौद्धिक सम्पति अधिकार सम्बन्धी सचेतना र प्रवर्द्धन कार्यक्रम.....१५

५. प्रादेशिक आविष्कार कोष स्थापना (संस्था समितिलाई अनुदान).....१६

६. वन वातावरण तथा विज्ञान प्रविधि सम्बन्धी अध्ययन अनुसन्धानका लागि अनुदान सहयोग.....१७

७. चुरे क्षेत्रमा भू-क्षयको दृष्टिकोणले सम्वेदनशील क्षेत्रको पहिचान खाली वृक्षारोपण जग्गाको नक्साँकन...१८

८. जेहन्दार, विपन्न, महिला तथा दलित छात्रछात्राहरुहरुलाई छात्रवृत्ति अनुदान सहयोग (स्नातक र स्नातकोत्तर सम्मको लागि) (वन र वातावरण सम्बन्धी विषयमा).....१९

९. मधेश भवनमा फ्री-वाईफाई हटस्पट स्थापना.....२०

१०. मिथिला आर्ट ग्यालरी तथा ह्यान्डीक्राफ्ट प्रवर्द्धन.....२०

११. प्रदेशमा सञ्चालित ईट्टा उद्योगको प्रभाव अध्ययन.....२१

१२. आर्थिक, समृद्धि तथा आन्तरिक उत्पादन बढाउन प्रदेश अन्तर्गत कृषि, वन, पर्यटन, उद्योग तथा अन्य उद्यमशिल क्षेत्रसँग आवद्ध गर्ने गरी मूल्य श्रृंखलामा अभिवृद्धि गर्न तथा प्रतिस्पर्धी उत्पादन वृद्धि गर्न

राम नरेश राय

Training, Technology, Packing, Labelling, Marketing, आदि क्रियाकलापहरुका लागि नगद अनुदान तथा उपकरण सहयोग (खर्च शीर्षक नं. २२५२२).....२२
१३. बेरोजगार जनशक्तिलाई उद्योग तथा कलकारखानामा On the job training/apprenticeship का लागि अनुदान सहयोग (१ देखी २ महिना सम्म) उद्योग वाणिज्य संघको सहकार्यमा.....२३
१४. बजार अनुगमन.....२४
१५. Website निर्माण तथा Up-gradation २४
१६. मधेश भवन मुल प्रवेशद्वारमा डिजिटल ईन्ट्री पोष्ट निर्माण.....२५
१७. सागरनाथ वन विकास परियोजना व्यवस्थापन.....२५
१८. वातावरण अनुकुलता बढाउन ईन्डक्सन चुलो निर्माण गर्ने तथा अन्य उपयुक्त उद्योगलाई प्राविधिक तथा आर्थिक सहयोग.....२७
१९. प्रदेश भित्र रहेका पर्यटकीय महत्वका स्थलहरुको Documentary तयारी लगायत अन्य.....२८
२०. डिजिटल पर्यटकीय स्थलहरुको सुचना केन्द्र स्थापना.....२८
२१. प्रदेश भित्रको प्रमुख पर्यटकीय स्थलहरुको विवरण सहितको पर्यटकीय डायरी प्रकाशन गर्ने.....२९
२२. पर्यटन प्रवर्द्धनात्मक प्रचार प्रसार कार्यक्रम.....३०
२३. प्रदेशिक नीति नियम निर्देशिका कार्यविधि तयार व्यवस्थापन तथा कार्यान्वयन.....३१
२४. टिम बिल्डिङ्ग गोष्ठी.....३१
२५. दिवस समारोह (वातावरण, भु संरक्षण, जैविक विविधता, सामुदायीक वन, पृथ्वी दिवस लगायतका दिवसहरु, आदि).....३२
२६. पर्यटन बजारीकरण कार्यक्रम.....३३
२७. पर्यटन सूचना केन्द्रको स्थापना/सहयोग (जनकपुर र बिरगञ्ज).....३४
२८. धार्मिक तथा साँस्कृतिक संघ संस्था (धार्मिक संघ संस्था, कार्यालय, मठमन्दिर, किर्तन मण्डली, नाट्यकला समुह, गायन मण्डली, नृत्य समूह) लाई नगद अनुदान तथा वस्तुगत सहयोग.....३५
२९. जानकी नवमी, राम नवमी, विवाह पञ्चमी, सल्हेस फुलवारी मेला, मध्यमिकी परिक्रमा लगायत वार्षिक रुपमा आयोजना हुने धार्मिक पर्व/मेला महोत्सव/समारोह व्यवस्थापन सहयोग.....३५
३०. प्रदेश पर्यटन एप (App) निर्माण.....३६
३१. विज्ञान प्रविधिसँग सम्बन्धित सरोकारवालासँग समन्वय गोष्ठी र अन्तरक्रिया.....३७
३२. पर्यटन पुर्वाधारका लागि होटल व्यवसायी उद्योगपति बिच अन्तरक्रियाः– २ दिने.....३८
३३. टुरिष्ट गाईड तालिमः- (३० जनाको लागि ५ दिने तालीम).....३९
३४. पर्यटन प्रवर्द्धन तथा अध्ययन अनुसन्धानका लागि अन्तर-प्रदेशीय भ्रमण.....४०
३५. पर्यटकीय प्रहरीको क्षमता विकास, व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम.....४०
३६. जानकी मन्दिरमा पर्यटकीय प्रहरी मातहात जानकी मन्दिर परिसर स्वच्छता विकास कार्यक्रम (सरसफाईकर्मी ५ जना समेत).....४१
३७. योजना तर्जुमा गोष्ठी.....४२
३८. जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम.....४२
३९. धनुषाधाम पर्यटकीय पुर्वाधार विकास निर्माण.....४२

राम नरेश राय

४०. पर्यटकिय महत्वका ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्विक, प्राकृतिक संरचनाहरुको मर्मत, संरक्षण, निर्माण, सौनदर्यीकरण,अधुरो भवन निर्माण तथा पुर्वाधार विकास डि.पी.आर. समेत (खर्च शिर्षक नं.३१११२ को गैर आवासिय भवन निर्माण/खरिद, ख.शि.नं. ३११५९ को अन्य सार्वजनिक निर्माण र ख.शि.नं. ३११७१ को पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण).....४३
४१. घुम्ती शौचालय खरिद.....४४
४२. आकस्मिक भू–संरक्षण कार्यक्रम ४५
४३. एकीकृत भू–क्षय नियन्त्रण.....४६
४४. जलाधार महत्वका संरक्षण पोखरी निर्माण/मर्मत सहयोग कार्यक्रम/संरक्षण पोखरी कार्यक्रम – खर्च शीर्षक.३११५७.....४७
४५. सडक भू–संरक्षण कार्यक्रम ४८
४६. रोडसाईड वृक्षारोपण (ट्री गार्ड सहित).....४९
४७. हाईटेन्सन लाईन मुनि ईको (ECO) पार्क निर्माण.....५१
४८. प्रदेश नं.२ मा जडिबुटी को पकेट क्षेत्र पहिचान तथा खेती विस्तार (वन तथा वातावरण संरक्षण निर्माण).....५२
४९. गल्छी पहिरो नियन्त्रण.....५२
५०. प्रदेश परिसर (मधेश भवन) मा रहेको वन/वनस्पतिको व्यवस्थापन (enumeration, tagging, beautification, bushes clearance).....५३
५१. हर्वेरियम संकलन तथा व्यवस्थापन (वन तथा वतावरण संरक्षण निर्माण).....५४
५२. जडिबुटी श्रोत सर्वेक्षण, डाटावेश तयारी तथा प्रकाशन (आठ वटै जिल्ला) (वन तथा वातावरण संरक्षण निर्माण).....५५
५३. आकस्मिक भू–संरक्षणको लागि समाग्री खरिद तथा सहयोग.....५६
५४. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम.....५७
५५. चुरे संरक्षण तथा व्यवस्थापन कार्यक्रम.....५८
५६. Germplasm स्थापना गर्ने, जनकपुरधाम.....५९
५७. दुधमती नदी सरसफाई ग्रिनबेल्ट कार्यक्रम (वृक्षारोपण तथा संरक्षण).....६०
५८. विभिन्न कृषि वन प्रणाली बारे अध्ययन अनुसन्धान तथा प्रतिवेदन तयारी.....६१
५९. वायू प्रदूषन मापन केन्द्र स्थापना तथा सहयोग (संघीय सरकारको समन्वयमा).....६२
६०. होमस्टे सञ्चालन तथा सहयोग कार्यक्रम (स्थापना भएको होमस्टेको स्तरोन्नती समेत).....६३
६१. सिमसार क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्यक्रम.....६४
६२. वातावरण सरसफाई तथा फोहोर व्यवस्थापन सहयोग मेशीनरी औजार समेत (स्थानीय तह र जनकपुर, बिरगञ्ज को समन्वयमा).....६५
६३. फोहोरमैला व्यवस्थापनको सम्भाव्यता अध्ययन अनुसन्धान.....६६
६४. प्रदेश नं. २ अन्तर्गतका पर्यटकीय क्षेत्रहरुको सम्भाव्यता अध्ययन तथा गुरुयोजना (Tourism Master Plan) तयार गर्ने ६६
६५. पर्यटकीय परिपथ पदमार्गको सम्भाव्यता अध्ययन.....६७
६६. SEZ निर्माणका लागि संभाव्यता अध्ययन.....६८

राम नरेश राय

६७. औद्योगिक क्षेत्र निर्माणका लागि DPR.....६९
६८. बारा जिल्लाको निजगढमा निर्माणाधिन दोस्रो अन्तराष्ट्रिय विमानस्थलको व्यवसायिकतालाई ध्यानमा राख्दै कोशी टप्पु, जनकपुर, पर्सा नेशनल पार्क रुटलाई केन्द्रमा पर्ने गरी पुर्व पश्चिम राजमार्ग सँगै फास्ट ट्र्याक जोडिने स्थानको दायाँ बाँया मनोरञ्जनात्मक साँस्कृतिक बगैंचा बारे सम्भाव्यता अध्ययन.....६९
६९. प्रदेशको जनकपुर तथा विरगञ्जमा प्लानेटेरियम (Planetorium) को स्थापना गर्ने गरी संभाव्यता अध्ययन. ७०
७०. संभाव्य औद्योगिक करिडरको पहिचान अध्ययन अनुसन्धान.....७१
७१. वन सम्बन्धी गोष्ठी, छलफल र अन्तरक्रिया.....७२
७२. वन पैदावार अत्याधिक दोहन नियन्त्रण प्रशिक्षण तालीम.....७३
७३. मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, राहत वितरण तथा वन्यजन्तु उद्धार.....७३
७४. वार्षिक पुस्तिका प्रकाशन.....७४
७५. तालीम, अन्तरक्रिया, गोष्ठी.....७४
७६. भवन निर्माण कार्यालय प्रयोजन.....७५
७७. महत्त्वपूर्ण तथा लोपोन्मुख फलफुल प्रजातिको विरुवा खरिद-वृक्षारोपण-वितरण.....७६
७८. प्रदेशस्तरीय वृक्षारोपण नमुना प्लट निर्माण.....७७
७९. फर्निचर तथा फिक्चर्स खरिद.....७८
८०. मेशिनरी तथा औजार खरीद.....७८
८१. सघन कृषि वन कार्यक्रम.....७९
८२. निजी वन, नर्सरी तथा कृषि वन स्थापना सहयोग कार्यक्रम.....७९
८३. वन अतिक्रमण, चोरी निकासी र आगलागि नियन्त्रण ८१
८४. शहरी वन विकास तथा व्यवस्थापन (जिल्ला सदरमुकाम).....८२
८५. प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धि तालीम.....८३
८६. कार्यक्रम समन्वय तथा सहजीकरण र व्यवस्थापन रेखदेख.....८३
८७. निजी वन नर्सरी प्रोत्साहन कार्यक्रम.....८४
८८. जडिबुटी खेति प्रवर्द्धन कार्यक्रम अनुसन्धान समेत.....८५
८९. सामुदायिक वनमा प्रविधिमा आधारित वन व्यवस्थापन ८६
९०. गत/विगत आ.व. मा भएको वृक्षारोपणको गोडमेल, संरक्षण (हेरालु समेत), पुनःरोपण र व्यवस्थापन..८९
९१. प्रदेश हरित अभियान कार्यक्रम अन्तर्गत हुलाकी सडक लगायत जिल्लाको प्रमुख सडक किनार तथा खाली जग्गामा वृक्षारोपण, संरक्षण र रेखदेख ८९
९२. निजी जग्गामा वृक्षारोपण (हरित अभियान).....९०
९३. गत आ.व.मा उत्पादन भएका विरुवाहरुको संरक्षण र व्यावस्थापन.....९१
९४. १-बर्षे विरुवा उत्पादन, संरक्षण र व्यवस्थापन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति).....९२
९५. २-बर्षे विरुवा उत्पादन, संरक्षण र व्यवस्थापन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति).....९४
९६. उच्च प्रविधियुक्त (हाईटेक) नर्सरी स्थापना.....९५

राम नरेश राय

९७. मौजुदा नर्सरीलाई उच्च प्रविधियुक्त बनाउने ९६
९८. वृक्षारोपण (नदी किनार, सडक किनार, वन क्षेत्र, सार्वजनिक जग्गा, आदि).....९७
९९. भू–क्षयको लागि संबेदनशिल तथा नदी किनार क्षेत्रमा कलमी २-बर्षे बाँस खरिद तथा रोपण.....९८
१००. वन अतिक्रमण हटाई वृक्षारोपण तथा व्यवस्थापन.....९९
१०१. चुरे क्षेत्रमा भू-क्षय तथा पुनरुत्पादनको लागि संवेदनशिल हटस्पट को पहिचान गरी जैविक विविधताको संरक्षण र वृक्षारोपण.....१००
१०२. सव-डिभिजन वन कार्यालय स्तरोन्नती.....१०१
१०३. Website निर्माण तथा Up-gradation १०१
१०४. लोपोन्मुख वनस्पति संरक्षण र बंगैचा विकास कार्यक्रम नर्सरी समेत.....१०२
१०५. जडिबुटी विरुवा उत्पादन.....१०३
१०६. सरकारी-सामुदायिक-संरक्षित वनमा (वन संरक्षण क्षेत्र) जैविक विविधता संरक्षण.....१०४
१०७. उद्यमशिलता सम्बन्धी तालीम.....१०४
१०८. उद्यमी सिर्जना तथा सीपमूलक तालीम.....१०५
१०९. Refresher Training (तालीम लिईएका प्रशिक्षार्थीहरुलाई एडभान्स (उच्च/उन्नत तहको) तालीम)१०६
११०. भगत सर्वजित कार्यक्रम (विभिन्न दलित वर्गका लागि).....१०७
१११. सीपमूलक तालीम (स्थानीय तह तथा गै.स.सं.सँग साझेदारीमा) १०८
११२. बजार विस्तार तथा अन्तरक्रिया कार्यक्रम.....१०८
११३. Website निर्माण तथा Up-gradation १०९
११४. उद्योग तथा वाणिज्य प्रशासन (वाणिज्य प्रशासनसँग सम्बन्धित छपाई गर्न)(अन्य) १०९
११५. बजार मूल्य र बजार सूचना सुधार (अन्य).....११०
११६. उद्योग व्यवसाय र आपूर्ति सम्बन्धी अध्ययन (अन्य).....११०
११७. उद्यमी अवलोकन अन्तरजिल्ला अन्तरप्रदेश (अन्य).....१११
११८. नवीन प्रकृतिका लघु घरेलु तथा साना तथा मझौला उद्योगहरु स्थापना तथा विस्तारका लागि संभाव्यता अध्ययन.....१११
११९. जिल्ला स्तरीय उद्यम विकास रणनीतिक योजना निर्माण (अन्य).....११२
१२०. उद्योग सम्बन्धी प्रोफाइल भएको पुस्तक प्रकाशन.....११२
१२१. प्रचार प्रसार सामाग्री उत्पादन र वितरण (पोष्टर, पम्पलेट, होर्डिङ् बोर्ड, भेष्ट, टिशर्ट, स्टिकर, आदि प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण).....११२
१२२. उपभोक्ता हित संरक्षण सम्बन्धी सूचना प्रचार प्रसार (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण).....११३
१२३. उद्यमी बजार प्रवर्द्धन तथा मेला महोत्सव.....११३
१२४. अनुगमन मूल्यांकन खर्च.....११४
१२५. साझा सुविधा केन्द्र.....११४
१२६. प्रशिक्षार्थीहरुलाई प्रविधि हस्तान्तरण (औद्योगिक उत्पादनसँग सम्बन्धित उपकरण तथा मेशिनरी)११५
१२७. स्तरोन्नति कार्यक्रम प्रविधि हस्तान्तरण.....११५
१२८. लघु उद्यमी सम्बन्धी कार्यक्रम सञ्चालन करैयामाई बारा (जनचेतना तालीम) ११५

राम नरेश राय

१२९. REED+ अभिमुखिकरण तालीम.....११६
१३०. सागरनाथ वन विकास परियोजनामा भएका मूख्य-मूख्य प्रजातिहरुको वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान.....११७
१३१. तराईको मूख्य दूई प्रजातिको volume table बनाउने.....११८
१३२. टिकको वनमा thinning trail सम्बन्धी अध्ययन अनुसन्धान.....११९
१३३. साल प्रजातिमा हुने धोद सम्बन्धी अध्ययन अनुसन्धान.....१२०
१३४. प्रस्ताव लेखन सम्बन्धी तालीम (अधिकृतस्तर).....१२०
१३५. जि.पी.एस. ह्याण्डलिङ्ग तालीम १२१
१३६. दश दिने वैज्ञानिक वन व्यवस्थापन तालीम १२२
१३७. कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम.....१२४
१३८. फरेष्टर/वन रक्षक र रेञ्जरका लागि ३० दिने आधारभुत तालीम.....१२४
१३९. १० दिने जि.आई.एस. (GIS) तालीम.....१२५
१४०. वन सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण तालीम.....१२६
१४१. १० दिने कानूनी कार्यविधि तालीम १२७
१४२. आइ. ई. ई. । ई. आइ. ए. १० दिने तालीम.....१२८
१४३. खानेपानी तथा सिंचाई प्रणाली जलाधार संरक्षण कार्यक्रम १२९
१४४. आधुनिक प्रविधियूक्त स्थायी नर्सरी निर्माण १३०
१४५. विरुवा उत्पादन–खरिद संरक्षण वृक्षारोपण तथा वितरण.....१३१
१४६. एकीकृत भू–क्षय नियन्त्रण १३३
१४७. संरक्षण कार्यको व्यवस्थापन तथा रेखदेख.....१३४
अनुसूचीहर.....१३५
योजना सम्झौता फारम.....१३६
कामको परिमाण, आवश्यक सामान र ज्यामीको विवरण तथा खर्च व्यहोर्ने श्रोत वाँडफाँड.....१४१-१४२

राम नरेश राय

प्रस्तावना

नेपालको संविधान, २०७२ बमोजिम देश अहिले संघीय लोकतान्त्रिक गणतन्त्र शासन प्रणालीमा गएकोछ । संघीय, प्रदेश तथा स्थानीय गरी तीन तहको सरकारको गठन भैसकेको अवस्था छ। यसमा प्राकृतिक श्रोत साधनको व्यवस्थापन गर्न प्रदेश सरकारलाई समेत अधिकार दिईएको छ । नेपाल सरकारले अपनाएको गरीब तथा विपन्न वर्गका लागि सामुदायिक वन, उद्योग व्यवसायीका लागि कबुलियती वन, धार्मिक समुदायका लागि धार्मिक वन तथा साझेदारी वन लगायतका समुदायमा आधारित वन व्यवस्थापन पद्धति, संरक्षित क्षेत्र व्यवस्थापन प्रणाली, जलाधार व्यवस्थापन तथा भू परिधिस्तरको व्यवस्थापन कार्यक्रमहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अत्यन्त सफल कार्यक्रमका रुपमा परिचित छन् । त्यस्तै यस प्रदेशमा रहेका विभिन्न खालका उद्योगले रोजगारीका अवसर प्रदान गर्नुका साथै मालसमान उत्पादन गरी आपूर्तिमा टेवा पुऱ्याएको अवस्था रहेको छ र प्रदेशमा रहेका धार्मिक तथा पुरातात्विक महत्त्वका स्थानहरुले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याएको छ।

प्रदेश नं. २ को २७.४९ प्रतिशत भू-भागमा फैलिएको वन क्षेत्र प्रदेशको सबैभन्दा ठूलो प्राकृतिक सम्पदा हो। वन क्षेत्र एकातिर कृषि प्रणालीको आधारस्तम्भ, जलश्रोतमा आधारित उर्जा विकासको आधार तथा स्वच्छ पानीको मुहान, औद्योगिक कच्चा पदार्थको श्रोत, पर्यटकीय गन्तव्य तथा जैविक विविधताको भण्डार हो भने अर्कातिर भौतिक पूर्वाधार विकास निर्माणलाई स्थायित्व प्रदान गर्दै बिपद् न्युनिकरण तथा जलवायु परिवर्तनका नकारात्मक असरबाट जोगाउन समेत यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको सबैमा विदित्तै छ।वनक्षेत्र नजिक बसोबास गर्ने समुदायको दैनिक जीवनयापनका लागि नभै नहुने काठ, दाउरा, घाँस, जडिबुटी तथा अन्य वन पैदावारहरु तथा वातावरणीय सेवाहरु वन क्षेत्रबाट प्राप्त हुँदै आएको छ। यसका साथै वन क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समेत सेवा प्राप्त हुँदै आएको छ।

तसर्थ, प्रदेश सरकारको यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशस्तरमा आफ्नो उद्योग, पर्यटन, वन तथा वातावरण सम्बन्धी सार्वजनिक नीति, बजेट तथा कार्यक्रम मार्फत आफ्नो मन्त्रालयको मुख्य उद्देश्य र कार्यहरुलाई मुर्तरुप दिन यस मन्त्रालय तथा मातहतका निकायहरुका लागि प्रभावकारी रुपमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने उद्देश्यले यस मन्त्रालयबाट **"कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७"** एकीकृत रुपमा तयार तथा स्वीकृत गरी जारी गरीएको छ ।

राम नरेश राय
मन्त्री

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "**कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७**" रहेको छ।

(२) यो कार्यविधि प्रदेश नं. २ भरी लागु हुनेछ ।

(३) यो कार्यविधी मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

(४) यो कार्यविधि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. को कार्यक्रमहरु सञ्चालन गर्नको लागि निर्माण गरी यो "**कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७**" प्रादेशिक कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुको हकमा समेत लागु हुनेछ।

(५) यस कार्यविधि बमोजिमका कार्यहरु सञ्चालन गर्दा नेपाल सरकारबाट स्वीकृत प्रचलित नर्म्स र जिल्ला दररेटलाई आधार मानी तथा प्रचलित आर्थिक प्रशासन तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियम र नेपाल सरकारले जारी गरेको ३२ बुँदे निर्देशन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जारी गरेको ६१ बुँदे निर्देशन बमोजिम गर्नुपर्नेछ ।

शब्दाबली परिचय:

कार्यविधिः कार्यविधि भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जनकपुरधाम प्रदेश नं. २ बाट स्वीकृत कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०७७ सम्झनु पर्छ ।

मन्त्रालयः मन्त्रालय भन्नाले प्रदेश नं. २ अन्तर्गतको प्रदेश सरकार मातहतमा रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ ।

सम्बन्धित निकायः सम्बन्धित निकाय भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकाय सम्झनु पर्दछ ।

महाशाखाः महाशाखा भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका महाशाखा सम्झनु पर्दछ।

कार्यालयः कार्यालय भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका र हुने कार्यालयहरुलाई समेत सम्झनु पर्दछ ।

राम नरेश राय
मन्त्री

उद्योगः उद्योग भन्नाले प्रचलित कानून बमोजिम दर्ता भै सञ्चालन भएका उद्योगलाई सम्झनु पर्दछ ।

निर्णयानुसारः निर्णयानुसार भन्नाले कार्यक्रम प्रयोजनको लागि कुनै कानूनी आधार नरहेको अवस्थामा मन्त्रालय वा मुख्यमन्त्री कार्यालय तथा मन्त्रीपरिषद्को निर्णयलाई सम्झनु पर्दछ ।

जि.स.स. : जि.स.स. भन्नाले जिल्लास्थित जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

म.न.पा. : म.न.पा भन्नाले जिल्लास्थित महानगरपालिका सम्झनु पर्छ ।

उ.म.न.पा. :उ.म.न.पा भन्नाले जिल्लास्थित उपमहानगरपालिका सम्झनु पर्छ ।

न.पा. : न.पा भन्नाले जिल्लास्थित नगरपालिका सम्झनु पर्छ ।

गा.पा.: गा.पा भन्नाले जिल्लास्थित गॉउपालिका सम्झनु पर्छ ।

उ.स.: उ.स. भन्नाले उपभोक्ता समिति सम्झनु पर्छ ।

स्थानीय तहः स्थानीय तह भन्नाले नेपालको संविधानको धारा ३०६(ढ) अनुसार को स्थानीय तह सम्झनु पर्नेछ।

सामुदायिक वन : सामुदायिक वन भन्नाले प्रचलित वन ऐन र वन नियमावली बमोजिम छुटयाईएको र समुदायद्वारा व्यवस्थित राष्ट्रिय वन क्षेत्रलाई सम्झनु पर्छ ।

धार्मिक वनः धार्मिक वन भन्नाले प्रचलित वन ऐन र वन नियमावली बमोजिम कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वन क्षेत्रलाई सम्झनु पर्छ ।

कबुलियती वन : कबुलियती वन भन्नाले प्रचलित वन ऐन र वन नियमावली बमोजिम कुनै संस्था, वन पैदावारमा आधारित उद्योग वा समुदायलाई कबुलियती वनको रुपमा प्रदान गरीएको राष्ट्रिय वन क्षेत्रलाई सम्झनु पर्छ ।

वन समूहः वन समूह भन्नाले सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन क्षेत्रलाई सम्झनु पर्छ ।

राम नरेश राय
मन्त्री

हाइटेक नर्सरीः हाइटेक नर्सरी भन्नाले अत्याधुनिक प्रविधि तथा सुविधा सहित बाह्रै महिना विरुवा उत्पादन गरी उपलब्ध गराउन सकिने प्रदेशस्तरमा स्थापित स्थायी नमुना नर्सरी भन्ने सम्झनुपर्छ ।

परिच्छेद–२

कार्यविधि

१. कार्यक्रम प्राथमिकिकरण र योजना तर्जुमा सम्बन्धी कार्यविधि :

- कार्य गर्नुपर्ने स्थानको अति आवश्यक, मध्यम र ठिकै, आदि मापदण्डको आधारमा आवश्यकता र औचित्यको आधारमा प्राथमिकिकरण गर्ने ।
- प्रदेश सरकारले सम्मानित प्रदेश सभामा पेश गरेको नीति तथा कार्यक्रमलाई समेत प्रमुखताको साथमा प्राथिमिकिकरण गर्ने।
- संलग्न संस्थाहरुको सहभागितामा कार्यशाला गोष्ठी आयोजना गरी सो गोष्ठीबाट योजनाको प्राथमिकिकरण गरी कार्यक्रम सञ्चालन गर्ने ।
- कार्यक्रम सञ्चालन गर्न तय भएको अघिल्लो प्राथमिकता क्रममा परेको क्षेत्रमा स्थानीय उपभोक्ताहरु समेतको संलग्नतामा **RRA/PRA** पद्धतिबाट उक्त क्षेत्रको सामाजिक, आर्थिक र प्राकृतिक श्रोतहरुको स्थिती पत्ता लगाई कार्य सम्बन्धी आवश्यकताहरु पहिचान गर्ने ।
- यस क्रममा विभिन्न भू–स्वरुप नक्शा, भू उपयोग नक्शा तथा प्राथमिक **(Primary)** तथा द्वितीय **(Secondary)** तथ्याङ्कहरुको उपयोग गरी स्थानीय आवश्यकताहरु समेत एकीकृत गरी व्यवस्थापन योजना बनाउने ।
- व्यवस्थापन योजना कार्यान्वयन गर्न अवधि तोकी विभिन्न आयेजनाहरुमा विभक्त गर्ने र आयोजनाहरुको प्राथमिकता तोकी आवधिक योजना/वार्षिक योजना तर्जुमा गर्ने ।
- आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रमा दिर्धकालीन सकारात्मक प्रभाव पर्ने खालका कार्यक्रमहरु छनोट गर्ने।

२. कार्यक्रमको छनोट/माग संकलन सम्बन्धी कार्यविधि

- प्राथमिकता प्राप्त क्षेत्रको योजना सम्बन्धमा स्थानीय पालिका/उपभोक्ता र सर्वसाधारणहरुलाई जानकारी दिई योजनामा समेटिएका आयोजनाहरु र कार्यक्रम भित्रबाट वार्षिक रुपमा कार्यक्रम सञ्चालनको निम्ति माग/निवेदन आव्हान गर्ने।
- स्थानीय जनसमुदाय/जनप्रतिनिधिबाट माग भएका कार्यक्रमहरु पनि संकलन गर्ने।

राम नरेश राय

- उपरोक्त बमोजिमको माग भै आएका र व्यवस्थापन कार्यविधिनाले समेटेका प्राथमिकता प्राप्त कार्यक्रमहरु वार्षिक स्वीकृत कार्यक्रम र बजेटसँग तालमेल हुनेगरी उपयुक्त स्थानमा कार्यक्रम सञ्चालन गर्ने गरी प्राप्त निवेदनको आधारमा समेत कार्यक्रम सञ्चालन प्रक्रिया अघि बढाउने।

२.१ उपभोक्ता समूहले योजना मांग गर्दा वा सम्झौता गर्दा पेश गर्नुपर्ने कागजातहरुः-

- उपभोक्ताहरुको आम भेलाको निर्णयको प्रतिलिपी
- जनप्रतिनिधिको रोहवरमा आम भेलाको निर्णयबाट गठित उपभोक्ता समितिको निवेदन
- स्थानीय तह वा निर्वाचित जनप्रतिनिधिको उपभोक्ता समितिको विवरण सहितको सिफारिश पत्र
- योजनाको प्राविधिक प्रतिवेदन
- उपभोक्ता समितिका पदाधिकारीहरुको पहिचान खुल्ने परिचय पत्रको प्रतिलिपि

२.२ उपभोक्ता समिति सम्बन्धी व्यवस्था

२.२.१ उपभोक्ता समितिबाट कार्य गराउँदा देहाय बमोजिम गराउनु पर्नेछः

(क) सेवाग्राही/लाभग्राही उपभोक्ता समितिबाट काम गराउँदा लागत अनुमानको ओभरहेड कन्टिन्जेन्सी तथा जनसहभागिताको अंश अभिवृद्धि कर समेत समावेश गर्नुपर्ने ।

(ख) सेवाग्राही/लाभग्राही उपभोक्ता समितिबाट काम गराउँदा सम्बन्धित सार्वजनिक निकायले सम्बन्धित काम वा सेवाको प्रकृति, काम गर्नु पर्ने परिमाण, काम गर्दा लाग्ने रकम, सम्बन्धित समिति वा लाभग्राहीले व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई प्रचलित कानुनले तोकेको समय सीमा उल्लेख गरी सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव वा निवेदन माँग गर्नुपर्ने ।

(ग) खण्ड (ख) बमोजिमको प्रस्ताव उपर सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायसँग छलफल, वार्ता वा काम गर्नुपर्ने ठाँउको स्थलगत अवलोकन गराई सम्झौता गर्ने सम्मको काम सम्पन्न गरी काम प्रति जिम्मेवार गराउनुका साथै उपभोक्ता समितिले काम गर्ने शर्त, पेश्की, उपभोक्ता समितिको योगदान, काम सम्पन्न गर्नुपर्ने समय, भुक्तानीका शर्त, तरिका र अन्य आवश्यक कुराहरु खुलाई सम्झौता गर्नुपर्ने ।

(घ) प्रत्येक किस्तामा गरेको खर्चको सुचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने कुरा सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

राम नरेश राय
मन्त्री

(ङ) उपभोक्ता समिति/लाभग्राही समुदायबाट काम गराउँदा निर्माण सम्बन्धी लागत अनुमानमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेसिन प्रयोग गर्न नसकिने व्यहोरा सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

२.२.२ उपदफा (१) विपरित काम गरेको पाईएमा सम्झौता रद्ध गर्न सकिने व्यहोरा सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

२.२.३ उपभोक्ता समिति वा लाभग्राहीले पाउने रकम भुक्तानी गर्दा सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायको नाममा खोलिएको बैंक खातामा **IPS** प्रविधिद्वारा नै जम्मा हुने गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

२.२.४ पेश्की दिँदा बढीमा दश प्रतिशत रकम सम्म दिन सकिने र कार्य सम्पन्नताको आधारमा रनिङ्ग बीलहरु पेश हुन आएमा वा समयमा कार्य सम्पन्न हुन्छ भने विश्वास लागेमा रनिङ्ग बील अनुसार सम्पन्न कामको भुक्तानी दिन सकिनेछ। हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बील भर्पाई, खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ ।

२.२.५ उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा अनिवार्य टाँस गरी सार्वजनिक गर्नुपर्नेछ।

२.२.६ उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा त्यस्तो सम्झौता रद्द गरी भविष्यमा त्यस्तो कुनै काम उपभोक्ता समिति वा लाभग्राहीलाई नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिश गरिनेछ ।

३. कार्यक्रमको योजना तर्जुमा सम्बन्धी कार्यविधि

- स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टिकरण हेरेर कर्मचारीहरुमा जिम्मेवारी तोक्ने र कार्यविभाजन गर्ने काम वार्षिक कार्यक्रम प्राप्त भएको १५ दिनभित्र गर्ने।
- सेवाग्राहीबाट प्राप्त निवेदनको आधारमा सो क्षेत्र निरीक्षण गरी लक्षित समूह, पालिकामा मिटिङ्ग, छलफल र आवश्यकतानुसार अन्तरक्रिया जस्ता परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने र वास्तविक समस्या के हो ? पहिचान गर्ने।
- उपरोक्त बमोजिम समस्या पहिचान भएपछि स्वीकृत वार्षिक कार्यक्रमसँग तालमेल हुने गरी प्राथमिकता प्राप्त क्षेत्रभित्र र बाहिरको कार्यक्रम पहिचान गर्ने। यसमा सम्बन्धित कार्यक्रमबाट लाभ प्राप्त गर्ने उपभोक्ता घरधुरी समेत निक्र्यौल गर्ने।

राम नरेश राय

- निक्रयौल भएको कार्यक्रमको प्राविधिक र उपभोक्ताहरुको सामाजिक, आर्थिक संभाव्यता अध्ययन गर्ने सम्भावित कार्यक्रमको अन्तिम छनोट तथा उपभोक्ता घरधुरीहरुको अन्तिम नामावाली निश्चित गर्ने । योजनाको सम्भावित सूची मन्त्रालयबाट स्वीकृत गराउने।
- संभाव्य कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन, डी.पी.आर. तथा ल.ई. तयार गर्ने काम कार्य विभाजन भएको २ (दुई) महिनाभित्र सम्पन्न गर्ने।
- चालु आ.व. भित्र सम्पन्न गर्नुपर्ने सम्पूर्ण कार्यको ल.ई. सम्पन्न गरी प्रथम चौमासिक अवधिको अन्त्य भित्रमा अन्तिम स्वीकृती प्रदान गर्ने।
- ल.ई. तयार गर्दा नेपाल सरकार अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रचलित ऐन, नियम र तत्कालिन वन तथा भू–संरक्षण मन्त्रालयको स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा गर्ने।
- सम्बन्धित शाखामा प्राप्त भएको प्रस्ताव सहितको ल.ई. ७ दिन भित्र का.प्र. समक्ष सिफारिशका साथ पेश गर्ने ।
- कार्यालय प्रमुखले प्राप्त भएको क्रियाकलाप सञ्चालन को प्रस्ताव र ल.ई. अध्ययन गरी ३ दिन भित्र स्वीकृत प्रदान गर्ने ।
- ल.ई. मा देहायका कुराहरु पनि समावेश गर्ने ।

✓ कार्यक्रमको शीर्षक

✓ कार्यक्रम स्थल

✓ कार्यक्रमको डिजाइन, नक्शा, भौतिक एकाई, परिमाण, प्रति एकाई लागत, कूल लागत अनुमान र जनसहभागिताको अंश

✓ लाभ प्राप्त गर्ने घरधुरीको संख्या

✓ स्रोत साझेदारीको व्यवस्था

- कार्यक्रम सञ्चालन को निम्ति तयार गरिने प्रस्ताव (टिप्पणी) मा देहायका कुराहरु स्पष्ट खुलाउने:

✓ कार्यक्रमको नाम

✓ कार्यक्रमको उद्देश्य

✓ लक्षित समूह सम्बन्धी विवरण

✓ अपेक्षित लाभ र प्रभाव

राम नरेश राय

४. कार्यक्रम कार्यान्वयन चरणको कार्यविधि

- उपरोक्त बमोजिमको प्राप्त विवरणको आधारमा प्रत्येक क्रियाकलापको निम्ति प्रत्यक्ष लाभान्वित हुने उपभोक्ता घरधुरी/समूह संख्या निर्धारण गरी एक कार्यमूलक उपभोक्ता समिति (७–११ जना) को रुपमा गठन गर्ने ।
- सामान्यत: उपभोक्ता समितिको कार्यविधि देहाय अनुसार हुनेछः–

✓ उपभोक्ता समिति कार्यकारी समिति हुनेछ ।

✓ उपभोक्ता समितिले कार्यक्रम सम्झौता गर्ने, सञ्चालन गर्ने, समन्वय गर्ने, कार्य सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी बहन गर्नेछ ।

✓ सम्पन्न कार्यको सञ्चालन निरन्तरता दिने, आवश्यकतानुसार सेवा शुल्क उठाउने तथा मर्मत संभार गर्ने र लाभ वितरणमा एकरुपता ल्याउने कार्य गर्नेछ ।

✓ आवश्यकतानुसार तोकिएका अन्य कार्यहरु समेत गर्नेछ ।

- अन्तिम स्वीकृत प्राप्त संरक्षण कार्यक्रमहरुको प्रत्येक आइटमवाइज कार्यको कति काम उपभोक्ता समूहले गर्ने र कति काममा कार्यालयले के सहयोग उपलव्ध गराउने (निर्माण सामाग्री वा नगद) तय गरी खर्चको स्रोत बाँडफाँड गर्ने र निर्दिष्ठ फाराम बमोजिम हुनेगरी कार्यालय र उपभोक्ता समूहबीच कार्यक्रम कार्यान्वायनको लागि सम्झौता गर्ने । यस्तो संझौताका प्रतिहरु उपभोक्ता समितिलाई समेत उपलव्ध गराउने।
- खर्चको श्रोत वाँडफाँड गर्दा उपभोक्ता समूह/समितिले न्युनतम १०% खर्च व्यहोर्नु पर्नेछ ।
- सम्झौता अनुसारको कार्य कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको सरसल्लाहमा उपभोक्ता जनश्रम र दक्ष तथा अर्धदक्ष ज्यामी लगाई स्वीकृत डिजाइन र ल.ई. अनुसार हुनेगरी सञ्चालन गर्ने ।
- सम्झौता अनुसार कार्यालयले उपलव्ध गराउनुपर्ने नगद किस्तावन्दीको रुपमा उपलव्ध गराउने।यस्तो नगद तथा निर्माण सामाग्री कार्यक्रम सञ्चालन को दौरानमा उपयुक्त समय (कार्य सञ्चालन भैरहेको बखत वा अन्त्यमा) उपलव्ध गराउने ।
- वार्षिक लक्ष्य अनुसार दोश्रो चौमासिक अवधि को शुरु मै कार्यक्रम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न शुरु गर्ने ।
- कार्यक्रम सम्पन्न भएपश्चात उपभोक्ता समितिले अनिवार्य रुपमा सार्वजनिक सुनुवाईको आयोजना गरी भौतिक प्रगति तथा खर्चको सार्वजनिक लेखा परीक्षण गराउनु पर्नेछ ।

राम नरेश राय

- निर्धारित समयमा कार्य सम्पन्न भएपश्चात उपभोक्ता समूहबाट कार्य सम्पन्न भएको जानकारी र निवेदन प्राप्त भएपछि सम्बन्धित प्राविधिकले कार्यक्रमको नाप जाँच र मूल्यांकन गरी भुक्तानी दिन प्रतिवेदन पेश गर्ने ।
- उपभोक्ता समूहबाट भुक्तानीको लागि अनुरोध पत्र प्राप्त भएकोमा देहायका बिल, प्रतिवेदन संलग्न गराई सिफारिशको निम्ति कार्यान्वायन शाखामा पेश गर्ने ।
  - नाप जाँच प्रविष्ट गरिएको नापी किताब।
  - कार्य सम्पन्न प्रतिवेदन।
  - उपभोक्ता समूहबाट प्रप्त किस्ता भुक्तानी बील तथा अन्य बील भरपाईहरु।
  - उपभोक्ता समितिबाट योजना सम्पन्न हुँदासम्म भएको खर्च समर्थनको निर्णयको प्रतिलिपि वा सिफारिश।
  - सार्वजनिक लेखा परीक्षणको प्रतिवेदन।
- सम्बन्धित शाखा समक्ष भुक्तानी वा किस्ता भुक्तानीको निम्ति पेश भएको कागजात उपर कारवाही एक हप्ताभित्र सम्पन्न गरी सिफारिश साथ लेखाशाखामा पेश गर्ने ।
- लेखाशाखाबाट कार्यक्रमको सम्बन्धमा प्रभावकारीता, मितव्ययिता, पारदर्शिता, इत्यादिलाई नेपाल सरकारको ऐन, नियम, विनियमको परिधि भित्र रहेर भिडाई अन्तिम भुक्तानीको निम्ति कार्यलय प्रमुख समक्ष एक हप्ता भित्र पेश गरी भुक्तानी गर्ने।

नोटः

- स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका योजनाहरु सञ्चालन गर्दा निर्माण कार्य सम्वद्ध प्राविधिक जनशक्ति उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतका निकायहरुबाट समयमै उपलब्ध हुन नसक्ने अवस्था आएमा निर्माण कार्य सम्वद्ध प्राविधिक जनशक्ति व्यवस्थापनको लागि कन्सलटेन्सी सेवा (कानूनी मान्यता प्राप्त जनशक्ति वा फर्म) वा ज्यालादारीमा आधिकारीक प्राविधिक मार्फत प्रचलित कानुन बमोजिम कार्य गराउन सकिनेछ र सो को व्यवस्थापन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट गरिनेछ।
- माथि जुनसुकै कुरा लेखिएको भएतापनि घरेलु तथा औद्योगिक विकास सम्बन्धी कार्यक्रममा यस कार्यविधिमा कार्यक्रम अनुसार लेखिएको विधि र प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछ ।

डि.पि आर. आवश्यक पर्ने योजनाको हकमा भने प्रचलित कानुनु बमोजिम हुनेछ ।

- पर्यटनसँग सम्बन्धित निर्माण कार्य सञ्चालन प्रयोजनार्थ कार्यालयले ईन्जिनियरिङ्ग सेवाका निर्माण कार्य सम्बद्ध जनशक्ति मार्फत कार्य सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

राम नरेश राय
मन्त्री

- प्राविधिक रुपले जटिल कामहरु सिमित प्राविधिक ज्ञान र प्रयोगशालाको अभाव, प्राविधिकरुपले अनभिज्ञ तथा प्रयोगशालाको पहुँच भन्दा टाँढा रहेको उपभोक्ता समितिहरु मार्फत गराउँदा निर्माण भएको संरचनाको तोकिएको गुणस्तरमा निर्माण नहुने, उपभोक्ता समितिले निर्माण व्यवसाय संलग्न गरी निर्माण गर्नु पर्ने तथा मर्मत सम्भारको जिम्मेवारी वहन गर्न नसक्ने अवस्था देखिएमा उक्त कार्यहरु उपभोक्ता समितिबाट गराइनेछैन।

४.१ कार्यक्रम कार्यान्वयन गर्ने निकायः

- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
- प्रदेश वन निर्देशनालय
- उद्योग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
- डिभिजन वन कार्यालय र मातहतका कार्यालयहरु
- भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु
- जिल्ला घरेलु तथा साना उद्योग कार्यालयहरु
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
- सम्भावित अन्य सार्वजनिक निकायहरु

४.२ कार्यक्रम सञ्चालन प्रक्रिया

स्वीकृत वार्षिक कार्यक्रम निम्न प्रक्रिया अवलम्वन गरी सञ्चालन गरिनेछः

- कार्यान्वयन निकायबाटै नियमानुसार अमानतमा
- उपभोक्ता समूह/समितिबाट
- तोकिएको कार्यक्रम भए सोही अनुसार नभएमा प्रदेश ऐन, नियमावली र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार
- अन्य सरकारी वा गैर सरकारी संस्थाबाट

५. कार्यक्रमको अनुगमन तथा मूल्यांकन चरणको कार्यविधि

- कार्यक्रमको सम्झौता, नगद, निर्माण सामाग्री र श्रम परिचालन, इत्यादिको व्यवस्थित अभिलेखिकरण गर्ने । यस्ता विवरणहरु सम्बन्धित सबैमा पारदर्शी हुने व्यवस्था मिलाउने।
- सम्पन्न कार्यको आवधिक प्रगति प्रतिवेदन तयार पारी सम्बन्धित निकायमा समयमै पठाउने।

- एक आ.व. भित्र सञ्चालन भै सम्पन्न कार्यक्रमका सम्बन्धमा कार्यालयको टिम संयुक्त रुपमा बसी आगामी आ.व. को मार्गशर्दनको लागि अनुभवको आदान प्रदान तथा कार्यक्रम मूल्याङ्कन गर्ने ।
- रु. ५ लाख भन्दा बढी लागतका निर्माण सम्बन्धी कार्यक्रमहरुको विवरण खुल्ने गरी सम्बन्धित निर्माण स्थलमा होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ । यसको खर्च सम्बन्धित कार्यक्रमबाट गर्न सकिनेछ ।
- कार्यक्रम कार्यान्वयनको प्रगति मासिक रुपमा सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

६. कार्यक्रमको व्यवस्थित सञ्चालन । मर्मत संभार र लाभांश वितरण चरण

- सम्पन्न कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन, मर्मत संभार र लाभ लिनको लागि उपभोक्ता समूहले कार्ययोजना निर्माण गरी कार्यान्वायनमा ल्याउने र सोही रुपमा सञ्चालन गर्ने।
- उपभोक्ता समूहबाट माग भै आएमा यस कार्यको लागि आवश्यक सहजीकरण र प्राविधिक सहयोग कार्यालयले उपलव्ध गराउने।

७. कार्यक्रममा निरन्तरताको लागि सहयोग चरण

- नियमित रुपमा उ.स. ले बैठक सञ्चालन गरी योजनाको सम्बन्धमा छलफल तथा आवश्यक निर्णय र सो को कार्यान्वयन गर्ने।
- आवश्यक प्राविधिक सहयोग कार्यालयले उपलव्ध गराउने।
- जिल्लास्थित अन्य सरकारी संघ संस्था । कार्यालय, गै.स.स., अ.गै.स.स. सँग सेवा लिनको लागि समन्वय स्थापना गर्ने।
- तालीम, गोष्ठी, भ्रमण र अन्य आयमूलक र सीपमूलक गतिविधि पुरक गतिविधिको रुपमा सञ्चालन गर्ने।

राम नरेश राय

उपभोक्ता समूह परिचालन गरी सम्पन्न गरिने कार्यक्रमको कार्यक्रम सञ्चालन चक्र/चार्ट (Flow Chart)

उपजलाधार प्राथमिकिकरण । योजना तर्जुमा → कार्यक्रमको माग सङ्कलन

कार्यक्रमको योजना तर्जुमा चरण

- लक्षित समूह । पालिका
- परिचयात्मक गतिविधि (बैठक/छलफल/अन्तरकृया /गोष्ठी
- समस्या पहिचान
- उपभोक्ता। कार्यक्रम–पहिचान
- कार्यक्रम –प्राविधिक तथा समाजिक/आर्थिक संभाव्यता अध्ययन
- विस्तृत सर्वेक्षण–डिजाइन /ल.ई.
- कार्ययोजना तयारी
- कार्यक्रमको अन्तिम स्वीकृति

कार्यक्रम कार्यान्वयन चरण

- उपभोक्ता समूह । समिति गठन
- उपभोक्ता समूह/समिति मिटिङ्ग, छलफल /अन्तरकृया/गोष्ठी
- समूह परिचालन / शशक्तिकरण/प्रचार प्रसार
- कार्यक्रम सम्झौता
- उपभोक्ता जनश्रम जुटाउने
  स्वीकृत डिजाइन र ल.ई. अनुसार कार्य सञ्चालन
- निर्माण व्यवस्थापन (पैसा । निर्माण सामाग्री । जनशक्ति
- कार्य मूल्याङ्कन तथा भूक्तानी

समूह परिचालन/ शशक्तिकरण

कार्यक्रम अनुगमन तथा मूल्यांकन चरण

- प्राविधिक अनुगमन /छलफल/सल्लाह
- सम्झौता/आम्दानी, खर्च /श्रम परिचालनको व्यवस्थित अभिलेखिकरण
- प्रतिवेदन
- मूल्याङ्कन

कार्यक्रमको व्यवस्थित सञ्चालन । मर्मत संभार र लाभांस वितरण चरण

- सञ्चालन । मर्मत संभार र लाभांस वितरण कार्य योजना निर्माण।
- कार्ययोजना कार्यान्वयन

कार्यक्रम निरन्तरताको लागि सहयोग चरण

- नियमित उपभोक्ता बैठक
- प्राविधिक सहयोग
- अन्य सेवाग्राहीसँग समन्वय स्थापना (स.।गै.स.स.। अ.गै.स.स.सँग) गरी सेवा लिने ।
- आवश्यकतानुसार पुरक गतिविधि सञ्चालन ।(तालीम/गोष्ठी/बचत, ऋृण /सीप विकास/ महिला, दलित, जनजाती केन्द्रित विशेष

परिच्छेद-३

वार्षिक कार्यक्रम

१. प्रदेश प्रमुख स्वरोजगार कार्यक्रम

उद्देश्य

आ.व. २०७७/२०७८ को सङ्घीय सरकारको नीति तथा कार्यक्रममा प्रकाशित मिति २०७७ जेष्ठ २ गते प्रस्तुत भए अनुसार रोजगारी सम्बन्धी नीतिलाई प्रथमिकतामा राखेको देखिन्छ । सोही नीति बमोजिम प्रदेशस्तरमा दलित तथा विपन्न नागरीकलाई रोजगार प्रदान गर्न प्रदेश प्रमुख रोजगार कार्यक्रम सँचालन हुने भएको छ ।यो कार्यक्रम यस प्रदेशको आठै जिल्लामा लागु हुनेछ ।कोभिड-१९ बाट भएको सामाजिक तथा आर्थिक प्रभावलाई समेत न्युन हुनेगरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न उद्यमशीलता तथा सीप विकासको बढावा दिन, स्वरोजगारलाई बढावा दिन स्थानीय स्रोत साधन, बजार र लक्षित वर्गको चाहनामा आधारित लघु उद्यम विकास मोडल अनुसारको सेवा प्रदान गरी रोजगारी सिर्जना गर्न यो कार्यक्रम प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा ल्याएको हो। त्यस्तै, कलकारखानाहरुमा रोजगार प्रवर्द्धन गर्न सि टि ई भि टि को पाठयक्रम अनुसार न्युनतम लेभेल १ को बजारको माँगमा आधारित सीप विकास तालीम प्रदान गरी प्राईभेट सेक्टरसँग समन्वय तथा सहकार्य गरी वा विज्ञ प्रशिक्षक मार्फत कार्यालयले आफै गरिब तथा विपन्नलाई रोजगारीको अवसर वृद्धि गर्न, त्यस्तै स्थानीय उत्पादन तथा उत्पादकत्व बढाई प्रविधिमा पहुँचलाई समेत जोड दिनको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

कार्यक्रम सञ्चालन प्रक्रिया तथा जनशक्ति व्यवस्थापन

यो कार्यक्रम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्राविधिक नेतृत्वमा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरुले निम्नानुसार सञ्चालन गर्न सक्नेछन् ।

(क) रोजगारी सम्बन्धी कार्यक्रमको अवधारणा र सञ्चालन प्रक्रियाको नमूना सम्बन्धित कार्यालयबाट निर्देशनालय मार्फत मन्त्रालयमा पेश भएपछि सो उपर छलफल गरी निर्देशन दिईनेछ।

(ख) प्रदेश प्रमुख रोजगार कार्यक्रमको लागि कार्यक्रम संयोजक एक जना र दूई जना उद्यम विकास सहजकर्ता राखी परिचालन गरिनेछ ।

(ग) जिल्ला तथा प्रदेशस्तरीय दुई तहमा अनुगमन तथा मुल्यांकन गरिनेछ। सो कार्यक्रममा प्रदेश प्रमुख कार्यालय र मूख्यमन्त्री कार्यालयको समेत सहभागिताको व्यवस्था मिलाईनेछ।

(घ) कार्यक्रम संयोजक कम्तिमा स्नातक तह र सि टि ई भि टि बाट उद्यमविकाश सहजकर्ता सम्बन्धी लेभेल २ वा ३ उत्तिर्ण गरेको र उद्यमविकाश सहजकर्ताको लागि कम्तिमा +२ र उद्यमविकाश सहजकर्ता सम्बन्धी लेभेल २ वा ३ गरेको हुनुपर्छ।

अपेक्षित उपलब्धि

कोभिड-१९ बाट सामाजिक तथा आर्थिक अवस्थामा सृजना भएको प्रभावले गर्दा बेरोजगारी बढेको अवस्थामा प्रदेश प्रमुख रोजगार कार्यक्रमले स्वरोजगार तथा रोजगारका अवसरहरु सृजना गरी दलित तथा आर्थिक रुपले विपन्न यस प्रदेशका महिला तथा युवाहरुलाई रोजगार प्रदान गर्नुका साथै स्थानीय उत्पादनलाई यस प्रदेशको आठै जिल्लामा प्रोत्साहन गर्ने र साथै स्थानीय आर्थिक अवस्थालाई उकास्न टेवा पुऱ्याउनेछ ।

२. Hospitality Management तालीम (पर्यटन व्यवसायमा आवद्ध व्यक्ति वा संस्थाहरुका लागि)

परिचय

आतिथ्य प्रबन्धन आतिथ्य उद्योगको अध्ययन हो ।आतिथ्य प्रबन्धकहरूले रेष्टुरेन्ट वा होटेलको दैनिक कामकाजहरू सञ्चालन गर्दछन्, निरीक्षण गर्ने कर्मचारीहरू सहित सुविधाहरूको प्रभावकारी उपलब्धता भएको छ कि छैन भन्ने सुनिश्चित गर्दै, ग्राहकहरूको सन्तुष्टि सुनिश्चित गर्नका लागि कदमहरू चाल्दछन्, र प्रशासनिक र वित्तीय रेकर्डको रेखदेखको निरीक्षण गर्दछन् ।

उद्देश्य

होटल, रेस्टुरेन्ट, मनोरञ्जन पार्क, गन्तव्य बजारीकरणका सँगठनहरु, कन्भेन्शन सेन्टर, कन्ट्री क्लब लगायतका पर्यटनसँग सम्बन्धित व्यवसायिक क्षेत्रलाई महत्त्व दिने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रदेश भित्र पर्यटन व्यवसायसँग सम्बन्धित आतिथ्य प्रबन्धन कार्य अन्तर्गत होटल तथा लजिंग, खाना र पेय पदार्थ सम्बन्धी व्यवसायहरू (जस्तै- खाना, रेस्टुरेन्ट, क्याफे, बार र क्वाटर, आदि), मनोरञ्जन सुविधाहरू (जस्तै- थिम पार्कहरू, कल्चरल क्लवहरु, दोहरी साँझ, नाइटक्लबहरू, आदि), ट्राभल्स एण्ड टुर्स, यातायात संचालक, स्वास्थ्य तथा खेलकुद जस्ता सेवा उपलब्ध गराउने उद्योगमा कार्यरत जनशक्तिहरुलाई निश्चित विषय वस्तुमा तालीम सञ्चालन गरिनेछ।

जनशक्ति व्यवस्थापन

मन्त्रालयले सेवा प्रदायक व्यक्ति वा संघ संस्थाको सहयोगमा नियमानुसार तालीम सञ्चालन गर्नेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

पर्यटन व्यवसायमा साकारात्मक सुधार आउनेछ।

३. प्रगति समिक्षा गोष्ठी

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम आ.व. २०७६/०७७ को वार्षिक प्रगति समिक्षा गोष्ठी र आ.व. २०७७/०७८ मा यस मन्त्रालय र मातहतका कार्यालयहरुबाट भएका प्रगतिको समिक्षा गर्ने उद्देश्यले कार्यालयहरुसँगको समन्वयमा आवश्यकतानुसार अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गरिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

४. बौद्धिक सम्पति अधिकार सम्बन्धी सचेतना र प्रवर्द्धन कार्यक्रम

परिचय

यस कार्यक्रम अन्तर्गत आ.व. २०७७।०७८ मा प्रदेश नं. २ मा सञ्चालित उद्योग व्यवसाय, प्रदेश नं. २ जिल्ला उद्योग बाणिज्य संघ, नगरपालिका, गाउँपालिका, उद्योग बाणिज्य संघका पधाधिकारी, स्कूल कलेजका विद्यार्थी तथा उद्योगीलाई नेपालको वर्तमान बौद्धिक सम्पति अधिकार **(Intellectual Property Right) - Patent Right, Copy Right, Trademarks right, Design** जस्ता विषयमा तालीम सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

कार्यक्रम सञ्चालन प्रक्रिया

मन्त्रालयले आवश्यकतानुसारका कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत अनुमान स्वीकृत गरी आवश्यक रकम खर्च गर्न सक्नेछन् ।

कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- समारोह अन्तर्गत गरिएका क्रियाकलापहरु
- क्रियाकलाप सञ्चालन गरीएको स्थान

- फोटो, होर्डिङ्ग बोर्ड, ब्यानर
- तस्विर
- माईन्यूट

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा आवश्यकता अनुसार विज्ञको सहयोग लिन सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

विधार्थीले बौद्धिक सम्पति तथा उद्योगी व्यवसायीले आफ्नो लोगो चिन्ह स्लोगनको प्रयोगको बारेमा जानकारी पाउनेछन् ।

५. प्रादेशिक आविष्कार कोष स्थापना (संस्था समितिलाई अनुदान)

कार्यक्रम सञ्चालन प्रक्रिया

- प्रादेशिक आविष्कार कोष स्थापना गर्न मापदण्ड तयार गरी विज्ञान तथा प्रविधि प्रतिष्ठानसँग समन्वय र सहकार्य गरिने।
- आवश्यकता अनुसार कार्यदल गठन गर्न सकिने ।
- कार्यदलले सिफारिश गरे बमोजिम अनुसन्धानकर्ताहरुलाई अनुसन्धानको लागि प्रादेशिक आविष्कार कोषबाट रकम उपलब्ध गराईने ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेछ

- ✓ कार्यक्रमको उपलव्धी
- ✓ कोषको सम्पुर्ण तथ्याङ्क

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२ जनकपुरधाम।

सहयोगी निकायः विज्ञान तथा प्रविधि प्रतिष्ठान।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रादेशिक आविष्कार कोष स्थापना भै विज्ञान प्रविधि क्षेत्रमा अध्ययन अनुसन्धानमा थप टेवा पुग्नेछ।

६. वन वातावरण तथा विज्ञान प्रविधि सम्बन्धी अध्ययन अनुसन्धानका लागि अनुदान सहयोग

उद्देश्य

वन, वातावरण, तथा विज्ञान प्रविधि सम्बन्धी सोध कार्यको विकास गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

वन, वातावरण, तथा विज्ञान प्रविधि सम्बन्धी वैज्ञानिक प्रविधी सोध विकासको लागि बेग्ला बेग्लै **TOR** बनाई सोध कार्यको लागि प्रस्ताव आव्हान गरी आर्थिक ऐन नियमको प्रक्रिया पुरा गरी सोध कार्य गर्न सक्ने संस्थाहरुको छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ। यो कार्यक्रम वन, वातावरण तथा विज्ञान प्रविधि सम्बन्धी विषयमा अध्ययन गर्ने स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरु, अनुसन्धानकर्ताहरु वा अध्ययन अनुसन्धान कार्यमा संलग्न संघ संस्था/निकायहरुबाट समेत प्रस्ताव आव्हान गरी सञ्चालन गर्न सकिनेछ। सो गर्दा संस्थागत सिफारिश र प्रस्तावन आवश्यक पर्नेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र यस मातहतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको जनशक्तिहरुबाट कार्यक्रम सञ्चालन गरिनेछ।कार्य सम्पादनको लागि मन्त्रालय तथा मातहतका जनशक्ति अपुग भएमा आवश्यकता अनुसार अन्य निकायमा रहेका जनशक्ति वा संघ संस्थाबाट सेवा खरीद वा समन्वय गरी वा करार सेवामा दक्ष जनशक्ति भर्ना गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन, वातावरण तथा विज्ञान प्रविधि सम्बन्धी सोध कार्यको विकास भै सोधबाट आएका सूचना तथा ज्ञानको प्रयोगबाट मन्त्रालयको सेवा तथा अन्य उत्पादनमा वृद्धि हुनेछ ।

७. चुरे क्षेत्रमा भू-क्षय को दृष्टिकोणले सम्वेदनशील क्षेत्रको पहिचान खाली वृक्षारोपण जग्गाको नक्साँकन

परिचय

चुरे क्षेत्र जैविक विविधता एवं प्रचुर प्राकृतिक स्रोतको खानी तथा मानव विकासको दरिलो आधारसम्म रहेको प्रमाण हो। आज भोलि यो क्षेत्र बढ्दो प्राकृतिक श्रोतको दोहनले निम्त्याएको वातावरणीय विनाशले गर्दा सर्वसाधारण, विज्ञ, नीति निर्माता एवं सरोकारवाला बिच बहसको विषय बनेको छ ।

उद्देश्य

चुरे क्षेत्रको निरन्तर दोहनका कारण देखापरेका विनाशका लक्षणहरूलाई गम्भिरताका साथ मनन गरी यसको संरक्षण एवं दिगो विकासका लागि चुरे क्षेत्रको संरक्षण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

चुरे क्षेत्रमा भू-क्षयको दृष्टीकोणले संम्वेदनशील क्षेत्रको पहिचान गरी नक्साँकन गर्ने कार्यले चुरे क्षेत्रको भौगोलिक बनोट, विनाशको स्तर तथा यस क्षेत्रमा आउन सक्ने अकल्पनीय विपद्हरूलाई विश्लेषण गरी न्यूनीकरणका लागि भूक्ष्य नियन्त्रण तथा वृक्षारोपण लगायतका उपायहरूको अवलम्वन गर्नेछ।

जनशक्ति व्यवस्थापन

कार्यक्रम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहातका निकाय वा योग्यता पुगेका सेवा प्रदायक संस्था मार्फत जियोग्राफिक नक्साँकनका आधुनिक प्रविधिको प्रयोगबाट प्रचलित कानुनको परिधि भित्र खर्च गरी कार्य सम्पन्न गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- चुरे क्षेत्रको भु-उपयोगको सूचना प्राप्त हुने।
- भू-बनौट तथा संवेदनशीलताको आधारमा संरक्षणका कार्यहरु सञ्चालन हुने।
- चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि लिईने निर्णयमा सहयोग ।
- यस कार्यले चुरे संरक्षण कार्यमा हुने लगानीमा बचत तथा संरक्षणात्मक कार्यको लागि क्षमता विकास गर्ने।

- संरक्षण तथा व्यवस्थापनका कार्यहरु पहिचान गर्न सजिलो हुने ।
- आधुनिक जि.आई.एस. प्रयोग मार्फत गरिने नक्साँकन तथ्यमा आधारित हुने।
- जलवायुको गुणस्तर र सन्तुलनको लागि आवश्यक निर्णय लिन सहयोग पुग्ने ।
- जैविक विविधता (बोट विरुवा र वन्यजन्तु) को उपयोगको सकारात्मक संकेतहरुको पहिचान हुने ।

८. जेहन्दार, विपन्न, महिला तथा दलित छात्रछात्राहरुहरुलाई छात्रवृत्ति अनुदान सहयोग (स्नातक र स्नातकोत्तर सम्मको लागि) (वन र वातावरण सम्बन्धी विषयमा)

कार्यक्रम सञ्चालन प्रक्रिया

- वन तथा वातावरण क्षेत्रमा स्नातक तथा स्नातकोत्तर तहमा सोध पत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग उपलब्ध गराउन मापदण्ड तयार गरी वन विज्ञान अध्ययन संस्थान हेटौडा, पोखरा तथा कृषि तथा वन विज्ञान विश्व विद्यालय रामपुर तथा कृषि तथा वन विज्ञान विश्व विद्यालय (वन विज्ञान संकाय) हेटौडा, कैफकोल काठमाण्डौसँग समन्वय र सहकार्य गरिने।
- प्रदेश नं.२ भरीका उक्त क्याम्पसमा अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले निर्णय गरी स्नातक तथा स्नातकोत्तर तहको विद्यार्थीहरुलाई अनुसन्धानमा सहयोग उपलब्ध गराइने छ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

कार्यक्रम सम्पन्नपश्चात प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गरिने

- ✓ अनुसन्धान प्रतिवेदन
- ✓ कार्यक्रमको उपलव्धी

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२ जनकपुरधाम।

सहयोगी निकायः त्रि.वि.वि, कृषि तथा वन विज्ञान विश्वविद्यालय।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

विज्ञान प्रविधि क्षेत्रमा अध्ययन अनुसन्धानमा प्रोत्साहन हुनेछ।

९. मधेश भवनमा फ्री-वाईफाई हटस्पट स्थापना

कार्यक्रम सञ्चालन प्रक्रिया

- मधेश भवन भित्रका सरकारी निकाय र आगन्तुकहरूका लागि फ्री-वाईफाई हटस्पट स्थापना गरिने।
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थलगत अनुगमन पश्चात स्थान छनोट गरिने।
- **TOR** तयार गरी नेपाल टेलिकम र अन्य सेवा प्रदायकसँग नियमानुसार सम्झौता गरी सेवा खरिद गरिने ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिने

- ✓ कार्यक्रमको भौतिक तथा भारित प्रगति
- ✓ फ्री वाईफाई हटस्पटको प्रभाव
- ✓ कार्यक्रम सम्बन्धी फोटोहरु

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२ जनकपुरधाम।

सहयोगी निकायः नेपाल टेलिकम, स्थानीय तह।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

मधेश भवनभित्रका स्थानहरूमा फ्री-वाईफाई हटस्पट स्थापना भै सेवाग्राही समेतलाई लाभदायी हुनेछ।

१०. मिथिला आर्ट ग्यालरी तथा ह्यान्डीक्राफ्ट प्रवर्द्धन

परिचय

यस प्रदेशभरी नै आर्ट ग्यालरीहरुलाई व्यवस्थित गरी ह्यान्डीक्राफ्ट उत्पादन कार्यलाई प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

स्थानीयस्तरमा रहेका ज्ञान र सीपको संरक्षण गर्दै पर्यटकीय वस्तुलाई बढावा दिदै पर्यटन प्रवर्द्धन विकास गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यक्रम अन्तर्गत मिथिला आर्टका पेन्टिङ्गहरुको खरिद, मिथिला आर्ट सम्बन्धी तालीम तथा मेला उत्सवमा आर्ट ग्यालरीको स्टल राख्न व्यवस्थापकीय सहयोग समेत गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरिनेछ। कार्य सम्पादनको लागि मन्त्रालय तथा मातहतका कार्यालय अन्य निकाय वा संघ सस्थाबाट सेवा खरीद वा समन्वय गरी प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधी भित्र रही कार्य सम्पादन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ मा मिथिला आर्ट ग्यालरी तथा ह्यान्डीक्राफ्ट प्रवर्द्धन कार्यक्रमबाट स्थानीयहरू लाभान्भित हुनेछन् र साथै रोजगारको अवसर सिर्जना हुनेछ।

११. प्रदेशमा सञ्चालित ईट्टा उद्योगको प्रभाव अध्ययन

उद्देश्य

यो कार्यक्रम अन्तर्गत प्रदेश भित्र स्थापना एवं सञ्चालनमा रहेको उद्योगहरुको वातावरणीय प्रभाव अध्ययन गरी सञ्चालित उद्योगहरुवाट हुने वातावरणीय प्रदूषण न्यनीकरण गरी वातावरणीय सन्तुलन कायम गर्न ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले घरेलु तथा साना उद्योग कार्यालयको समन्वय र सहकार्यमा ईट्टा उद्योगहरुको वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन तयार गर्न अनुगमन गरिनेछ र सेवा प्रदायकसँग परामर्श सेवा खरिद गर्न तथा सो सम्बन्धी अन्तरक्रिया गोष्ठी सञ्चालन गर्न लागत इष्टिमेट तयार गरी प्रदेश सरकारको आर्थिक कार्यविधि, ऐन, नियम तथा सार्वजनिक खरिद ऐन नियमावली बमोजिम खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम सञ्चालन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा घरेलु तथा साना उद्योग कार्यालय वा सेवा प्रदायक संस्था मार्फत गरिनेछ ।

बजेट व्यवस्थापन

प्रचलित आर्थिक ऐन, नियम तथा बजेट अनुसार।

अपेक्षित उपलब्धि

यस प्रदेशका सञ्चालित उद्योगहरुवाट हुने वा हुन सक्ने वातावरणीय प्रदूषण न्यूनीकरण हुनेछ।

१२. आर्थिक, समृद्धि तथा आन्तरिक उत्पादन बढाउन प्रदेश अन्तर्गत कृषि, वन, पर्यटन, उद्योग तथा अन्य उद्यमशिल क्षेत्रसँग आवद्ध गर्ने गरी मूल्य श्रृंखलामा अभिवृद्धि गर्न तथा प्रतिस्पर्धी उत्पादन वृद्धि गर्न Training, Technology, Packing, Labelling, Marketing, आदि क्रियाकलापहरुका लागि नगद अनुदान तथा उपकरण सहयोग (खर्च शीर्षक नं. २२५२२)

उद्देश्य

यो कार्यक्रम अन्तर्गत आर्थिक, समृद्धि तथा आन्तरिक एवं प्रतिस्पर्धी उत्पादनमा वृद्धि गर्न ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले घरेलु तथा साना उद्योग कार्यालयको समन्वय र सहकार्यमा सेवा प्रदायकसँग सेवा खरिद गरी प्रतिस्पर्धी उत्पादन वृद्धि गर्न Tranining, Technology, **Packing, Labelling, Marketing,** आदि क्रियाकलापहरुका लागि नगद अनुदान तथा उपकरण सहयोग सम्बन्धी कार्यमा प्रदेश सरकारको आर्थिक कार्यविधि, ऐन, नियम तथा सार्वजनिक खरिद ऐन नियमावली बमोजिम खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम सञ्चालन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा घरेलु तथा साना उद्योग कार्यालय वा सेवा प्रदायक संस्था मार्फत गरिनेछ।

बजेट व्यवस्थापन

प्रचलित आर्थिक ऐन, नियम तथा बजेट अनुसार ।

अपेक्षित उपलब्धि

यस प्रदेशका सञ्चालित उद्योगहरुको आन्तरिक उत्पादनमा वृद्धि भै रोजगारीको अवसर सिर्जना हुनेछ।

१३. बेरोजगार जनशक्तिलाई उद्योग तथा कलकारखानामा On the job training/apprenticeship का लागि अनुदान सहयोग (१ देखी २ महिना सम्म) उद्योग वाणिज्य संघको सहकार्यमा

उद्देश्य

यो कार्यक्रम अन्तर्गत बेरोजगार जनशक्तिलाई उद्योग तथा कलकारखानामा **On the job training/apprenticeship** गराई कार्य दक्षता एवं विशिष्टता हासिल गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा घरेलु तथा साना उद्योग कार्यालयको समन्वय र सहकार्यमा सेवा प्रदायकसँग सेवा खरिद गरी बेरोजगार जनशक्तिलाई उद्योग वाणिज्य संघको सहकार्यमा **On the job training/apprenticeship** का लागि मन्त्रालयबाट निर्णय गरी अनुदान सहयोग (१ देखी २ महिना सम्म) सम्बन्धी कार्यमा प्रदेश सरकारको आर्थिक कार्यविधि, ऐन, नियम तथा सार्वजनिक खरिद ऐन नियमावली बमोजिम खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम सञ्चालन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा घरेलु तथा साना उद्योग कार्यालय वा सेवा प्रदायक संस्था मार्फत गरिनेछ ।

बजेट व्यवस्थापन

प्रचलित आर्थिक ऐन, नियम तथा बजेट अनुसार ।

अपेक्षित उपलब्धि

यस प्रदेशका बेरोजगारहरुलाई रोजगारीको अवसर सिर्जना हुनेछ ।

१४. बजार अनुगमन

उद्देश्य

व्यापार व्यवसायलाई मर्यादित र उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले प्रदेशभित्रका सबै जिल्लाहरुमा रहेका वाणिज्य तथा बजार अनुगमन गर्न सक्नेछ भने सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयहरुले आफ्नो जिल्ला भित्र अनुगमन गर्नेछन् र अनुगमन गर्दा आवश्यकतानुसार स्थानीय तह, जिल्ला प्रशासन/ईलाका प्रशासन लगायतका सरोकारवाला निकायहरुसँग समन्वय गरी प्रचलित कानुन बमोजिम वाणिज्य/बजार अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ । बजार अनुगमनमा खटाईएका टोलीलाई चिया खाजाखाना एवं आवश्यकता अनुसार नमूना परिक्षण, यातायात खर्च गाडी भाडा र नियमानुसार भत्ता वापत आवश्यक पर्ने रकम यस शिर्षकको बजेटवाट खर्च गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१५. Website निर्माण तथा Up-gradation

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यालयहरुका कार्यलाई सहज, सरल र पारदर्शी बनाउन विद्युतीय माध्यमबाट सूचना प्रविधिसँग जोड्न र उक्त कार्यहरुलाई व्यवस्थित गर्न सो सम्बन्धी सफ्टवेयर निर्माण तथा पुरानो सफ्टवेयरलाई **Up-grade** गर्न प्रचलित कार्यविधी ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमका कार्यान्वयन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका निकायले सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सेवा प्रदायकसँग सेवा खरिद गरी गर्न सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१६. मधेश भवन मुल प्रवेशद्वारमा डिजिटल ईन्ट्री पोष्ट निर्माण

परिचय

यसरी निर्माण गरिने डिजिटल ईन्ट्री पोष्टले मधेश भवन भित्र आवास क्षेत्रमा बस्ने कर्मचारी तथा काम विशेषले आउने जाने व्यक्तिहरुको व्यक्तिगत विवरण, कार्यको सम्बन्ध, कार्यको प्रकृति, मिति, समय, लिङ्ग जस्ता आवत जावत सुचकहरुको विवरण व्यवस्थित गरी मधेश भवन भित्र जान आउन डिजिटल ईन्ट्री पोष्ट निर्माण हुनेछ।

उद्देश्य

प्रदेश मुख्यालय, जनकपुरधामस्थित मधेश भवनको मुख्य प्रवेशद्वारबाट हुने दैनिक आवत जावत सम्बन्धी कार्यलाई सुरक्षित गर्ने डिजिटल ईन्ट्री पोष्ट निर्माण गरी व्यवस्थित बनाउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालय मार्फत वा सेवा खरिद गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

कार्य सम्पादनको लागि मन्त्रालय तथा मातहतका कार्यालय, अन्य निकाय वा संघ सस्थाबाट सेवा खरीद वा समन्वय गरी प्रचलित कानुन बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

मधेश भवनको मुल प्रवेशद्वारमा डिजिटल ईन्ट्री पोष्ट निर्माण भै आवत जावत सुरक्षित हुनेछ।

१७. सागरनाथ वन विकास परियोजना व्यवस्थापन

उद्देश्य

अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरु तथा वन क्षेत्र कब्जा गरी अन्न बाली लगाउनेलाई हटाई पुनः वन क्षेत्र कायम गर्नुपर्नेछ। सागरनाथ वन विकास परियोजना अन्तर्गत सर्लाही, महोत्तरी जिल्लामा भएको अतिक्रमणको तथ्याङ्कको आधारमा उक्त अतिक्रमण हटाई वृक्षारोपण सहितको व्यवस्थापन गर्नको लागि क्षमता र श्रोत साधनको व्यवस्थापनलाई सशक्तिकरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

कार्यक्रम सञ्चालन प्रक्रिया

आकस्मिक रुपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिंदा पुनः अतिक्रमण हुनसक्ने भएकोले पुनः अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजन भएको बजेट रकमबाट अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण, आवश्यकतानुसार रोपिएका विरुवाहरुको संरक्षणका लागि हेरालुको समेत व्यवस्था गर्ने काममा खर्च गर्नुपर्ने। त्यस्ता क्षेत्रहरुमा आवश्यकतानुसार तारवार, वृक्षारोपण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय, आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, ईन्धन खर्च, संचार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ । अतिक्रमण हटाई वृक्षारोपण गरीएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरीएको मिति, क्षेत्रफल, नक्शा, तुलनात्मक फोटो, नक्शा र मिटिङ्ग माईन्यूट समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ । वन अतिक्रमण हटाउँदा विशेष गरी निम्न कुराहरुमा ध्यान दिनुपर्नेछः

- तयारी कार्यक्रम लगत अद्यावधिक तथा योजना तयार, कार्यदलको बैठक सञ्चालन, जनचेतनामूलक सन्देश प्रसारण तथा प्रकाशन, फिल्डस्तरीय अन्तरक्रिया, आदि ।
- अतिक्रमण नियन्त्रणः समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्र्याक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बिमा, आदि ।
- पुनर्स्थापनाः योजना तयारी, विरुवाको व्यवस्था तथा वृक्षारोपण, तारवार, सिमाना, हेरालु व्यवस्था अनुगमन र सोर्टिङ, आदि ।

जनशक्ति व्यवस्थापन

सागरनाथ वन विकास परियोजनाले आफ्नो कर्मचारी, डिभिजन वन कार्यालयका स.ब.र., सशस्त्र प्रहरी, जनपद प्रहरी तथा सरोकारवाला निकायहरु, स्थानीय तह समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

अतिक्रमित वन क्षेत्र सागरनाथ वन विकास परियोजनाको क्षेत्र (राष्ट्रिय वन) मा समाहित भै उचित व्यवस्थापन हुने ।

१८. वातावरण अनुकुलता बढाउन ईन्डक्सन चुलो निर्माण गर्ने तथा अन्य उपयुक्त उद्योगलाई प्राविधिक तथा आर्थिक सहयोग

परिचय

नेपालको संघिय राजधानी रहेको प्रदेशको जनसंख्या भन्दा लगत्तै दोस्रो नम्वरमा प्रदेश नं. २ को जनसंख्या रहेको जसले गर्दा उर्जाको माग अत्यधिक रहेकोले सो पुर्ति वन जङगल तथा गुईठाबाट हुने, जसको कारण मानव स्वास्थमा नकारात्मक प्रभाव पार्नुको साथै महिला तथा बालबालिकाको शैक्षिक विकासका असर पर्ने देखिएकोले प्रदेश सरकार तथा नेपाल सरकारले समेत विद्युतिय उर्जा विकासमा जोड दिनुको साथै विद्युत खपत बढाउने नीति लिएकोले प्रदेश नं. २ मा विद्युतबाट चल्ने इन्डकसन चुलो निर्माण गर्न तथा अन्य उपयुक्त उद्योगलाई प्राविधिक तथा आर्थिक सहयोग गर्न यो कार्यक्रम राखिएको हो।

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रदेश नं. २ मा विद्युतबाट चल्ने इन्डकसन चुलो निर्माण गर्ने उद्योगीहरुलाई निजहरुको प्रस्ताव तथा कार्यक्रमको आधारमा यो रकम अनुदान सहयोग गर्न सकिनेछ। यसरी सहयोग लिनको लागि प्रदेश सरकार वा संघीय सरकारको उद्योग हेर्ने निकायका प्रचलित कानुन अनुसार दर्ता भएको हुनुपर्नेछ। यो सहयोग लगानीकर्ताले आफनो दर्ता प्रमाण प्रत्रमा उल्लेख गरेको स्थिर पुँजीको ५० प्रतिशत भन्दा बढिहुने छैन ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यलयहरुबाट यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- उर्जाको माग अत्यधिक रहेकोले सोको पुर्ति हुनेछ।
- स्वास्थयका लागि लाभदायी सिद्ध हुनेछ।

१९. प्रदेश भित्र रहेका पर्यटकीय महत्वका स्थलहरुको Documentary तयारी लगायत अन्य

परिचय

पर्यटन वृतचित्र कुनै फिल्म, टेलिभिजन कार्यक्रम, वा अनलाइन श्रृंखला हो जसले सामान्य रुपमा विशेष पर्यटन प्याकेज डिलहरू वा टूर अपरेटर बगरै पर्यटकीय आकर्षणहरूलाई वर्णन गर्ने गर्दछ ।

उद्देश्य

स्थानीय कला, संस्कृति, पर्व, ईतिहास, पेशा, रीति-रिवाज, भौगोलिक अवस्था, उपलब्ध पर्यटकीय सेवा सुविधा, पर्यटकीय गन्तव्य, सूचना, मनोरञ्जनात्मक उपलब्धता, पहुँच, बास सुविधा जस्ता पर्यटकीय विषयवस्तुहरु उपर डकुमेन्ट्री मार्फत प्रचार प्रसार गरी प्रादेशिक पर्यटन प्रवद्धन गर्नु नै यस कार्यक्रमको उद्देश्य रहेको छ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत प्रदेश भित्रका ऐतिहासिक, धार्मिक, प्राकृतिक, साँस्कृतिक तथा कृतिम पर्यटकीय महत्वका संचरनाहरुको बारेमा आधुनिक फिल्म प्रविधीको प्रयोग मार्फत दृष्यात्मक छायाँकन गरी डकुमेन्ट्री निर्माण गरिनेछ ।

जनशक्ति व्यवस्थापन

श्रव्य दृष्य छाँयाकँन र प्रसारणमा तोकिएको योग्यता पुगेको सेवा प्रदायक संस्थाको सहयोगमा मन्त्रालयबाट नियमानुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ अन्तर्गत रहेका विभिन्न पर्यटकीय महत्वका स्थलहरुको एउटा **Documentary** तयार हुनेछ।

२०. डिजिटल पर्यटकीय स्थलहरुको सुचना केन्द्र स्थापना

परिचय

डिजिटल पर्यटन भनेको डिजिटल उपकरणको प्रयोगलाई तयारी गर्ने, सँगठित गर्ने, नियन्त्रण गर्ने र यात्रा गर्ने गरेको अनुभवको आनन्द लिनु हो ।

उद्देश्य

पर्यटक सूचना केन्द्रद्वारा पर्यटकहरूलाई सम्बन्धित क्षेत्रको आकर्षणहरू, बसोबासहरू, नक्शा र पर्यटनसँग सम्बन्धित अन्य वस्तुहरूको जानकारी प्रदान गर्ने र पर्यटकहरुलाई पर्यटकीय स्थलहरु सम्बन्धमा डिजिटल जानकारीमूलक सूचना प्रवाहको साथै पर्यापर्यटनको प्रवर्द्धन गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

वर्तमान समयमा मोवाईल फोन र स्मार्ट फोनहरुको बढ्दो व्यक्तिगत प्रयोग हुँदै आएको छ। पर्यटकीय सुचनाको वैकल्पिक सम्भावना, व्यवस्थित पर्यटकीय सूचना प्रवाहको लागि सम्बन्धित स्थानको पर्यटकीय जानकारीहरु जडान गरिने डिजिटल उपकरणहरु मार्फत प्रशारण गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा सेवा प्रदायक संघ संस्थासँग समन्वय गरी जनशक्तिको व्यवस्थापन गरिने छ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ मा डिजिटल पर्यटकीय स्थलहरुको सुचना केन्द्र स्थापना भै पर्यटकहरू लाभान्भित हुनेछन्।

२१. प्रदेश भित्रको प्रमुख पर्यटकीय स्थलहरुको विवरण सहितको पर्यटकीय डायरी प्रकाशन गर्ने

परिचय

प्रदेश नं. २ धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक पर्यटनको अपार सम्भावना बोकेको प्रदेश हो। यस प्रदेश भित्र धर्म ग्रन्थमा व्याख्या भएका अनेकन स्थानहरुको अवस्थिति रहेको छ । दर्जनौ ऐतिहासिक पुर्वाधारका संरचनाहरु रहेका छन् । धार्मिक तथा ऐतिहासिक पर्यटकीय महत्त्वका धरोहरहरुको दस्तावेजहरु छरिएर रहेका छन् ।

उद्देश्य

प्रदेश भित्रका प्रमुख पर्यटकीय स्थलहरुको तथ्यपरक जानकारीहरुको सँगालो बनाई प्रकाशन गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रदेश भित्रका प्रमुख पर्यटकीय स्थलहरुको अवस्थिति, जिल्ला सदरमुकामबाट दुरी, मुख्य मुख्य आकर्षणहरु, पुर्वाधारको अवस्था, होटल र लजको सुविधा, पिकनिक स्थल, मनोरन्जनका साधनहरु, यातायातको सुविधा लगायतका पर्यटकीय महत्त्वका सुचनाहरु समेटी मन्त्रालयबाट नियमानुसार पर्यटकीय डायरी प्रकाशन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यको लागि मन्त्रालय र मातहातका कार्यालयहरुको जनशक्ति तथा सेवा प्रदायक संस्थाहरुको सहयोग लिन सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश भित्रको प्रमुख पर्यटकीय स्थलहरुको वास्तविक विवरण सहितकोपर्यटकीय डायरी प्रकाशन हुनेछ।

२२. पर्यटन प्रवर्द्धनात्मक प्रचार प्रसार कार्यक्रम

परिचय

पर्यटनसँग सम्बन्धित क्रियाकलापहरूलाई प्रभावकारी बनाउन यो कार्यक्रम राखिएको हो।

उद्देश्य

पर्यटन सँग सम्बन्धित होटल, टुर एण्ड ट्रावल्स् लगायत पर्यटनसँग सम्वन्धित अन्य व्यवसायलाई व्यवस्थित, सेवामुखि तथा प्रभावकारी बनाउने कार्यमा जोड दिने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत सञ्चालन हुन सक्ने कृयाकलापहरु जस्तै -आवश्यक तालीम, गोष्ठी, प्रचार प्रसार समाग्री उत्पादन तथा वितरण, रिक्सा, बस ट्याक्सीमा पर्यटन सम्बन्धी स्टीकर टास्ने जस्ता पर्यटनलाई प्रत्यक्ष वा अप्रत्यक्ष टेवा पुऱ्यायने कार्यहरु मन्त्रालयको निर्णय अनुसार हुनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयहरु मार्फत कार्यक्रमहरु सञ्चालन गरिनेछ। कार्य सम्पादनको लागि मन्त्रालय तथा मातहतका कार्यालय अन्य निकाय वा संघ संस्थाबाट सेवा खरीद वा समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

पर्यटन प्रवर्द्धनात्मक प्रचार प्रसार हुनेछ।

२३. प्रदेशिक नीति नियम निर्देशिका कार्यविधि तयार व्यवस्थापन तथा कार्यान्वयन

उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित ऐन कानुन निर्माण गर्न प्रचलित कानुनको अधिनमा रहि, ऐन कानुन निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि खर्च गरिनेछ।

२४. टिम बिल्डिङ्ग गोष्ठी

कार्यक्रम सञ्चालन प्रक्रिया

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय तथा डिभिजन/सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाई सहभागी गराई यो कार्यक्रम सञ्चालन गरिनेछ। स्वीकृत आर्थिक ऐन, नियम, निर्देशिका, सार्वजनिक खरीद ऐन नियम तथा नर्म्स र जिल्ला दररेटको परिधि भित्र रही लागत इष्टिमेट स्वीकृत गराई बिनियोजित रकम खर्च गरिनेछ। टिम बिल्डिङ्ग गोष्ठीको लागि सम्बन्धित विषय वस्तुका विज्ञलाई श्रोत व्यक्ति राखि कार्यक्रम सञ्चालन गर्नु पर्दछ। कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रम सञ्चालन भएको स्थान, मिति, सहभागी संख्या, सेशन प्लान, अध्ययन गरिएका विषय वस्तुको संक्षिप्त विवरण, ब्यानर सहितका फोटोहरु, गोष्ठीका सकारात्मक तथा सुधारात्मक पक्षहरु, भौतिक र आर्थिक प्रगति सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

मन्त्रालय र प्रदेश वन निर्देशनालयका कर्मचारीहरुद्वारा कार्य सम्पादन गरिनेछ ।

अपेक्षित उपलब्धि

कर्मचारीहरुबिच एकापसमा समन्वय र सहकार्यमा अभिवृद्धि भै कार्य सम्पादनको प्रभावकारिता तथा गुणस्तरीय सेवा प्रवाहमा अभिवृद्धि हुनेछ ।

२५. दिवस समारोह (वातावरण, भु संरक्षण, जैविक विविधता, सामुदायीक वन, पृथ्वी दिवस लगायतका दिवसहरु, आदि)

परिचय

यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने दिवस समारोह जस्तै- राष्ट्रिय वृक्षारोपण दिवस, जैविक विविधता दिवस, सामुदायिक वन दिवस, विश्व सिमसार दिवस, चुरे दिवस, वन्य जन्तु सप्ताह, वन डढेलो सप्ताहा, सरसफाई सप्ताह, जस्ता वन वातावरण उद्योग पर्यटन तथा विज्ञान सँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यसको लागि प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालय, भु-तथा जलाधार व्यवस्थापन कार्यालयहरु वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, घरेलु तथा साना उद्योग कर्यालय एंव उद्योग, पर्यटन, वन तथा वातावरण मान्त्रालयले आफनो आवश्यकतानुसारका कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत अनुमान स्वीकृत गरी आवश्यक रकम खर्च गर्न सक्नेछन् ।
कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुर्दाहरु समावेश गर्नुपर्नेछ ।

- समारोह अन्तर्गत गरिएका क्रियाकलापहरु ।
- क्रियाकलाप सञ्चालन गरिएको स्थान ।
- फोटो होर्डिङबोर्ड, ब्यानर ।
- सहभागिहरुको उपस्थिती/माईन्यूट।
- सञ्चालित कार्यक्रमको तस्विरहरु।

जनशक्ति व्यवस्थापन

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गत कार्यालयका कर्मचारी तथा अन्य सम्बन्धित सहकारी तथा गैह्य सरकारी संघ संस्थाहरुको सहयोगमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन, वातावरण, जैविक विविधता,वन्यजन्तु संरक्षण तथा उद्योगको व्यवस्थापन सम्बन्धमा जनचेतना अभिवृद्धि हुनेछ ।

२६. पर्यटन बजारीकरण कार्यक्रम

परिचय

पर्यटन बजारीकरण भनेको एक बजारीकरणको रणनीतिहो जसले पर्यटकीय उत्पादन तथा सेवाहरू जस्तै- पर्यटकीय गन्तव्यहरू, होटेल/रिजोर्टहरु, पर्यटक विश्रामस्थलहरु, सूचना केन्द्रहरु, चिनो पसल (सोभिनियर सोप), पिकनिक स्पटहरु, यातायात सेवाहरू लगायतका सुविधाहरुलाई बढावा दिनको लागि विशिष्ट मार्केटिंग योजना र प्रविधिहरूको प्रयोग गर्दछ।

उद्देश्य

पर्यटन मार्केटिंग पछाडिको उद्देश्य व्यवसायलाई प्रवर्द्धन गर्ने, प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने, ग्राहकहरुलाई आकर्षित गर्ने र ब्रान्ड सचेतना जगाउने, आदि हो ।

कार्यक्रम सञ्चालन प्रक्रिया

पर्यटन बजारीकरण कार्यक्रम अन्तर्गत पर्यटन बजारीकरण योजना निर्माण गर्ने, पर्यटकीय उत्पादनहरुको एक्सपोजर गर्ने, पर्यटकीय डकुमेन्ट्री/भिडियो निर्माण, समाजिक संजाललाई छलफलको प्लेटफर्म बनाउने, गन्तव्य केन्द्रित पर्यटकीय रुचि बढाउने कृयाकलाप सञ्चालन , पर्यटकको रुची अनुसार पर्यटकीय सेवा सुविधा उपलब्ध गराउने कार्य तथा गन्तव्य विशेषको बारे प्रचार प्रसार गर्ने जस्ता कार्यहरु गर्न सकिनेछ । प्रदेशमा पर्यटन बजारीकरणको लागि मुख्यतः प्रचार प्रसार, वेव साईड अद्यावधिक (अपडेट) गरी रहने, विधुतिय तथा अन्य संचार माध्यमवाट जनचेतना जगाउने, सन्देशमुलक कार्यक्रमहरु प्रशारण गर्ने, गोष्ठी अन्तरकृया गर्ने, प्रदेशमा पर्यटन विकासका योजनाहरुको जानकारी दिने, होर्डिगँ वोर्ड जडान, पर्यटन फोटोग्राफीका कार्यक्रमहरु सञ्चालन गर्ने, मेला उत्सवमा प्रदेश भित्रका पर्यटनका सम्भावनाहरुको प्रचार प्रसार गर्ने, पर्यटकहरुलाई पर्यटन स्थलमा दिईने सेवा सुविधाको बारेमा जानकारी दिने, पर्यटन सँग सम्बन्धित विभिन्न लेख रचनाहरु प्रकाशन गर्ने, विशेष पर्यटकीय स्थलहरुमा पर्यटक सुझाव पेटिकाहरु राखी पर्यटकको सुझाव लिने, उपलब्ध यातायातका साधनहरुलाई प्रभावकारी बनाउने, एयरपोर्टहरुलाई व्यवस्थित बनाउने जस्ता बजारीकरणका कार्यहरु सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत राष्ट्रिय तथा अन्तराष्ट्रिय साइकल रेस/म्याराथुन, म्याराथुन दौड लगायतका सचेतनामुलक सर्वव्यापक कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ । म्याराथुनको लागि साईकलको खरिद यस मन्त्रालयबाट गरिनेछ ।

जनशक्ति व्यवस्थापन

कार्यक्रम मन्त्रालय वा मातहातका निकाय तथा सेवा प्रदायक संघ संस्थाहरुको सहयोगमा प्रचलित कानुन बमोजिम सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- आधुनिक पर्यटन बजारीकरणका रणनीतिहरूले इन्टरनेटको प्रयोग मार्फत वेबसाइटहरू, अनलाइन विज्ञापनहरू, ईमेल र सोशल मिडिया प्लेटफर्मको प्रयोगलाई महत्त्व दिनेछन्।
- पर्यटन मार्केटिंगले व्यापार वृद्धि गर्नेछ।
- बजारीकरणले पर्यटक लोभ्याउने र व्यवसायलाई एक प्रतिस्पर्धी किनारा प्रदान गर्नेछ।
- पर्यटन बजारीकरण रणनीतिले आर्थिक गतिविधिहरूमा वृद्धि र बढावा दिने, मनग्य उद्योग राजस्व वृद्धि हुने, पूर्वाधार विकास, देशको सुधारिएको ब्रान्ड छवि विकास हुने, विदेशी विनिमय आयको स्रोत, रोजगार सृजनाको स्रोत पहिचान हुनेछ ।

२७. पर्यटन सूचना केन्द्रको स्थापना/सहयोग (जनकपुर र बिरगञ्ज)

परिचय

यस कार्यक्रमले पर्यटकहरुले सहज रुपमा सूचना प्राप्त गर्न सक्नेछन्।

उद्देश्य

पर्यटकहरुलाई पर्यटकीय स्थलहरु सम्बन्धमा जानकारीमूलक सूचना प्रवाहको साथै पर्यापर्यटनको प्रवर्द्धन गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

पर्यापर्यटनको प्रवर्द्धन गर्नको लागि जानकारीमुलक प्रचार प्रसार सामाग्रीउत्पादन र वितरण गरिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा सेवा प्रदायक संघ संस्थासंग समन्वय गरी आर्थिक ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही डिजाईन तथा लागत इष्टिमेट स्वीकृत गराई कार्य सम्पादन गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

जनकपुर र बिरगञ्जमा पर्यटन सूचना केन्द्रको स्थापना/सहयोग गरिनेछ।

२८. धार्मिक तथा साँस्कृतिक संघ संस्था (धार्मिक संघ संस्था, कार्यालय, मठमन्दिर, किर्तन मण्डली, नाट्यकला समुह, गायन मण्डली, नृत्य समूह) लाई नगद अनुदान तथा वस्तुगत सहयोग

परिचय

धार्मिक तथा साँस्कृतिक संघ संस्थाहरूलाई नगद अनुदान तथा वस्तुगत सहयोग गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यस कार्यक्रम अन्तर्गत प्रदेश भित्रको कला, सँस्कृति, धर्म, भुगोल, ईतिहास, रीति-रिवाज, रहनसहन जस्ता पर्यटकीय महत्वका समाजीक तथा अध्यात्मिक पक्षहरुलाई बढावा दिने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत विभिन्न संस्थाहरु जस्तै-धार्मिक संघसंस्था, कार्यालय, मठमन्दिर, किर्तन मण्डली, नाट्यकला समुह, गायन मण्डली, नृत्य समुह, फेसन सो आयोजक, स्टेज कार्यक्रम आयोजक जस्ता संस्थाहरुलाई छुट्टै अनुदानदिनका लागि कार्यविधी बनाई मन्त्रालयले नगद तथा वस्तुगत सहयोग उपलब्ध गराउनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रमको लागि सेवा प्रदायक संघ संस्था वा अमानतबाट प्रचलित आर्थिक ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही कार्य सम्पादन गर्नुपर्नेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

धार्मिक तथा साँस्कृतिक संघ संस्थाहरू लाभान्भित हुनेछन्।

२९. जानकी नवमी, राम नवमी, विवाह पञ्चमी, सल्हेस फुलवारी मेला, मध्यमिकी परिक्रमा लगायत वार्षिक रुपमा आयोजना हुने धार्मिक पर्व/मेला महोत्सव/समारोह व्यवस्थापन सहयोग

परिचय

प्रदेश नं.२ मा वार्षिक रुपमा आयोजना हुने जानकी नवमी, राम नवमी, विवाह पञ्चमी, सल्हेस फूलबारी मेला, मध्यमिकी परिक्रमा लगायत धार्मिक पर्व/मेला/महोत्सव/समारोह व्यवस्थापनमा सहयोग गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

प्रदेश भित्र मनाईने धार्मिक, सास्कृतिक तथा एतिहासिक पर्व ,मेला ,उत्सवहरुलाई व्यवस्थित गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

वार्षिक रुपमा आयोजना हुने धार्मिक पर्व/मेला/महोत्सव/समारोह व्यवस्थापन सहयोगको लागि मापदण्ड/निर्देशिका बनाई व्यवस्थापकिय अनुदान तथा सामाग्रीहरु आयोजक संस्थालाई उपलब्ध गराइनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयद्वारा कार्यक्रम सञ्चालन गरिनेछ। कार्य सम्पादनको लागि मन्त्रालय तथा मातहतका कार्यलय, अन्य निकाय वा सेवा प्रदायक संघ संस्थाहरु मार्फत प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट बमोजिम कार्य सम्पादन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

धार्मिक पर्व/मेला महोत्सव/समारोह व्यवस्थित ढंगले सञ्चालन हुनेछ।

३०. प्रदेश पर्यटन एप (App) निर्माण

परिचय

प्रदेश नं.२ मा भित्रिने पर्यटकको लागि पर्यटन एप **(App)** निर्माण गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

प्रदेश भित्र पर्यटन प्रवर्द्धनको लागि होटल तथा लजिङ्ग, खाना र पेय पदार्थ सम्बन्धी व्यवसायहरू (जस्तै- खाना, रेस्टुरेन्ट, क्याफे, बार र क्याटरर, आदि), मनोरञ्जन सुविधाहरू (जस्तै-थिम पार्कहरू, कल्चरल क्लवहरु, दोहरी साँझ, नाइटक्लबहरू, आदि), ट्राभल्स एण्ड टुर्स, यातायात संचालक,स्वास्थ्य तथा खेलकुद जस्ता सेवा सम्बन्धी जानकारी विद्युतिय डोमेन मार्फत पर्यटक वा सरोकारवालाहरुलाई तत्कालै उपलब्ध गराउने उद्देश्यको लागि प्रदेश पर्यटन एप निर्माण गरिनेछ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यक्रम सञ्चालन गर्नको लागि सेवा प्रदायक संघ संस्था वा कन्सलटेन्सी सेवा वा अमानतबाट प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन अनुसार कार्य सम्पादन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहातको कार्यालयबाट जनशक्तिको व्यवस्थापन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

पर्यटक र सरोकारवालाहरुलाई महत्त्वपर्ण जानकारी सहजै उपलब्ध हुनेछ।

३१. विज्ञान प्रविधिसँग सम्बन्धित सरोकारवालासँग समन्वय गोष्ठी र अन्तरक्रिया

कार्यक्रम सञ्चालन प्रक्रिया

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम संञ्चालन गरिने।
- विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरु पहिचान समन्वय गरी (गोष्ठी र अन्तरकृया) कार्यक्रम गरिने।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, प्रचलित ऐन, नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरु

- ✓ छलफल, वैठक एवं अन्तरक्रियाका विषयवस्तु
- ✓ कार्यक्रम संञ्चालन भएको स्थान
- ✓ कार्यक्रमको भौतिक प्रगति र भारित प्रगति
- ✓ कार्यक्रमको उपलव्धी
- ✓ स्थान र मिति देखिने व्यानर सहितको सहभागीहरुका फोटोहरु

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.२ जनकपुरधाम।

सहयोगी निकायः शैक्षिक संस्थाहरु, विज्ञान तथा प्रविधि प्रतिष्ठान, राष्ट्रिय सूचना प्रविधी केन्द्र।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेशभित्र विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुसँग समन्वय भै भावी योजना निर्माणमा सहयोग पुग्नेछ।

३२. पर्यटन पुर्वाधारका लागि होटल व्यवसायी उद्योगपति बिच अन्तरक्रियाः– २ दिने

परिचय

प्रदेश भित्रको पर्यटन उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न सम्पूर्ण सरोकारवालाहरुको चासो र अग्रसरता हुनु अत्यावश्यक छ । सम्बन्धित सबै पक्षको समन्वय, सहकार्य र सहमतिमा गरिने पर्यटन प्रवर्द्धन तथा बजारीकरण सम्बन्धी कार्यहरुले मात्र प्रदेश भित्रको पर्यटन क्षेत्रको दिगो विकास सम्भव छ ।

उद्देश्य

पर्यटकीय क्षेत्रहरुको विद्यमान अवस्था, आवश्यक पुर्वाधार विकास, सम्भावित बजार, पर्यटक आगमन र बसाई, सेवा तथा सुविधा जस्ता व्यवसायीक पक्षहरुको बारेमा योजना तर्जुमा, नीति नियम निर्माण, निजी क्षेत्रको सहभागिता सम्बन्धी साझा अवधारणा निर्माण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

मन्त्रालयबाट प्रचलित कानुन बमोजिम होटल व्यवसायी उद्योगपति बिच २ दिने अन्तरकृया कार्यक्रमको आयोजना गरिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट कार्यक्रम सञ्चालन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

पर्यटन क्षेत्रको दिगो विकासमा टेवा पुग्नेछ।

३३. टुरिष्ट गाईड तालीमः- (३० जनाको लागि ५ दिने तालीम)

परिचय

पर्यटकलाई सुलभ रुपमा सेवा तथा जानकारी उपलब्ध गराउन टुरिष्ट गाईडको व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

प्रदेश सरकारलाई पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने, पर्यटन व्यवसायीहरुलाई योग्य र सक्षम टुरिष्ट गाईड उपलब्ध गराउनका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय भावनात्मक सम्बन्धलाई प्रर्यटन क्षेत्र मार्फत मजवुत पार्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

टुरष्टि गाईड को क्षमता अभिवृद्धिका लागि प्रचलित कानुनको अधिनमा रही खर्च व्यवस्थापन हुने गरी यो तालीमको आयोजना गरिनेछ। यसका लागि तपसिल बमोजिमको आधारमा सहभागी छनौट गर्न सकिनेछ ।

- नेपाली नागरिक हुनुपर्ने।
- स्थानियलाई विशेष प्राथमिकता दिने।
- अग्रेजी तथा स्थानीय भाषा को समेत ज्ञान भएको।
- कम्तिमा +२ उत्तिर्ण हुनुपर्ने ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम सेवा प्रदायक संघ संस्था, मन्त्रालय वा मातहातका निकाय मार्फत सञ्चालन गरिनेछ। सेवा प्रदायक संघ संस्थाको छनौट नियमानुसार गरिनेछ । सेवा प्रदायक संघ संस्थाले प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

पर्यटकहरूका लागि तालीम प्राप्त टुरिष्ट गाईड उपलब्ध हुनेछ।

३४. पर्यटन प्रवर्द्धन तथा अध्ययन अनुसन्धानका लागि अन्तर-प्रदेशीय भ्रमण

परिचय

अध्ययन अनुसन्धानजन्य कार्यले गन्तव्यहरुको वर्तमानको अवस्था, मार्केट डिमाण्ड र ग्याप विश्लेषण गरी आवश्यकता प्राथमिकिकरण गरी कार्य सञ्चालन गर्न सहयोग पुर्याउँद्छ ।

उद्देश्य

यस सम्बन्धमा अन्तर-प्रदेशीय भ्रमण मार्फत प्रादेशिक रुपमा पर्यटन प्रवर्द्धन तथा बजारीकरणका मोडेलहरुको अध्ययन गर्न अवसर मिल्नेछ र भएका राम्रा सिकाईहरुको प्रयोग यस प्रदेशको पर्यटन क्षेत्रमा लागु गर्न सकिनेछ।

कार्यक्रम सञ्चालन प्रक्रिया

भ्रमणका प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट बमोजिम कार्य सम्पादन गरिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयका प्राविधिक कर्मचारीहरुबाट कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि मन्त्रालय र मातहत निकायका कर्मचारी, पर्यटन व्यवसाय सम्बद्ध **Travel agency** समेतको सहभागितामा गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रर्यटन विकास तथा प्रवर्द्धनका लागि अध्ययन अनुसन्धान हुनेछ।

३५. पर्यटकीय प्रहरीको क्षमता विकास, व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम

परिचय

पर्यटकीय प्रहरी भनेको पर्यटकलाई सुलभ रुपमा सेवा तथा जानकारी व्यावस्थापन गर्न खटिएको प्रहरी सेवालाई बुझिन्छ।

उद्देश्य

पर्यटकलाई सुलभ रुपमा सेवा तथा जानकारी उपलब्ध गराउन पर्यटकीय प्रहरीको व्यावस्थापन गरी प्रहरी सेवालाई सुदृढिकरण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत पर्यटकीय प्रहरीको लागि अत्यावश्यक तालीम, विद्युतिय सामाग्रीहरु, संचार प्रविधी सम्बन्धी उपकरणहरु, फिल्ड इक्यूपमेन्ट, प्रचार प्रसारका सामाग्री, उद्धार सामाग्रीहरु, असहाय पर्यटकको लागि सहयोग प्याकेज, स्वास्थ्य सम्बन्धी व्यवस्थापकीय कार्य, कार्यालय व्यवस्थापनमा खर्च गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयबाट वा सेवा प्रदायक संघ संस्थाबाट प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

पर्यटकीय प्रहरीको क्षमता विकास, व्यवस्थापन तथा सुदृढीकरणमा सहयोग हुनेछ।

३६. जानकी मन्दिरमा पर्यटकीय प्रहरी मातहात जानकी मन्दिर परिसर स्वच्छता विकास कार्यक्रम (सरसफाईकर्मी ५ जना समेत)

परिचय

जानकी मन्दिर परिसरमा स्वच्छता विकास गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यस प्रदेशको प्रमुख धार्मिक पर्यटकीय गन्तव्य जनकपुरधामस्थित जानकी मन्दिरलाई स्वच्छ, सफा र पर्यटक आकर्षणको केन्द्र बनाई राख्न उक्त मन्दिर परिसरमा स्वच्छता विकास कार्यक्रम सञ्चालन गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत पर्यटकीय प्रहरी मार्फत ५ जना सरसफाई कर्मीलाई नियमानुसार नियूक्ति गरिनेछ र मन्दिर परिसरको नियमित सरसफाई, फोहर व्यवस्थापन, जुत्ता चप्पल व्यवस्थापन लगायतका कार्यहरु सम्बन्धी व्यवस्था मिलाईनेछ ।

जनशक्ति व्यवस्थापन

कार्यक्रम सञ्चालन गर्दा प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही कार्य सम्पादन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

५ जना कामदारहरूलाई रोजगारी मिल्नेछ।

३७. योजना तर्जुमा गोष्ठी

यस कार्यक्रम अन्तर्गत मन्त्रालयको क्षेत्राधिकार भित्र रहेका कार्यहरुको बारेमा छलफल, अन्तरक्रिया, गोष्ठी तथा योजना तर्जुमाका लागि बिनियोजित रकम नियमानुसार खर्च गरिनेछ।

३८. जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम

यस कार्यक्रम अन्तर्गत मन्त्रालयको क्षेत्राधिकार भित्र रहेका कार्यहरुको बारेमा मातहतका निर्देशनालय र जिल्लास्तरीय कार्यालयहरुसँग छलफल, अन्तरक्रिया, गोष्ठीका लागि बिनियोजित रकम नियमानुसार खर्च गरिनेछ।

३९. धनुषाधाम पर्यटकीय पुर्वाधार विकास निर्माण

परिचय

धनुषाधाम धार्मिक तथा सांस्कृतिक महत्त्वको दृष्टिकोणले नेपाल तथा मिथिला क्षेत्रकै प्रमुख पर्यटकीय स्थल रहेको छ र यसको पर्यटकीय पुर्वाधार विकास निर्माण गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यस कार्यक्रमबाट धनुषाधाम पर्यटकीय स्थलको आवश्यक भौतिक पुर्वाधारको निर्माण तथा मरम्मत सुधार गराई आन्तरिक तथा बाह्य पर्यटनमा अभिवृद्धि गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

बढ्दो संख्यामा आन्तरिक एवं बाह्य पर्यटकहरुलाई भित्र्याउन यस क्षेत्रको सम्भावित पर्यटकीय पूर्वाधार निर्माण तथा सुधारका अवसरहरुको पहिचान तथा अध्ययन गरी **DPR** तयार गरी सोही अनुसार विकास निर्माणमा लगानि गर्न सकिनेछ । धनुषाधाम संरक्षित वनको स्वीकृत कार्य योजनामा पर्यटकीय पूर्वाधार निर्माण तथा सुधारका बिषयमा उल्लेख भए बमोजिमका कृयाकलापहरु, निर्माणाधिन अधुरा आयोजनाहरु पुरा गर्न तथा भएकोलाई मरम्मत सम्भारमा प्रचलित नर्म्स, जिल्ला

दररेट, आर्थिक ऐन, नियम तथा कार्यविधि बमोजिम यस मन्त्रालय/डिभिजन वन कार्यालय/संरक्षित वन परिषद् वा उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग ,पर्यटन, वन तथा वातावरण मन्त्रालय वा डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा वा विभिन्न समूह/समिति/सेवा प्रदायक/ठेक्का मार्फत यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

धनुषाधाम पर्यटकीय पुर्वाधार विकास निर्माण हुनेछ।

४०. पर्यटकीय महत्वका ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्विक, प्राकृतिक संरचनाहरुको मर्मत, संरक्षण, निर्माण, सौनदर्यीकरण,अधुरो भवन निर्माण तथा पुर्वाधार विकास डि.पी.आर. समेत (खर्च शिर्षक नं.३१११२ को गैर आवासिय भवन निर्माण/खरिद, ख.शि.नं. ३११५९ को अन्य सार्वजनिक निर्माण र ख.शि.नं. ३११७१ को पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण)

परिचय

पर्यटकीय महत्त्वका ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्विक, प्राकृतिक संरचनाहरुको मर्मत, संरक्षण, निर्माण, सौन्दर्यीकरण, अधुरो भवन निर्माण तथा पुर्वाधार विकास गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

ऐतिहासिक धार्मिक सास्कृतिक महत्त्व बोकेका स्थानहरुको संरक्षण तथा दिगो विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको संख्यामा उल्लेख वृद्धि गर्दै समृद्ध मधेश प्रदेशको सपनालाई साकार पार्न पर्यटकीय महत्त्वका ऐतिहासिक, धार्मिक, साँस्कृतिक पुरातात्विक, प्राकृतिक संरचनाहरुको मर्मत, जिर्णोधार, संरक्षण, निर्माण, सौन्दर्यीकरण तथा बिगत बर्षमा सञ्चालन भै अधुरो पर्यटकीय पुर्वाधार निर्माण कार्यका संरचनाहरुलाई सम्पन्न गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यो कार्यक्रम आठ वटै जिल्लामा सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत ऐतिहासिक, धार्मिक साँस्कृतिक, महत्त्व बोकेका स्थानहरु जस्तै- अधुरो धर्मशाला, एतिहासिक दरवार, मठ, मन्दिर, मस्जिद, इदगाह, कुट्टी, देवी देवता स्थल, गुम्बा, पोखरी, ताल तलैया, दह, पार्क, पिकनिक स्थल, साँस्कृतिक बस्ती, आदि (खर्च शिर्षक नं. ३१११२ को गैर-आवासिय भवन निर्माण/खरिद, ख.शि.नं. ३११५९ को

अन्य सार्वजनिक निर्माण कार्य र ख.शि.नं. ३११७१ को पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण) को निर्माण सम्पन्न लगायतका कार्यहरु सञ्चालन गरिनेछ । यो कार्यक्रमहरु प्रचलित नर्म्स, जिल्ला दररेट, आर्थिक ऐन, नियम तथा कार्यविधि बमोजिम यस मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत सञ्चालन गरिनेछ। कार्यक्रमहरु उपभोक्ता समबुह/समितिबाट, अमानतबाट, कोटेसनबाट, ठेक्कापट्टाबाट सञ्चालन गरिनेछ । डि.पी.आर. गर्नुपर्ने भनी तोकिएको कार्यक्रमको हकमा डि.पी.आर. को लागि कुल निर्धारित बजेट रकमको १० देखि २० प्रतिशत रकम छुट्याई बाँकी रहने रकमबाट डि.पी.आर. प्रतिवेदन बमोजिम गरिने लागत अनुमान र डिजाईन बमोजिम कार्य सञ्चालन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा वन निर्देशनालय, डिभिजन तथा सव-डिभिजन कार्यालयरु, भू तथा जलधार व्यवस्थापन कार्यालयका ईन्जिनियरिङ्ग सेवाका निर्माण कार्य सम्बद्ध कर्मचारीहरुद्वारा बिभिन्न उपभोक्ता समूह/समिति मार्फत यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

ऐतिहासिक धार्मिक साँस्कृतिक महत्त्व बोकेका स्थानहरुको पर्यटन पुर्वाधारको निर्माण सम्पन्न भै आन्तरिक तथा बाह्य पर्यटनमा अभिवृद्धि हुनेछ ।

४१. घुम्ती शौचालय खरिद

यस प्रदेशको शहरी तथा ग्रामिण क्षेत्रमा धना बस्ती भएको ठाँउहरुमा आयोजना हुने धार्मिक साँस्कृतिक मेला उत्सव कार्यक्रमहरुमा दिशा पिसाव व्यवस्थापन प्रयोजनार्थ शौचालय बनाउने तथा सञ्चालन गर्ने समस्या रहेको पाईन्छ। यस्तो समस्यालाई सम्बोधन धुम्ती शौचालय राखि मेला उत्सव समारोहलाई उचित र प्रदुषण मुक्त गर्नु पर्ने आवश्यकता रहेको छ । यसरी घुम्ती शौचालय खरिद गर्दा बायोट्वाईलेटलाई प्राथमिकता दिईनेछ। तराईमा घना बस्ती भएको ठाँउहरुमा गर्मीको समयमा आगोलागि धनजनको क्षति हुने गरेको छ । यस्ता समस्याबाट बच्न तथा धनजनको क्षति कम गर्न दमकलको आवश्यकता देखिएको छ। यी दुवै समस्यालाई सम्बोधन गर्न स्थानीय तहको सहकार्यमा धुम्ती शौचालय खरिद तथा अग्नि मेशिन खरिद गरी सञ्चालनको जिम्मा स्थानीय तहलाई नै दिनुपर्छ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र यस मातहतको जनशक्तिहरुबाट कार्यक्रम सञ्चालन गरिनेछ। यसमा स्थानीय तहहरुलाई पनि सहकार्य गरिनेछ। कार्य सम्पादनको लागि मन्त्रालय तथा मातहतका जनशक्ति अपुग भएमा आवशयकता अनुसार अन्य निकायमा रहेका जनशक्ति वा संघ संस्थाबाट सेवा खरीद वा समन्वय गरी वा करार सेवामा दक्ष जनशक्ति भर्ना गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

अपेक्षित उपलब्धी

यस कार्यान्वयन पश्चात ग्रामिण तथा शहरी क्षेत्रमा सरसफाइको स्तर बढनेछ र स्वास्थ्य सम्बन्धी समस्या पनि समाधान हुनेछ र अग्नीबाट हुने क्षति न्यूनिकरन हुनेछ ।

४२. आकस्मिक भू–संरक्षण कार्यक्रम

परिचय

यस कार्यक्रम अन्तर्गत किसान तथा उपभोक्ताहरुले प्राकृतिक प्रकोपका कारण कृषीभूमी, गाँउ बस्तीमा पर्न भएको क्षतिको न्यूनीकरणको उपाय उपचार, जलाधार संरक्षण सम्बन्धी कार्य तथा सुख्खा मौसममा जलभण्डारण सम्बन्धी कार्य गरिन्छ ।

उद्देश्य

आकस्मिक रुपमा पर्न जाने जलाधारीय समस्याहरुको न्यूनीकरण/निवारण गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

भू-बनौटको संरचनामा पर्न सक्ने सम्भावित क्षति, भू-उत्पादकत्वमा पार्न सक्ने प्रभाव, स्थानीय जलाधारीय तत्वहरुको विश्लेषण गरी जैविक एकल वा यान्त्रिक एकल वा जैविक यान्त्रिक (बायोईन्जिनियरिंग) संयुक्त पद्धती अपनाई जलाधार व्यवस्थापनका कार्यहरु मन्त्रालय वा निर्देशनालय वा कार्यालयबाट गरिनेछन्। यो कार्यक्रम अन्तर्गत स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यतानुसार जोखिमको प्रकृति र उपयुक्तता हेरी सम्बन्धित लाभग्राहीहरुको आमभेलाबाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माण सँग सम्बन्धित अन्य कुनै समितिबाट कार्य सञ्चालन गराउनु पर्नेछ। कार्यक्रम सम्पन्न भएपश्चात उपभोक्ता समुहको निर्णय कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरीएको क्षेत्रको फोटोग्राफहरु, बील भर्पाईहरु लगायतका आवश्यक

कागजातहरु साईट इन्चार्जको सिफारिशमा सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरीएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्म्स, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले उपयुक्त ञहुने गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

आकस्मिक भू–संरक्षण कार्यक्रम सम्पन्न हुनेछ।

४३. एकीकृत भू–क्षय नियन्त्रण

परिचय

जैविक एकल वा यान्त्रिक एकल वा जैविक यान्त्रिक संयुक्त (बायोईन्जिनियरिंग) पद्धती अपनाई जलाधार व्यवस्थापनका कार्यहरु गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यो कार्यक्रमको मुख्य उद्देश्य सार्वजनिक तथा निजी जग्गामा पहिरो/भू–क्षय/पानी जम्ने खोला किनार कटान/गल्छी/क्षतिग्रस्त भूमि/पोखरीहरुको बिग्रदो अवस्था/गाउँवस्तीमा वाढी पस्ने/कृषी भूमिमा सेडिमेन्टेसन लगायतका जोखिमपूर्ण स्थानहरुमा संरक्षणका आयामहरुको एकिकृत प्रयोग गरी भू–क्षय नियन्त्रण तथा पहिरो रोकथाम गरी स्थानीय जनतालाई राहत पुऱ्याउने रहेको छ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यो कार्यक्रम अन्तर्गत स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यकतानुसार जोखिमको प्रकृती र उपयुक्तता हेरी सम्बन्धित लाभग्राहीहरुको आमभेलाबाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माणसँग सम्बन्धित अन्य कुनै समितिवाट कार्य सञ्चालन गराउनु पर्नेछ । **Emergency Tillage, Conservation Tillage, Windbreak/Shelterbelt, Strip Cropping, Rangeland and Permanent Cover, Residue Management, Residue Mulching, Cover Crop, Agronomical Practices, Terraces, Drop Structures, Spill Way, Culverts, Gabions, Riprap, Ditches, Rainwater**

Harvesting Ponds/ Farm Ponds/ Storage Tank, Contour Farming, Silt Fences, Surface Matting, Irrigation Canal, etc. जस्ता प्राविधिक कार्यहरु गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न भएपश्चात उपभोक्ता समूहको निर्णय कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरीएको क्षेत्रको फोटोग्राफहरु, बील भर्पाईहरु लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारिश सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ । चुरे क्षेत्रमा एकीकृत भू-क्षय नियन्त्रण कार्य सम्बन्धी कार्यक्रम चुरे क्षेत्रमा नै सञ्चालन गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरीएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्म्स, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ मा एकीकृत भू–क्षय नियन्त्रण कार्य सफलता पूर्वक सम्पन्न हुनेछ।

४४. जलाधार महत्वका संरक्षण पोखरी निर्माण/मर्मत सहयोग कार्यक्रम/संरक्षण पोखरी कार्यक्रम – खर्च शीर्षक.३११५७

परिचय

जलाधार महत्त्वका संरक्षण पोखरी निर्माण/मर्मत सहयोग गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यस कार्यक्रम अन्तर्गत सार्वजनिक स्थलमा नयाँ पोखरी निर्माण, पोखरी मर्मत तथा आवश्यक जलाधारीय संरक्षणका कार्यहरु सञ्चालन गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

आवश्यकताको पहिचान गरी संभाव्यता र प्राथमिकताको अधारमा वन क्षेत्र भित्र वा बाहिर रहेका ताल पोखरी तथा जलाधारको संरक्षण तथा व्यवस्थापनमा सेवा प्रदायक सघं संस्था बाट प्रचलित आर्थिक ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा जिल्ला दररेटको परिधि भित्र रही स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम कार्य सम्पादन गरिनेछ। साथै उक्त कार्य सम्पादनको लागि

आवश्यकता अनुसार स्थानीय निकायसँग समन्वय र सहकार्य गर्न सकिनेछ। यस कार्यक्रममा बिनियोजित रकम तपसीलका कार्यक्रम सम्पादन गर्न खर्च गर्न सकिनेछ ।

- धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका ताल, नदी जलाशय संरक्षण तथा व्यास्थापनमा खर्च गरिनेछ ।
- जैविक विविधताले महत्त्वपुर्ण रहेको जलाशयको संरक्षण समेतमा खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा सेवा प्रदायक संघ संस्थासँग समन्वय गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा जैविक विविधताको दृष्टिकोणले जलाधारीय महत्त्वका ताल तलैया तथा पोखरीहरुको संरक्षण तथा विकास भै जलवायु वा वातावरणीय सन्तुलन कायम हुनेछ।

४५. सडक भू–संरक्षण कार्यक्रम

परिचय

निर्माणाधिन अवस्थामा रहेका ग्रामिण सडकहरुलाई भू-क्षय बाट जोगाउन यो कार्यक्रम राखिएको हो।

उद्देश्य

निर्माणाधिन अवस्थामा रहेका ग्रामिण सडकहरु भविष्यमा यातायातको लागि प्रदेश नं. २ को मेरुदण्डको रुपमा रहने छन्। जिल्ला-जिल्लामा फैलिएको ग्रामीण सडकको ठाँउ अनुसारको अवस्था हेरी दुवै किनारमा वृक्षारोपणको माध्यमबाट भू–संरक्षण मार्फत हरित तथा स्वच्छ प्रदेश निर्माण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम जिल्ला भित्र रहेका हुलाकी सडक लगायत अन्य प्रमुख ग्रामिण सडकहरुको किनारमा तथा सडकसंगै जोडिएर स-सना टुक्रिएर रहेका जग्गाहरुमा संरक्षणको सुनिश्चितता हुने गरी बारबेरा/ट्री गार्ड सहितको वृक्षारोपण गर्न, गोडमेल गर्न, हेरालुको व्यवस्था गर्न, फलफुल विरुवा खरिद, ढुवानी तथा वृक्षारोपण कार्यमा गरिनेछ ।कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- विरुवा रोपिएको स्थान र क्षेत्रफल/दुरी (कि.मी.मा) (१६०० विरुवा प्रति हेक्टर),
- रोपिएको विरुवाको जात र संख्या,
- संरक्षण तथा सिंचाइको व्यवस्था,
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति, भारित तथा वित्तिय प्रगति।

जनशक्ति व्यवस्थापन

संरक्षणको सुनिश्चितताको लागि अनिवार्य रुपमा स्थानीय तहसँग तथा अन्य सरोकारवाला एवं सम्भव भएसम्म सँधियार जग्गावालाहरुसँग समन्वय र सहकार्य गरी रोपिने विरुवाको प्रजातिको छनौट, संरक्षण तथा लाभांस बाडँफाँडमा निर्णय लिइनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

१६०० विरुवा प्रति हेक्टर सडक किनारमा वृक्षारोपण कार्य सम्पन्न भै भू-संरक्षण हुनेछ।

४६. रोडसाईड वृक्षारोपण (ट्री गार्ड सहित)

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत वृक्षारोपणका लागि सडक किनारका जग्गा लामो हुने भएकोले यहाँ गरिएको वृक्षारोपणको संरक्षण कार्य केही खर्चिलो हुनसक्छ। त्यसैले यस्ता वृक्षारोपणको व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य, स्थानीय संघ संस्था परिचालन, उपभोक्ता समूहको गठन वा विपन्न वर्गको समूह गठन गरी केही समयका लागि अन्तरबाली लगाउन दिई सोही समूह मार्फत वा अमानतबाट सञ्चालन गर्न सकिनेछ । वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म सबै (ट्री गार्ड, बारबेर, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु, आदिको) उपाय अवलम्वन गर्नुपर्नेछ।

वृक्षारोपण क्षेत्रको कार्ययोजनाः हरेक वृक्षारोपण क्षेत्रको सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना बनाईनेछ। जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नुपर्दछ । कार्ययोजनामा कुन जातका के कति विरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्ने, वन पैदावारको बिक्री वितरणको व्यवस्था के कसरी हुने, लाभको बाँडफाँड कसरी गर्ने, आदि सबै कुरा स्पष्टरुपमा उल्लेख हुनुपर्दछ । यो कार्ययोजना डिभिजन वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ ।

वृक्षारोपण क्षेत्रको संरक्षणः वृक्षारोपण संरक्षणको लागि बारबेर गर्दा सकेसम्म स्थानीय रुपमा उपलब्ध जैविक सामाग्रीहरु जस्तैः सजिवन, निलकाँडा, बाँस र आवश्यकता अनुसार तारबार, सडक किनारमा ट्री गार्ड, आदिको प्रयोग गर्नुपर्दछ, साथै आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउनु पर्दछ। यसमा वन व्यवस्थापन तथा संरक्षण गर्न जिम्मा पाएको संघसंस्था, उपभोक्ता समूह, सेवा प्रदायक वा हेरालुलाई वृक्षारोपण क्षेत्रको व्यवस्थापनको अवस्था र बाँचेको विरुवाको संख्याको आधारमा बढीमा तीन वर्षसम्म संरक्षण अनुदान/पारिश्रमिक दिन सकिनेछ ।

वृक्षारोपण क्षेत्रमा होर्डिङ्ग बोर्डः- वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धि तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी राख्नुपर्नेछ।

कर्यान्वयन प्रक्रिया

- सम्भाव्य स्थल पहिचान, छनौट तथा सर्वेक्षण
- सरोकारवालासँग अन्तरक्रिया तथा छलफल
- सर्वे, डिजाईन ड्रइङ्ग, लागत अनुमान
- वृक्षारोपण कार्य सम्पन्न
- नियमित अनुगमन र प्रतिवेदन तयारी
- नियमित रेखदेख, संरक्षण, सञ्चालन तथा मर्मत सम्भार

जनशक्ति व्यवस्थापन

रोडसाईड वृक्षारोपण (ट्री गर्ड सहित) कार्यक्रम सञ्चालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा डिभिजन वन कार्यालयले अमानतबाट स्थानीय वन उपभोक्ता समुह, स्थानिय तह एवं सरोकारवालाहरुको सहयोगमा सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- सरकारी एवं नाङ्गा वन क्षेत्र, सार्वजनिक पर्ति एवं नदी उकासबाट प्राप्त जग्गाहरुमा ५०० हे. मा वृक्षारोपण भै वन क्षेत्र वृद्धि तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग हुनेछ।
- रोपण गरिएका विरुवाहरुको बाँच्ने र हुर्कने संभावना बढेर जानेछ ।

४७. हाईटेन्सन लाईन मुनि ईको (ECO) पार्क निर्माण

उद्देश्य

सैन्दर्यीकरण गर्न राजमार्गको किनारका हाईटेनसन लाईन मुनी रहेको वनक्षेत्रको जग्गामा जग्गाको उचित प्रयोग गरी, ईको पार्क निर्माण गरी, हरियाली प्रवर्द्धन गरी, स्वच्छ वातावरण निर्माण गरी, प्रकृतिसँगको निकटकता महसुस गर्ने तथा रोजगारी सिर्जना गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गर्न सकिने छ।

- साना तथा मझौला खाले सौन्दर्य प्रजातिका विरुवा रोपण
- घेराबेरा तथा तारबार
- उद्दानको ले-आउट सहितको होर्डिङ्गबोर्ड

कार्यान्यन प्रक्रिया

- सम्भाव्य स्थल पहिचान, छनौट तथा सर्वे
- सरोकारवालाहरुसंग अन्तरकृया तथा छलफल
- समह, समिति गठन
- सर्वे, डिजाईन, ड्रईङ्ग, लागत अनुमान तयारी तथा सम्झौता
- कार्य सम्पन्न प्रतिवेदन

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा डिभिजन/सव-डिभिजन वन कार्यालयहरु वा भू तथा जलाधार व्यवस्थापन कार्यालयले अमानतबाट वा स्थानीय वन उपभोक्ता समुह, स्थानिय तह एवं सरोकारवालाहरुको सहयोगमा सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

हाईटेनसन लाईन मुनी सैन्दर्यीकरण भै हरियाली वृद्धिका साथै स्थानीयस्तरमा रोजगारीको सम्भावना समेत अभिवृद्धि हुनेछ।

४८. प्रदेश नं.२ मा जडिबुटी को पकेट क्षेत्र पहिचान तथा खेती विस्तार (वन तथा वातावरण संरक्षण निर्माण)

परिचय

प्रदेश नं.२ अन्तर्गत रहेको आर्थिक रुपमा फलदायी र लोपोन्मुख जडिबुटीहरुको विस्तार र संरक्षणको लागि zonning गरी उपयुक्त पकेट क्षेत्र र जडिबुटीहरुको पहिचान गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

आर्थिक महत्त्वका जडिबुटीहरुको विस्तारको लागि उपयुक्त पकेट क्षेत्र र जडिबुटीहरुको पहिचान गरी खेती विस्तार गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रदेश नं.२ मा रहेका संभावित जडिबुटीको उत्पादन क्षेत्र **(pocket area)** पहिचान गर्न सम्बन्धित विज्ञ वा सम्बन्धित प्राविधिक कर्मचारीहरुद्वारा TOR बनाइ सेवा प्रदायक वा प्राविधिक विज्ञ मार्फत महत्त्वपूर्ण जडिबुटीको खेती विस्तारको कार्य अगाडि बढाईनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग,पर्यटन,वन तथा वतावरण मन्त्रालय,प्रदेश नं.२, जनकपुरधाम।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

भविष्यमा ब्लक र जोन का लागि वैज्ञानिक आधार स्थापना हुनुको साथै एउटा पकेट क्षेत्र पहिचान भै न्यूनतम एक जडिबुटी प्रजातिको खेती विस्तार हुनेछ।

४९. गल्छी पहिरो नियन्त्रण

परिचय

यो कार्यक्रम प्राथमिकता प्राप्त उप-जलाधार र नदि प्रणालीमा सञ्चालन गरिनेछ ।

उद्देश्य

गल्छी पहिरो तथा खहरे लगायतका क्षेत्रमा भू–संरक्ष्ण गरी भू-क्षयबाट जोगाउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

गल्छी पहिरो तथा खहरे लगायतका क्षेत्रमा भू–संरक्ष्ण कृयाकलाप सञ्चालन गर्न माथिल्लो तटीय क्षेत्र वा चुरे पहाडको भिरालो क्षेत्रमा हुने सतही रिल र गल्छी जस्ता भू–क्षयको उपचार बायोइन्जिनियरिंग प्रविधिबाट गर्न सकिनेछः-

क. वनस्पति तथा स–साना संरचना, पानी निकास

ख. कम खर्चिलो भू–संरक्षण प्रविधी

ग. **Dry stone, loose stone, brush stone checkdam**

घ. **Fascine, pallisade, watteling, layering, rip rap, hedge row**

ङ. **Contour trenching, contour bonding, jute netting**

च. स–साना इन्जिनियरिंग संरचना

छ. घाँस रोपण, बाँस रोपण, वृक्षारोपण, हाँगा रोपण, आदि।

नियमित अनुगमन गर्ने, होर्डिंग बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरु ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नु पुर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्सा, गल्छीको साईज, कृयाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्भित घरधुरी, रोजगारी श्रृजना, खर्च रकम र गरेको कामको छोटो विवरण, आदि उल्लेख गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम उपभोत्ता समिति मार्फत सञ्चालन गर्ने।उपभोक्ता समिति नहुने भएमा नियमानुसार अमानत, कोटेशन वा टेण्डर प्रक्रियाबाट गर्ने ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

गल्छी पहिरो नियन्त्रण हुनेछ।

५०. प्रदेश परिसर (मधेश भवन) मा रहेको वन/वनस्पतिको व्यवस्थापन (enumeration, tagging, beautification, bushes clearance)

परिचय

मधेश भवन परिसरको जैविक विविधता (वन/वनस्पतिको) समूचित व्यवस्थापन जस्तै- गणना, वनस्पतिहरुको ट्याग, सौन्दर्यिकरण, झाडीपाखी सरसफाई, आदि गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

मधेश भवन परिसरमा जैविक विविधता कायम गरी सौन्दर्यता र हरियाली अभिवृद्धि गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रमको लागि बिनियोजित रकम जनकपुरधामस्थित मधेश भवनमा रहेको विभिन्न प्रजातिको बोट विरुवाको व्यवस्थापनमा खर्च गरिनेछ। जस्तै-बोट विरुवाहरुको डाटावेश तयारी, रँग/रोगण, वृक्षारोपण र त्यसको व्यवस्थापन, झाडीपाखीको समूचित व्यवस्थापन, आदि। यसका लागि विस्तृत रुपमा कार्ययोजना बनाई कार्यालयका प्राविधिक कर्मचारीहरुबाट स्विकृत लागत इष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली, स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दर रेटको परिधि भित्र रहि कार्य सम्पादन गर्नु पर्दछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वतावरण मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

मधेश भवन परिसरको सम्पूर्ण वन/वनस्पतिको व्यवस्थापन हुनेछ।

५१. हर्वेरियम संकलन तथा व्यवस्थापन (वन तथा वतावरण संरक्षण निर्माण)

परिचय

हर्वेरियम भनेको सुकेका विभिन्न वनस्पति प्रजातिका नमूना वैज्ञानिक अध्धयन अनुसन्धानका लागि संग्रह गर्नु हो। स्थानीयस्तरमा लोप हुन लागेका महत्त्वपूर्ण वनस्पतिहरुको अध्ययन अनुसन्धान तथा संरक्षण गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

लोपोन्मुख वनस्पतिहरुको संरक्षण गर्नुको साथै नयाँ मत्त्वपूर्ण वनस्पति पत्ता लगाउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रमको लागि प्रदेश नं.२ अन्तर्गत विभिन्न जिल्लामा रहेका आर्थिक महत्त्वका र लोपोन्मुख वनस्पति प्रजातिका विरुवाका वैज्ञानिक अध्ययनका लागि त्यसका फूल, जरा, पात अथवा साना विरुवाको हकमा सम्पूर्ण भाग संकलन गरी उ.प.व.वा. मन्त्रालयमा प्राविधिक आवश्यकता अनुसार

उपकरण व्यवस्थापन गरी संग्रह र संरक्षण गरिनेछ। यसका लागि सेवा प्रदायक, सम्बन्धित प्राविधिक विज्ञ वा कार्यालयका सम्बन्धित प्राविधिक कर्मचारीहरुद्वारा कार्य सम्पन्न गरिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वतावरण मन्त्रालय वा मातहतका कार्यलयहरुबाट दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

स्थानीयस्तरमा पाईने आर्थिक र औषधीय महत्त्व बोकेका वनस्पतिहरुको पहिचान र व्यवस्थापन हुनेछ।

५२. जडिबुटी श्रोत सर्वेक्षण, डाटावेश तयारी तथा प्रकाशन (आठ वटै जिल्ला) (वन तथा वातावरण संरक्षण निर्माण)

परिचय

यस प्रदेश अन्तर्गत आठ वटै जिल्लाको कुन वन क्षेत्रमा कुन प्रजातिको जडिबुटीहरु प्राकृतिक रुपमा उपलब्ध छ, निजी, सहकारी संघ संस्थाहरुबाट व्यवसायिक रुपमा काँहा कुन प्रजातिको के कति क्षेत्रफलमा जडिबुटी खेती भै रहेका छन् सो सम्बन्धमा जडिबुटी खेती प्रवर्द्धनको लागि जडिबुटि श्रोत सर्वेक्षण डाटा वेश तयार गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

प्रदेश अन्तर्गतका जडिबुटिको श्रोत सर्वेक्षण डाटा वेश तैयार गरी भावी रणनीति तथा प्रदेश स्तरीय योजना तयारीमा सहयोग पुऱ्याउन।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रमकमा लागि भावी रणनीति तथा प्रदेशस्तरिय योजना तयारी समेतमा सहयोग पुग्ने गरी सेवा प्रदायक मार्फत वा वनस्पति अनुसन्धान केन्द्रसँग सम्झौता गरी वा सम्बन्धित कर्मचारी मार्फत **TOR** बनाइ प्रदेशको जडिबुटि श्रोत सर्वेक्षण डाटा वेश तैयारी गरी प्रकाशन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा वा प्रदेश वन निर्देशनालयबाट यो कार्य गर्नुपर्नेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ अन्तर्गत रहेका जडिबुटिको श्रोत सर्वेक्षण डाटा वेश तैयार हुनेछ।

५३. आकस्मिक भू–संरक्षणको लागि समाग्री खरिद तथा सहयोग

परिचय

यस कार्यक्रम अन्तर्गत किसान तथा उपभोक्ताहरुले प्राकृतिक प्रकोपका कारण कृषीभुमी, गाँउ वस्तीमा पर्न भएको क्षतिको उपचार, जलाधार संरक्षण सम्बन्धी कार्य तथा सुख्खा मौसममा जलभण्डारण सम्बन्धी कार्य गरिन्छ ।

उद्देश्य

आकस्मिक रुपमा पर्न जाने जलाधारीय समस्याहरुको न्यूनीकरण/निवारण गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

भू-बनौटको संरचनामा पर्न सक्ने सम्भावित क्षति, भू-उत्पादकत्वमा पार्न सक्ने प्रभाव, स्थानीय जलाधारीय तत्वहरुको विश्लेषण गरी जैविक एकल वा यान्त्रिक एकल वा जैविक यान्त्रिक (बायोईन्जिनियरिंग) संयुक्त पद्धती अपनाई जलाधार व्यवस्थापनका कार्यहरु गर्न सकिनेछ। कार्यालयहरुले आकस्मिक प्रयोजनको लागि तार, जाली, बोरा, विरुवा लगायतका निर्माण समाग्रीहरुको नियमानुसार खरिद गरी प्रक्रिया निर्धारण गरी प्रभावित स्थानका उपभोक्ताहरुलाई निःशुल्क वितरण गरिनेछ । कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरीएको क्षेत्रको फोटोग्राफहरु, बील भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम अन्तर्गत आवश्यकतानुसार जोखिमको प्रकृति र उपयुक्तता हेरी सम्बन्धित लाभग्राहीहरुको आमभेलाबाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माणसँग सम्बन्धित अन्य कुनै समिति वा सुरक्षा निकायवाट कार्य सञ्चालन गराउनु पर्नेछ । सो को लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यलयले जनशक्ति व्यवस्थापन गर्नेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

आकस्मिक भू–संरक्षणको लागि समाग्री खरिद तथा सहयोग कार्य सम्पन्न हुनेछ।

५४. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम

कार्यक्रम सञ्चालन प्रक्रिया

सरकारद्वारा व्यवस्थित वन, चक्ला वन तथा साझेदारी वनहरुमा दिगो वन व्यवस्थापन हुने गरी स्वीकृत कार्ययोजना तथा प्रचलित नर्म्स बमोजिम सञ्चालन गर्नुपर्नेछ ।यस शीर्षकमा बिनियोजित रकम सरकारद्वारा व्यवस्थित वन, चक्ला वनहरुको संख्या र त्यसको स्वीकृत कार्ययोजना, कार्ययोजना बमोजिम कार्यान्वयन गर्न सकिने कृयाकलाप तथा जिल्लामा रहेको साझेदारी वनहरुको स्वीकृत कार्ययोजना बमोजिमका कृयाकलापहरु कार्यान्वयन गर्न आवश्यक पर्ने रकमको अनुमान गरी डिभिजनल वन अधिकृतले चक्ला वन तथा साझेदारी वनका लागि रकमको बाँडफाँड गर्नुपर्नेछ।

(क) चक्ला वन व्यवस्थापनः स्वीकृत चक्ला वन व्यवस्थापन कार्ययोजनाको आधारमा यसको लागि बिनियोजित रकमको परिधि भित्र रही बिस्तृत कार्यक्रम तयार गरी एक तह माथिबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ। चक्ला वन व्यवस्थापन गर्दा कार्ययोजनामा लेखिएको समयसिमा भित्र कार्य सम्पन्न गर्नु पर्दछ। चक्ला वनमा योजना गरिएका कार्यक्रम, बजेट, नक्शा सबै खुल्ने गरी साइनबोर्ड बनाई देख्ने स्थानमा राख्नु पर्दछ । यसका सम्पूर्ण वा आँशिक कार्यक्रम सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ।

(ख) साझेदारी वन व्यवस्थापनः साझेदारी वन कार्ययोजना तयारी, जिल्लामा साझेदारी वनहरुको स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको आधारमा साझेदारी वन अनुसार बिनियोजित रकमको परिधि भित्र रही बिस्तृत कार्यक्रम तयार गरी वन सम्वर्द्धन, संरक्षण, वन विकास कार्य जस्ता कृयाकलापहरु कार्यान्वयनका लागि खर्च गरिनेछ ।स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही प्रत्येक साझेदारी वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्ने छ । यसरी तयार भएको कार्यक्रम समितिको बैठकबाट पास गरी डिभिजन वन अधिकृतबाट स्वीकृत गराएर लागु गरिनेछ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन समूहले डिभिजन वन

कार्यालयमा नियमित रुपमा पेश गर्नुपर्ने छ । कार्यक्रम कार्यान्वयन समूहबाट, वन कर्मचारी वा सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सक्निेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव डिभिजन वन कार्यालयहरुका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह/समिति वा सेवा खरीद गरी सेवा प्रदायक मार्फत डिभिजन वन कार्यालयले कार्य सञ्चालन गर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन क्षेत्रमा साझेदारी वन व्यवस्थापन भै देश भित्रै काठ दाउराको उत्पादनमा वृद्धि भै आपूर्तिमा सहजता तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्नेछ ।

५५. चुरे संरक्षण तथा व्यवस्थापन कार्यक्रम

परिचय

चुरेको विनाशले नेपालीहरु प्रत्यक्ष रूपले वातावरणीय तथा आर्थिक जोखिममा रहेका छन् । जैविक विविधताले धनी रहेको यो क्षेत्र अव्यवस्थित बसोबास, अतिक्रमण, वन विनाश, अवैज्ञानिक भू–उपयोग, खेती प्रणाली, पशुपालनले गर्दा उच्च जोखिममा रहेको त्यसैले चुरे संरक्षण तथा व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यसको लागि एकीकृत योजना तर्जुमा र कार्यान्वयनको खाँचो रहेको हुँदा चुरेको पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम गरी माथि देखि तल्लो तटीय क्षेत्रको जीविकोपार्जनमा टेवा पुर्याउने र नदीजन्य प्रकोपको न्यूनीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने लक्ष्य रहेको छ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका जनचेतनामूलक र संरक्षणका अभ्यासहरु गर्न सकिनेछः-

- जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रचारप्रसार, अन्तरकृया, गोष्ठी, तालीम, आदि सञ्चालन गर्न सकिनेछ ।
- वनवातावरण, भू–संरक्षण अन्तर्गत संरक्षण, व्यवस्थापन, वन अतिक्रमण, वन डढेलो नियन्त्रण लगायतका कार्यक्रमहरु।

- चरिचरण नियन्त्रणको लागि स्टलफिडिङ्ग कार्यक्रम।
- चुरेको बिग्रदो भु–बनोटको संरक्षणको लागि आवश्यकतानुसार गल्छि पहिरो नियन्त्रण, खहरे नियन्त्रण, रन अफ हार्भेष्टिंग ड्याम निर्माणका कार्यहरु सञ्चालन गर्न सकिनेछ ।
- Downstream को बोर्डरसम्म रिभर साईडमा बाँस, बेत, अमृसो लगायत बायोइन्जिनियरिङ्ग र जैविक विविधता महत्त्वका बोट विरुवा रोपण गर्न सकिनेछ।
- नियमित रुपमा खोलामा बगेर आउने ढुँगा, गिटी, वालुवाको उचित व्यवस्थापनको लागि ढुँगा, गिटी, वालुवा भण्डारण प्रदर्शनी स्थलको स्थापना ।
- भिरालो जमिनमा कन्टुर फारमिङ्ग।
- विरुवा उत्पादन तथा वृक्षारोपण।
- बाँस/घाँस/फलफूल विरुवा वितरण/रोपण ।
- संरक्षण पोखरी।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा सेवा प्रदायक संघ संस्था सँग समन्वय गरी जनशक्तिको व्यवस्थापन गरिने छ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं. २ मा चुरे संरक्षण तथा व्यवस्थापन कार्यक्रम सफलतापूर्वक सम्पन्न हुनेछ।

५६. Germplasm स्थापना गर्ने, जनकपुरधाम

परिचय

जीवित आनुवंशिकी श्रोत जस्तै- बिउ विजनहरु, पातहरु, रुख विरुवाहरु, Pollens तन्तुहरु जसलाइ वृद्धि र विस्तार (ब्रिडिङ्ग) लगायत अरु वैज्ञानिक अध्ययन अनुसन्धानका लागि तथा जैविक विविधता तथा खाद्य सुरक्षाका लागि Germplasm को संरक्षण तथा स्थापना गर्न आवश्यक रहेकोछ। जस अन्तर्गत Plant Exploration and Collection **(the act of searching plants or plants parts for purpose of discovery of information or resources about the plants)** जस्ता कार्यहरु तपसील बमोजिम गरिन्छ ।

Germplasm ले बाली तथा विरुवा उत्पादनका लागि विभिन्न प्रकारका कच्चा माल **(Genes)** प्रदान गर्दछन्।

कार्यक्रम सञ्चालन प्रक्रिया

जर्मप्लाज्म (जीनबैंक, कृषक/कृषक समूहहरु, फिल्डहरु, आदि) स्थलमा पहिचानका लागि तपसिलका कार्यविधि पूरा गर्नुपर्ने हुन्छ ।

- जीनबैंक डाटाबेस
- संकलन म्याप
- FGD
- GIS

कार्य सम्पन्न पश्चात पेश गरिने कागजातहरुः-

- जीनबैंक डाटाबेश
- संकलन म्याप
- निर्णयहरु
- कर्यसम्पन्न प्रतिवेदन/प्रोफाईल, आदि।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा डिभिजन/सव-डिभिजन वन कार्यालयहरु वा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले आफ्नो वा मातहतका प्राविधिक कर्मचारी परिचालन गरी वा सेवा प्रदायक संस्थासँग वा आउटसोर्सिंग गरी सेवा खरिद गरी कार्य सञ्चालन गर्न सक्नेछन्।

५७. दुधमती नदी सरसफाई ग्रिनबेल्ट कार्यक्रम (वृक्षारोपण तथा संरक्षण)

कार्यक्रम सञ्चालन प्रक्रिया

यो कार्यक्रमको बिनियोजित रकम दुधमती नदीको सरसफाई, नदीको दुवै किनारामा विभिन्न प्रजातिको बहुमुल्य बोट विरुवा रोपण, धाट निमार्ण, हरित पार्क निर्माण तथा सौन्दर्यीकरण लगायतका कार्यमा खर्च गर्न सकिनेछ। यस कार्यक्रमको लागि विस्तृत रुपमा कार्य योजना बनाई डिभिजन वन कार्यालय बाट सिफारिश सहित स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयका प्राविधिक कर्मचारीहरुबाट वा संरक्षण समिति वा उपभोक्ता समितिबाट प्रचलित आर्थिक ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही कार्य सम्पादन गर्नु पर्दछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयका प्राविधिक कर्मचारीहरुबाट वा संरक्षण समिति वा उपभोक्ता समितिबाट कार्यक्रम सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धी

नदीको संरक्षण हरियालीमा अभिवृद्दि समेत भै आन्तरिक तथा बाह्य पर्यटन विकासमा टेवा पुग्नेछ।

५८. विभिन्न कृषि वन प्रणाली बारे अध्ययन अनुसन्धान तथा प्रतिवेदन तयारी

परिचय

प्रदेश नं.२ अन्तर्गत स्थापित विभिन्न कृषि वन प्रणाली बारे अध्ययन गरी उपयुक्त Model विकास गरी लागु गर्नु हो र सोको प्रतिवेदन तयार गरी सूचना वितरण गर्नु हो ।

उद्देश्य

- स्थापित विभिन्न कृषि वन प्रणाली बारे अध्ययन गरी उपयुक्त Model को विकास गरी लागु गर्नु हो।
- मुख्य मुख्य प्रजातिका रुख विरुवाहरुको तथा कृषि वालीरुको वृद्धि (Growth) अध्ययन गरी विश्लेषण गर्ने ।
- प्रतिवेदन तयार गर्ने ।
- Information dissemination गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहलको समन्यमा कार्य सञ्चालन गरिने ।

कार्यक्रम सम्पन्न पश्चात पेश गरिने कागजातहरु

- प्रतिवेदन पुस्तिका डिजिटल कपी समेत
- फोटोहहरु
- कार्यक्रमको उपलब्धि

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयबाट जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

५९. वायू प्रदूषन मापन केन्द्र स्थापना तथा सहयोग (संघीय सरकारको समन्वयमा)

परिचय

प्रदेश नं.२ अन्तर्गत मधेश भवनको हाता भित्र वा उद्योग, पर्यटन वन तथा वातारण मन्त्रालयले निर्णय गरेको स्थानमा वायु प्रदुषण मापन केन्द्रहरु स्थापना गरी प्रदुषणको स्तर आकलन गरी प्रदुषणको स्तर घटाउन आवश्यक योजना तर्जुमा गर्नु हो ।

उद्देश्य

- वायु प्रदुषण मापन केन्द्रहरु स्थापना गर्ने ।
- प्रदुषणको Level विश्लेषण गर्ने र प्रतिवेदन तयार गर्ने ।
- Information dissemination गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।
- वन अनुसंधान तथा प्रशिक्षण केन्द्र, बबरमहलको समन्यमा कार्य सञ्चालन गरिने ।

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

कार्यक्रम सम्पन्न पश्चात पेश गरिने कागजातहरु

- प्रतिवेदन पुस्तिका डिजिटल कपी समेत
- फोटोहहरु
- कार्यक्रमको उपलब्धि

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयबाट जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

६०. होमस्टे सञ्चालन तथा सहयोग कार्यक्रम (स्थापना भएको होमस्टेको स्तरोन्नती समेत)

कार्यक्रम सञ्चालन प्रक्रिया

यो प्रदेश अनुपम प्राकृतिक सौन्दर्यता, धार्मिक एवं साँस्कृतिक विविधता र ऐतिहासिक सम्पदाहरुले भरिएकोछ। प्रदेशमा रहेका यी अनुपम एवं अद्वितिय प्राकृतिक तथा साँस्कृतिक श्रोतहरु र ऐतिहासिक स्थलहरु पर्यटकीय धरोहरहरु हुन। यी सम्पदाहरुको संरक्षण, प्रवर्धन र विकासबाट मात्र आन्तरिक तथा बाह्य पर्यटन व्यवसाय फस्टाउन सक्छ। पर्यटन व्यवसायलाई दिगो र सेवामुलक बनाउन साथै उच्च प्रतिफल हासिल गर्न यसको विविधीकरण, प्रवर्धन र विकास गरी गुणस्तरियतामा विशेष ध्यान दिनुपर्ने हुन्छ। प्रदेशमा रहेका महत्वपुर्ण जैविकि विविधता, स्वच्छ पर्यावरण र मनोरमणीय भू-दृष्यहरु, धार्मिक स्थल, पुरातात्विक, ऐतिहासिक तथा साँस्कृतिक महत्वका क्षेत्र तथा ग्रामिण दुर्गम बस्तीहरुमा पर्यटन गतिविधीबाट लाभ लिन स्थानीय खानपान र आन्नददायी बसोबासको प्रबन्ध हुन आवश्यक छ। स्थानीय समुदायको अविस्मरणिय स्वागत सत्कार र पारिवारीक वातावरणमा रमाउने व्यवस्था हुनु जरुरी छ । यसको लागि प्रदेश सरकारको निति अनुरुप ग्रामिण क्षेत्रहरुमा होमस्टे सञ्चालन र व्यवस्थापन गर्नुपर्ने देखिन्छ। होमस्टेको माध्यमबाट ग्रामिण समुदायमा स्वरोजगारका अवसर सृजना हुने, आयआर्जनमा वृद्धी हुने, ग्रामिण पर्यटनमा महिला तथा सबै जातजाती र विपन्न समूह समेतको संलग्नता रहने गरी यस कार्यक्रममा बिनियोजित रकम होमस्टे (पाहुना घर) निर्माण, सञ्चालन, Furnishing, जङ्गल सफारीहरु, कलासँस्कृतिको प्रवर्द्धन, आदि लगायतका शीर्षकमा प्रचलित नर्म्स, जिल्ला दररेट, आर्थिक ऐन, नियम तथा कार्यविधि बमोजिम यस मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, भू तथा जलधार ब्यवस्थापन कार्यालयहरु मार्फत सञ्चालन गरिनेछ। कार्यक्रमहरु उपभोक्ता समुह/समितिबाट, अमानतबाट , कोटेसनबाट , ठेक्कापट्टाबाट सञ्चालन गरिनेछ

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय, डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरु, भू तथा जलधार ब्यवस्थापन कार्यालयहरुद्वारा वा बिभिन्न समूह/समिति मार्फत यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

होमस्टेको कार्यक्रम सम्पन्न भै आन्तरिक तथा बाह्य पर्यटनमा अभिवृद्धि भै स्थानीय जनताको क्षमता तथा आय आर्जनमा समेत सहयोग पुग्नेछ।

६१. सिमसार क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्यक्रम

परिचय

प्रदेश नं.२ अन्तर्गत पर्ने सिमसार क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यस कार्यक्रमको मूल उदेश्य सिमसार तथा अन्य पानीका श्रोतहरुको दिगो संरक्षण गर्नु हो।

कार्यक्रम सञ्चालन प्रक्रिया

- प्राकृतिक सिमसारहरुको प्राथमिकताको आधारमा (प्राकृतिक संवेदनशीलता र आर्थिक, समाजिक, साँस्कृतिक तथा पर्यटकीय महत्त्वका) संरक्षण, जिर्णोद्दार र व्यवस्थापनका कृयाकलापहरु सञ्चालन गरिनेछ। यसरी सिमसार क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गर्दा सिमसार क्षेत्रलाई पर्यापर्यटन, पर्या विकासको आधारको रुपमा लिईनेछ ।
- यस कार्यक्रमबाट नयाँ पोखरी निर्माण गर्नुपर्ने अवस्था भएमा वनक्षेत्रमा रुख विरुवाहरु नभएको र प्राकृतिक रुपमा पानी जम्ने वा खोंच, खोल्सा खोल्सी भएका स्थानहरुलाई प्राथमिकता दिईनेछ । क्षेत्र छनोट गर्दा सम्बन्धित सव डिभिजन वन कार्यालयहरु, स्थानीय सरोकारवालाहरुसँगको छलफल, अन्तरकृया र ठाँउको उपयुक्ततालाई आधार लिनुपर्नेछ ।
- यस कार्यक्रम अन्तर्गत वन क्षेत्र बाहिर पनि जिल्लामा रहेका प्राकृतिक तथा कृत्रिम पोखरीहरुलाई संरक्षण गर्न सकिनेछ।
- वन्यजन्तु, जनावर तथा मानिसको जिउज्यानको सुरक्षालाई ध्यानमा राखी सकेसम्म पोखरीको डिल कराही आकारको हुनु पर्नेछ।
- कार्यालयबाट स्थान छनौट, लागत अनुमान, डिजाईन, सम्झाता गरी कार्य सम्पन्न गर्नुपर्नेछ ।
- प्रगतिप्रतिवेदनमाकार्य हुनु पुर्व र कार्य सम्पन्न पश्चातको फोटो, पोखरीको साईज, क्षमता, जि.पि.एस. लोकेसन, रोजगारी श्रृजना र खर्च रकम, आदि उल्लेख गर्नुपर्नेछ ।

राम नरेश राय
मन्त्री

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रमको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट जनशक्ति व्यवस्थापन गरिनेछ।
- यो कार्य स्थानीय समुह मार्फत गर्न उपयुक्त हुनेछ।
- यो कार्य गर्दा स्थानीय तह सँग सहकार्य गर्न सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

यस खालका पोखरी निर्माण गर्दा वर्षातको पानी संकलन भै जमिन रिचार्ज हुनेछ, वन्यजन्तु तथा चराचुरुगींहरुको लागि पिउने पानीको श्रोत उपलब्ध हुनेछ, वन डढेलो नियन्त्रणका लागि उपयोग हुनेछ र सिंचाईको लागि समेत उपयोग हुनेछ।

६२. वातावरण सरसफाई तथा फोहोर व्यवस्थापन सहयोग मेशीनरी औजार समेत (स्थानीय तह र जनकपुर, बिरगंज को समन्वयमा)

परिचय

प्रदेश नं. २ भित्रका स्थानीय तह तथा महानगरपालिका, उप माहानगरपालिका र नगरपालिकाभित्र फोहोर मैला व्यवस्थापन गरी वातावरणीय सन्तुलन राख्नको लागि यो कार्यक्रम राखिएको हो।

कार्यक्रम सञ्चालन प्रक्रिया

यसका लागि आवश्यक पर्ने आधुनीक मेसीन औजार सम्बन्धित स्थानीय तहको माग बमोजिम निश्चित प्रतिशतसम्म समान खरिद गर्न सहयोग गर्न सकिनेछ। यसरी खरिद गरिने सामानमा सवारी साधन बाहेक फोहोर होल्डर कन्टेनर ल्यान्डफिड साईड बनाउने स्थानमा प्रयोगहुने मेसीन, आदिमा यो रकम खर्च गर्न सकिनेछ ।

<u>सामान तथा रकम निकासा दिंदा निम्न प्रक्रिया पुरा गर्नु पर्ने छ ।</u>

- स्थानीय तहको माग पत्र
- सो सामान उपलब्ध गराउनु पर्ने कारण सहितको पत्र
- सो परियोजनामा स्थानीय तहको कुल लगानी

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यलयहरुबाट यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

यो कार्यक्रमले स्थानीय तह तथा प्रदेश सरकार बिच आपसी सहयोग र समझदारी विकासको गति अघि बढ्नेछ ।

६३. फोहोरमैला व्यवस्थापनको सम्भाव्यता अध्ययन अनुसन्धान

प्रदेश भित्रका १३६ स्थानीय तहको कुनैपनि स्थानीय निकायका आन्तरिकस्तरमा उत्पादन भएको फोहोरमैला व्यवस्थापनको लागि प्रचलित कानुन अनुसार प्रस्ताव माग गरी परामर्श सेवा मार्फत सम्भाव्यता अध्ययन अनुसन्धान गर्न सकिनेछ ।

६४. प्रदेश नं. २ अन्तर्गतका पर्यटकीय क्षेत्रहरुको सम्भाव्यता अध्ययन तथा गुरुयोजना (Tourism Master Plan) तयार गर्ने

परिचय

विकासका विभिन्न आयामहरु मध्ये पर्यटन विकास अहिलेको परिप्रेक्ष्यमा आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको छ। यस सम्बन्धमा यस प्रदेशले पनि पर्यटन विकासको लागि आवश्यक वस्तुगत विवरण संकलन गरी पर्यटन गुरुयोजना तयार गर्नुपर्ने देखिन्छ। यसरी तयार हुने गुरु योजनाले प्रदेश भित्र रहेका प्रमुख पर्यटकीय स्थलहरु, स्थानीय कला सँस्कृती, रीति-रिवाज, प्राकृतिक सम्पदाहरु लगायतका पर्यटकीय आकर्षणका क्षेत्रहरुको यर्थाथलाई तथ्य र तथ्याँक मार्फत उजागर गर्नेछ ।

उद्देश्य

पर्यटन गुरु योजनाको मुख्य उद्देश्य भनेको पर्यटन विकाससँग सम्बन्धित विकास योजना तथा वार्षिक बजेट तर्जुमाको आधार तयार गरी प्रदेश भित्र अगामी दिनमा पर्यटन क्षेत्रको विकासको लागि मार्गचित्र तयार गर्नु हो ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यो कार्यक्रम सेवा प्रदायक संघ संस्था वा अमानतबाट प्रचलित आर्थिक ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही कार्य सम्पादन गर्नुपर्नेछ।

राम नरेश राय

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहातको कार्यालयबाट जनशक्तिको व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

अबका दिनहरुमा प्रदेशले अवलम्वन गर्ने नीति कार्यक्रम तथा बजेटलाई परिणाममूखी बनाउन निर्माण हुने पर्यटन विकास गुरुयोजना र यसको कार्यान्वयनबाट समग्र भुगोल, पर्यटन तथा सम्बन्धित गतिविधिहरु र पर्यटन विकासको लागि चाल्नु पर्ने कदमहरुलाई समेत समेटी यस भित्रका विविध आयामहरुको माध्यमबाट पर्यटनसँग सम्बन्धित योजनाहरु निर्माण गर्न सहज हुनेछ ।।

६५. पर्यटकीय परिपथ पदमार्गको सम्भाव्यता अध्ययन

परिचय

यस प्रदेश भरिका सबै जिल्लाहरुमा रहेका धार्मिक तथा ऐतिहासिक महत्त्वका पर्यटकीय गन्तव्यहरु पहिचान गरी पर्यटकीय परिपथको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

उद्देश्य

ऐतिहासिक महत्त्वका गन्तव्यहरुको यादगार उजागर भै पर्यटकको आवागमनमा वृद्धि भै पर्यटन व्यवसायमा अभिवृद्धि गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

अध्ययन पश्चात पहिचान भएका पर्यटकीय महत्त्वका स्थानहरु जोड्ने परिपथको नक्सा तयार गरी प्रकाशन गरिनेछ तथा पहिचान हुने पथको सुदृढीकरण गर्ने कार्यको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराईनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयबाट वा सेवा प्रदायक संघ संस्थाबाट प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही कार्य सम्पादन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

पर्यटकीय परिपथको लागि सम्भाव्यता अध्ययन हुनेछ।

६६. SEZ निर्माणका लागि संभाव्यता अध्ययन

परिचय

निर्यात प्रवर्द्धनको माध्यमबाट मुलुकमा औद्योगिकरणको प्रकृया अघि बढाई आर्थिक विकासको गतिलाई तीब्रता प्रदान गर्नको लागि विशेष आर्थिक क्षेत्रको स्थापनार्थ सम्भाव्यता अध्ययन वान्छनीय रहेको छ ।नेपाल सरकारले सूचना प्रकाशन गरी नेपालको कुनै स्थानलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्न सक्ने कानूनी प्रावधान रहेको छ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

तपसिल बमोजिमका उद्येश्य प्राप्तिका लागि विशेष आर्थिक क्षेत्र (**SEZ**) स्थापनार्थ आर्थिक ऐन नियन बमोजिमका प्रकृया पूरा गरी आउट सोर्सिंगबाट सेवा खरिद गरी सम्भाव्यता अध्ययन **(Feasibility Study)** गरिनेछ ।

- निर्यात प्रशोधन तथा निर्यात प्रबद्र्धन गृह निर्माणकालागि स्थल छनौट गर्ने ।
- प्रदेश सरकारले संघीय सरकारसंग समन्वय गरी सूचना प्रकाशन गरी प्रदेश नं.२ को कुनै स्थानलाई विशेष आर्थिक क्षेत्र पहिचान गर्ने ।
- निर्यात प्रशोधन तथा निर्यात प्रबद्र्धन गृह निर्माणकालागि आवश्यक कानूनी प्रकृया पूरा गर्नु पर्ने ।
- विशेष आर्थिक क्षेत्र स्थापना गर्न उपयुक्त स्थान छनौटकालागि सर्वेक्षण गर्ने ।
- प्रचलित वन ऐन,२०७६, वन नियमावली २०७१ तथा प्रचलित ऐन, नियमको परिधि भित्र रही कार्य सञ्चालन गरिनेछ।

कार्य सम्पन्न पश्चात पेश गरिने कागजातहरुः-

- कर्यसम्पन्न प्रतिवेदन,
- सम्भाव्यता अध्ययन प्रतिवेदन,
- फोटोहरु ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयहरुबाट जनशक्ति व्यवस्थापन गरी सम्पन्न गरिनेछ।

६७. औद्योगिक क्षेत्र निर्माणका लागि DPR

परिचय

प्रदेश नं.२ अन्तर्ग रहेको आद्योगिक क्षेत्र तथा सम्भाव्य आद्योगिक क्षेत्ररुको पहिचान गरी DPR तयार गरी क्रमशः उद्योगहरु स्थापना गर्दै जानु हो।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

कार्यक्रम सम्पन्न पश्चात पेश गरिने कागजातहरु

- DPR
- फोटोहहरु
- कार्यक्रमको उपलब्धि

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय तथा घरेलु तथा साना उद्योग कार्यालयहरुद्वारा जनशक्ति व्यवस्थापन गरिनेछ।

६८. बारा जिल्लाको निजगढमा निर्माणाधिन दोस्रो अन्तराष्ट्रिय विमानस्थलको व्यवसायिकतालाई ध्यानमा राख्दै कोशी टप्पु, जनकपुर, पर्सा नेशनल पार्क रुटलाई केन्द्रमा पर्ने गरी पुर्व पश्चिम राजमार्ग सँगै फास्ट ट्र्याक जोडिने स्थानको दायाँ बाँया मनोरञ्जनात्मक साँस्कृतिक बगैंचा बारे सम्भाव्यता अध्ययन

परिचय

कोशी टप्पु, जनकपुर, पर्सा नेशनल पार्क रुटलाई केन्द्रमा पर्ने गरी पुर्व पश्चिम राजमार्ग सँगै फास्ट ट्र्याक जोडिने स्थानको दायाँ बाँया मनोरञ्जनात्मक साँस्कृतिक बगैंचा बारे संम्भाव्यता अध्ययन गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

उक्त रुटमा निर्माण भै सञ्चालन हुने मनोरञ्जनात्मक साँस्कृतिक बगैंचा पयर्टकहरुको लागि आकर्षक गन्तव्य को रूपमा स्थापना गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत बारा जिल्लाको निजगढमा निर्माणाधिन दोस्रो अन्तराष्ट्रिय विमानस्थलको व्यवसायिकतालाई ध्यानमा राख्दै पर्सा नेशनल पार्क रुटलाई केन्द्रमा पर्ने गरी पुर्व पश्चिम राजमार्ग सँगै फास्ट ट्र्याक जोडिने स्थानको साथै कोशी टप्पु, जनकपुर, लगायतका महत्त्वपूर्ण पर्यटकीय स्थलहरुको मार्गमा पर्ने सडक किनारमा दायाँ बाँया मनोरञ्जनात्मक साँस्कृतिक बगैंचा बनाउने बारे सम्भाव्यता अध्ययन गराईनेछ। अध्ययन प्रतिवेदनले पुष्ट्याउने कार्यहरु सम्बन्धी योजना तर्जुमा गरी आगामी आ.व. देखि आवश्यक कार्यहरु सञ्चालन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयबाट वा सेवा प्रदायक संघ सस्थाबाट वा कन्सलटेन्सी सेवा वा अमानतबाट प्रचलित आर्थिक ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन र स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधि भित्र रही कार्य सम्पादन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

स्वक्ष वातापरण निर्माणमा टेवा पुग्नेछ।

६९. प्रदेशको जनकपुर तथा विरगञ्जमा प्लानेटेरियम (Planetarium) को स्थापना गर्ने गरी संभाव्यता अध्ययन

परिचय

तारामंडल **(Planetarium)** एक थिएटर हो जुन खगोल विज्ञान र रातको आकाशको बारेमा शैक्षिक र मनोरन्जनात्मक कार्यक्रम प्रस्तुत गर्दछ वा आकाशीय नेभिगेशनको प्रशिक्षण गर्दछ। विज्ञान संग्रहालय र तारामंडल एक अन्तर्क्रियात्मक जटिल गतिविधि हो जसले प्रदर्शन, मोडेल, मल्टिमेडिया प्रस्तुतिकरण र वास्तविक वस्तुहरूको विस्तृत श्रृंखला प्रदर्शन गर्दछ।

उद्देश्य

यसको जटिल उद्देश्य प्रदेश प्लानेटेरियम स्थापनाको लागि योजना निर्माण गर्नु हो।

कार्यक्रम सञ्चालन प्रक्रिया

- स्थान छनौट गर्न स्थानीय तहसँग समन्वय गरिने।
- आवश्यकता अनुसार कार्यदल गठन गर्न सकिने।
- प्रदेश प्लानेटेरियम तथा विज्ञान संग्रहालयरअनुसन्धान केन्द्र निर्माणको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि **ToR** विकास गरी परामर्श सेवा खरिद गरिने ।
- अध्ययन प्रतिवेदन अनुसार **DPR** निर्माण गरिने।
- यस कार्य सम्पन्न गर्नकोलागि विज्ञान तथा प्रविधि प्रतिष्ठानसँग समन्वय गरिने ।
- यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली , सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन, नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिने

- कार्यक्रमको भौतिक तथा भारित प्रगति
- कार्यक्रमको उपलव्धी प्रभाव र असर
- कार्यक्रम सम्बन्धी फोटोहरु

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेशभित्र उपयुक्त स्थानमा प्रदेश प्लानेटेरियम स्थापनाको लागि योजना निर्माण हुनेछ।

७०. संभाव्य औद्योगिक करिडरको पहिचान अध्ययन अनुसन्धान

परिचय

प्रदेश नं.२ अन्तर्गत रहेको आद्योगिक क्षेत्र तथा सम्भाव्य आद्योगिक कोरिडोरहरुको पहिचान गरी खास खास उत्पादनको सम्भाव्यता अध्ययन गर्नु हो र औद्योगिक क्षेत्रको विकासकोलागि वस्तुगत तथा नगद अनुदान सहयोग उपलब्ध गराउनु हो ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

कार्यक्रम सम्पन्न पश्चात पेश गरिने कागजातहरु ः

- DPR
- फोटोहहरु
- कार्यक्रमको उपलब्धि

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा वाणिज्य तथा उपभोक्ता हीत संरक्षण निर्देशनालय वा घरेलु तथा साना उद्योग कार्यालयहरुद्वारा जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

७१. वन सम्बन्धी गोष्ठी, छलफल र अन्तरक्रिया

उद्देश्य

जिल्लाका स्वीकृत कार्यक्रमहरु प्रभावकारी रुपले कार्यान्वय गर्न गराउन, वन तथा वन्यजन्तुको संरक्षण, चोरी निकासी, अतिक्रमण तथा आगलागि/वन डढेलो नियन्त्रण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

आवश्यकतानुसार सरोकारवालाहरुसँग अन्तरकृया, समन्वय बैठक तथा छलफलको लागि आवश्यक पर्ने स्टेशनरी, खाजा/खाना, यातायात तथा दैनिक/बैठक भत्ता, हलभाडा, प्रशिक्षक भत्ता, कार्यपत्र, आदिमा खर्च गर्न सकिनेछ । गोष्ठी, छलफल र अन्तरक्रियाको औचित्य, स्थान र मिति देखिने तालीमको फोटो दृष्यहरु समावेश गरी प्रतिवेदन अनिवार्य रुपले तयार गरी पेश गर्नुपर्नेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्र वा डिभिजन/सव-डिभिजन वन कार्यालयहरुबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकायहरुसँग वन र वन्यजन्तुसँग सम्बन्धित बिषयवस्तुबारे गोष्ठी, छलफल र अन्तरक्रिया मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्नेछ ।

७२. वन पैदावार अत्याधिक दोहन नियन्त्रण प्रशिक्षण तालीम

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम वन/वनस्पति, वन्यजन्तु तथा वन्यजन्य वस्तु संरक्षण, चोरी निकासी तथा दोहन नियन्त्रण गर्न आवश्यकतानुसार सरोकारवालाहरुसँग तालीमको लागि आवश्यक पर्ने स्टेशनरी, खाजा/खाना, यातायात तथा दैनिक/बैठक भत्ता, हलभाडा, प्रशिक्षक भत्ता, आदिमा प्रचलित आर्थिक कार्यविधि ऐन,नियमावली, सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्र वा डिभिजन वन कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन पैदावार अत्याधिक दोहन नियन्त्रण तथा संरक्षण कार्यमा टेवा पुग्नुको साथै स्थानीयहरु सचेत हुनेछन्।

७३. मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, राहत वितरण तथा वन्यजन्तु उद्धार

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रदेशका विभिन्न गाउँबस्तिमा वन्यजन्तुहरु जस्तै-(निलगाई, बाँदर, हात्ती, चितुवा, चित्तल, आदि) अनियन्त्रित भै जनधनको क्षति पुऱ्याईरहेको देखिन्छ र त्यसकारण वन्यजन्तु र मानव बिचको द्वन्दले गम्भिर समस्या उतपन्न भएको पनि देखिन्छ। त्यस्तो अवस्थालाई सहजीकरण गर्न, यस कार्यक्रममा बिनियोजित रकम वन्यजन्तुको उद्धार गर्न, द्वन्द व्यवस्थापन गर्न तथा वन्यजन्तुबाट हुने क्षतिको

भर्पाई गर्न आवश्यकतानुसार राहत वितरण गर्न प्रचलित आर्थिक ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्र वा डिभिजन वन कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन्यजन्तु र मानव बिचको सम्बन्धमा सकारात्मक असर पर्नुको साथै वन्यजन्तुको समयमा उद्धार भै संरक्षण हुनेछ।

७४. वार्षिक पुस्तिका प्रकाशन

यस मन्त्रालय र मातहतका निकायहरुले आफ्नो कार्यक्षेत्र, कार्यविवरण, कार्यक्रम, प्रगतिलाई समावेश गरी आफ्नो वार्षिक पुस्तिका प्रकाशन गर्नुपर्नेछ। यस कार्यक्रममा बिनियोजित रकम प्रचलित आर्थिक ऐन, नियम तथा कानुन बमोजिम खर्च गर्न सकिनेछ।

७५. तालीम, अन्तरक्रिया, गोष्ठी

कार्यक्रम सञ्चालन प्रक्रिया

जिल्लाका स्वीकृत कार्यक्रमहरु प्रभावकारी रुपले कार्यान्वय गर्न गराउन, वन तथा वन्यजन्तुको संरक्षण, चोरी निकासी, अतिक्रमण तथा आगलागि/वन डढेलो नियन्त्रण गर्न आवश्यकता अनुसार सरोकारवालाहरुसँग तालीम, अन्तरकृया, समन्वय बैठक तथा छलफलको लागि आवश्यक पर्ने स्टेशनरी, खाजा/खाना, यातायात तथा दैनिक/ बैठक भत्ता, हलभाडा, प्रशिक्षक भत्ता, आदिमा खर्च गर्न सकिनेछ। गोष्ठी, छलफल र अन्तरक्रियाको औचित्य, स्थान र मिति देखिने तालीमको फोटो दृष्यहरु समावेश गरी प्रतिवेदन अनिवार्य रुपले तयार गरी पेश गर्नुपर्नेछ। साथै यस कार्यक्रमबाट मन्त्रालय र मातहातका निकाय र सरोकारवालाहरुको लागि समेत आवश्यक तालीम, गोष्ठी र अन्तरकृया गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्र वा डिभिजन वन कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका निकायहरुसँग वनसँग सम्बन्धित बिषयवस्तुवारे गोष्ठी, छलफल र अन्तरक्रिया मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्नेछ।

७६. भवन निर्माण कार्यालय प्रयोजन

परिचय

यस मन्त्रालय मातहतका कार्यालयहरुको भवन निर्माण लगायत अधुरो भवन पुरा गर्न यो शीर्षकमा बिनियोजित रकम कार्यक्रम स्विकृत भै प्रचलित आर्थिक ऐन, नियमलाई पालना गरी सम्बन्धित कार्यका लागि खर्च गर्नुपर्नेछ ।

उद्देश्य

कार्यालयको आफ्नै भवन निर्माण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रचलित आर्थिक ऐन, नियमलाई पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ । कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- भवन निर्माण तथा मर्मत भएको स्थान र निर्मित भवनको फोटो
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

जनशक्ति व्यवस्थापन

उक्त कार्यक्रम सञ्चालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा अन्य सरकारी निकायको प्राविधिकको सहयोगमा प्रदेश वन निर्देशनालय, डिभिजन तथा सव-डिभिजन वन कार्यालय तथा वन अनुसन्धान तथा तालीम केन्द्र मार्फत कार्यान्वयन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

कार्यालयको आफनै भवन निर्माण भै कार्यालय सञ्चालनमा सहजता हुनेछ।

७७. महत्त्वपूर्ण तथा लोपोन्मुख फलफुल प्रजातिको विरुवा खरिद-वृक्षारोपण-वितरण

परिचय

स्थानीयस्तरमा महत्त्वपूर्ण तथा लोपोन्मुख फलफूल प्रजातिका विरुवाहरुको संरक्षण र विस्तार गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

स्थानीयस्तरमा विभिन्न प्रजातिका फलफूलका विरुवाहरु सहज रुपमा उपलब्ध गराई स्थानीयहरुलाई लाभान्भित गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

सम्बन्धित कार्यालयले कृषि सेवाका प्रवधिकसँग समन्वय गरी स्थानीयस्तरमा प्राथमिकतामा परेका वा लोपोन्मुख फलफूलका विरुवाहरु खरिद गरी प्रभावकारी रुपमा रोपण कार्य (वृक्षारोपण) गर्ने गराईनेछ।यस शीर्षकमा बिनियोजित रकम फलफूलको विरुवा, कलमी, ग्राफ्टिङ, आदि (अनार, कागती, लिची, आँप, रुखकटहर, अमला, अम्बा, भोगटे, सरीफा, अमिलो साथै अनुसन्धानमा देखिएका लोपोन्मुख फलफूल प्रजातिहरु, आदि) खरिद गरी वृक्षारोपण गर्नुका साथै ढुवानी खर्चमा समेत व्यहोर्न सकिनेछ। विरुवा खरिद गर्दा वन सेवाका प्राविधिक कर्मचारीको प्राविधिक प्रतिवेदनका आधारमा रोपण योग्य बहुवर्षीय फलफूल विरुवा स्वीकृत बजेट, प्रचलित बजार भाऊ तथा स्वीकृत जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी बहुवर्षीय महत्त्वपूर्ण फलफूलका विरुवाहरु खरिद, ढुवानी वृक्षारोपण तथा वितरण गरिनेछ। कार्यक्रम सम्पन्न गरीसकेपछी फलफूल प्रजातिको विरुवा वितरण गरीएको भर्पाई रजिष्टर सहितको प्रतिवेदन साथ आवश्यक फोटोहरु पेश गर्नुपर्नेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयहरुबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

करिब १५ हजार विभिन्न प्रजातिका फलफूलका विरुवाहरु उत्पादन तथा वितरण भएको हुनेछ।

७८. प्रदेशस्तरीय वृक्षारोपण नमुना प्लट निर्माण

उद्देश्य

प्रदेश नं.२ अन्तर्गत विभिन्न स्थानहरुमा रहेको सार्वजनिक तथा खाली जग्गामा नमुना प्लट निर्माण तथा वृक्षारोपण गरी वातावरण स्वच्छ र निर्मल बनाउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत प्रदेश नं. २ को विभिन्न स्थानहरुमा महत्वपूर्ण वनस्पति तथा जडिबुटिहरुको वृक्षारोपण गरिनेछ। यस कार्यक्रममा बिनियोजित रकम उपलब्ध खाली जग्गाहरु, गाउँमा भएका सार्वजनिक पर्ति जग्गा, सडक किनार एवंम हैसियत बिग्रेको वन क्षेत्रमा (२० प्रतिशत भन्दा कम क्राउन कभर भएको) नमुना प्लट निर्माण गरी आर्थिक महत्त्वका बोट विरुवा/वनस्पति तथा जडिबुटिहरुको वृक्षारोपण गर्न अन्य ठाउँहरुमा पनि प्रतिकृति (replication) गर्न स्वीकृत नर्म्स, जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रक्रिया अवलम्वन गरी महत्त्वपूर्ण विरुवाहरु खरिद, ढुवानी, नमुना प्लट निर्माण तथा वृक्षारोपणमा खर्च गर्न सकिनेछ। वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म सबै (बारबेर, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु, आदिको) उपाय अवलम्वन गर्नुपर्नेछ। बस्तीदेखि टाढा रहेका सरकारी एवं नाङ्गा वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन कार्य सेवा प्रदायक मार्फत समेत गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालयबाट वा डिभिजन/सव-डिभिजन वन कार्यालयले अमानतबाट वा स्थानीय वन उपभोक्ता समुह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ अन्तर्गतका स्थानमा नमुना प्लट निर्मान र बोट विरुवा/वनस्पति तथा जडिबुटिहरुको वृक्षारोपण भै अन्य ठाँउमा पनि प्रतिकृति (replication) गर्ने कार्य सफलतापूर्वक सम्पन्न हुनेछ।

७९. फर्निचर तथा फिक्चर्स खरिद

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम मन्त्रालय र मातहतका कार्यालयहरूलाई व्यवस्थित तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन रिभल्विंग चेयर, सोफासेट, टेबल, कुर्सी, कारपेट, पर्दा, पलंग, दराज लगायतका फर्निसिंग सामाग्री खरिद, ढुवानी तथा फिक्सींग गर्ने कार्यमा खर्च गर्न सकिने छ। रकम खर्च गर्दा प्रचलित आर्थिक ऐन, नियमलाई पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ।

जनशक्ति व्यवस्थापन

मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

मन्त्रालय र मातहतका कार्यालयहरूको व्यवस्थापन सहज भै सेवा प्रवाहको प्रभावकारितामा वृद्धि हुनेछ।

८०. मेशिनरी तथा औजार खरीद

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम मन्त्रालय र मातहतका कार्यालयहरूलाई व्यवस्थित तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त प्रभावकारी बनाउन कमप्यूटर,लैपटप, डेस्कटप, सोलार, ब्याट्री, ईन्भर्टर, क्यामरा, कार्यालय प्रयोजन मोबाइल, डिजिटल हाजिरी मशिन, सि.सि.टि.भी क्यामरा, डिजिटल तथा फरेस्ट टेक्निकल ईक्वीपमेन्ट लगागतका अत्यावश्यक सामाग्रीहरु आर्थिक ऐन तथा नियमावली अनुसार खरिद गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारी मार्फत कार्यान्वयन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

मन्त्रालय र मातहतका कार्यालयहरूको व्यवस्थापन सहज भै सेवा प्रवाहको प्रभावकारितामा वृद्धि हुनेछ।

८१. सघन कृषि वन कार्यक्रम

कार्यक्रम सञ्चालन प्रक्रिया

निजी जग्गाको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीय जनताको आयआर्जनमा सहयोग पुर्याउनका लागि निजी जग्गा धनी वा निजी जग्गा धनीहरुको समुह तथा सहकारीको माध्यमबाट त्यस्ता क्षेत्रहरुमा हावापानी सुहाउँदो कृषि वन प्रणाली लागु गरिनेछ साथै **Agroforestry** मा फलफूल विरुवा खरिद गरी वितरण गर्ने कार्यलाई पहिलो प्राथमिकता दिईनेछ।

८२. निजी वन, नर्सरी तथा कृषि वन स्थापना सहयोग कार्यक्रम

उद्देश्य

निजी जग्गा/सार्वजनिक तथा हैसियत बिग्रेको वन क्षेत्रमा जमीनको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीय जनताको आयआर्जनमा सहयोग पुर्याउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

निजी जग्गा धनी तथा सहकारीको माध्यमबाट त्यस्ता क्षेत्रहरुमा हावापानी सुहाउँदो कृषि वन प्रणाली लागु गरिनेछ ।

क. निजी जग्गामा कृषि वन प्रवर्द्धन

- जिल्लामा कृषि वनको अभ्यास एवं सुरुवात गर्नुपर्नेछ। अगुवा किसानहरु, कृषि सहकारी मार्फत सम्भव भए तिनको क्लस्टर अनुसार, स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क गठन गर्नुपर्नेछ ।
- नीजि जग्गामा कृषि वन प्रवर्द्धन गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा वहुवर्षिय टिक, महोगनी रुखहरु अमला, अम्बा कटहर, बडहर लगायतका फलफुल प्रजातिका विरुवाहरु साथै अम्रिसो, बाँस, एभोकाडो, आदिका विरुवा एवं उन्नत बिउबिजन, प्राङ्गारिक जैविक मल, आदि खरिद गर्नका लागि नगद अनुदान पनि दिन सकिनेछ ।
- कृषि वन सम्बन्धी फिल्ड स्तरिय कोचिङ्ग तथा उपलब्ध भए स्थानीयस्तरमा विद्यमान कृषक समूहसँग समन्वय गरी कार्य गर्नुपर्नेछ ।

- कृयाकलापहरु सम्पन्न गर्नका लागि आवश्यक परेमा स्थानीय कृषि विकास कार्यालय, पशु सेवा कार्यालय तथा अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ ।
- कार्यक्रम सञ्चालन गरेको समय, मिति, विवरण, सहभागी र सहयोगको विवरण उल्लेख गरी प्रतिवेदनमा समेत राख्नु पर्दछ ।

ख. सार्वजनिक तथा हैसियत बिग्रेको वन क्षेत्रमा कृषिवन प्रवर्द्धन

- डिभिजन वन कार्यालयले आवश्यकता महशुस गरी प्रस्ताव गरेको सार्वजनिक तथा २० प्रतिशत भन्दा कम क्षेत्र घनत्व (क्राउन कभर) भएको खस्केको वन, भू–संरक्षणको दृष्टिकोणबाट संवेदनशील क्षेत्र, सीमान्तकृत हैसियत बिग्रेको वन क्षेत्र, नदी वा नहर किनारमा, खाली सार्वजनिक स्थानमा समूहहरु परिचालन गरी कृषि वन विकासका लागि योजना (**Implementation plan**) बनाई कार्यान्वयनमा लगिनेछ ।
- उक्त क्षेत्रहरुमा आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा वहुवर्षिय टिक, महोगनी रुखहरु अमला, अम्बा कटहर, बडहर लगायतका फलफुल प्रजातिका विरुवाहरु साथै अम्रिसो, बाँस, लगायत स्थानीय रुख जडीबुटी प्रजातिका विरुवा मात्र रोपण गर्न पाइनेछ।
- योजना तयार गर्दा वृक्षारोपण गरिने स्थान, क्षेत्रफल, विरुवा संख्या, नक्शा, योजना, फोटोहरु, आदि राख्नु पर्नेछ।
- कार्यक्रमको अनुगमन प्रदेश वन निर्देशनालय/डिभिजन वन कार्यालयले गर्नुपर्नेछ ।

ग. नर्सरीः

नर्सरी नभएका क्षेत्रमा कम्तिमा ५००० भन्दा बढी विरुवा उत्पादन हुनेगरी नयाँ नर्सरी स्थापना गर्न चाहने नर्सरी धनीलाई (बिगतमा यस्तो सहयोग प्राप्त नभएको) आवश्यक प्रजातिका गुणस्तरीय विरुवा उत्पादन गरी आफ्नो जग्गामा रोपण गर्ने शर्तमा बढीमा रु. १०,००० (दश हजार मात्र) अनुदान उपलब्ध गराईनेछ ।

जनशक्ति व्यवस्थापन

निजी जग्गा वा सार्वजनिक तथा हैसियत बिग्रेको वन क्षेत्रमा कृषिवन प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि अगुवा किसानहरु, संघ संस्था, कृषि सहकारी समेतको संलग्नतामा अनौपचारिक समूह वा नेटवर्क गठन गरी स्थानीय तहमा रहेका कृषि, पशु विकासका प्राविधिकहरु समेतको सहयोगमा डिभिजन/सब डिभिजन वन कार्यालय मार्फत सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- निजी एवं सार्वजनिक तथा हैसियत बिग्रेको वन क्षेत्रमा हरियाली प्रवर्द्धन भै जमिनको हैसियतमा सुधार हुनेछ।
- विभिन्न प्रजातिका डालेघाँस, जडिबुटी तथा फलफूलको प्रवर्द्धनबाट व्यक्ति/समुदायको आयआर्जनमा टेवा पुग्नेछ ।

८३. वन अतिक्रमण, चोरी निकासी र आगलागि नियन्त्रण

उद्देश्य

वन अतिक्रमण, चोरी निकासी र आगलागि नियन्त्रण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

(क) वन अतिक्रमण र चोरी निकासी नियन्त्रणः वन अतिक्रमण र चोरी निकासी नियन्त्रण गर्न सुरक्षा निकाय, सरोकारवाला र राजनीतिक दलहरुसँगको समन्वयात्मक एवं सहभागितामूलक छलफल गरी सञ्चालन गर्दा सहज र सफल भएको सिकाइको आधारमा यो कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिइएकोछ । यस कार्यक्रममा विनियोजन गरीएको बजेट समन्वय बैठक, वन गस्ती, गस्ती टोलीलाई खाजाको व्यवस्था लगायत वन अतिक्रमण, चोरी निकासी नियन्त्रण गर्ने कार्यमा खर्च हुने ईन्धन, गाडी मर्मत जस्ता शीर्षकहरुमा खर्च गर्न सकिनेछ । यस कृयाकलापको प्रगति विवरण पठाउंदा अतिक्रमण हटाइएका विवरण तथा चोरी निकासी नियन्त्रण सम्बन्धी कार्यमा भएका प्रगतिहरुको फोटो लगायतका विवरणहरु पेश गर्नुपर्नेछ ।

(ख) वन डंढेलो तथा अग्नि नियन्त्रण व्यवस्थापनः गर्मीयाम (फाल्गुण चैत्र देखिनै) वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागि एवं डंढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आउने भएकोले त्यसको नियन्त्रण गर्न यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। वन डंढेलो सम्बन्धी **Document** हरु वन तथा भू–संरक्षण विभागको **website** मा उपलव्ध छ। साझेदारी/ सामुदायिक वन उपभोक्ता समुह लगायत अन्य सरोकारवालाहरुको सञ्जाल निमार्ण गरी यसको परिचालन गर्दा वन डंढेलो नियन्त्रणमा केही हदसम्म सफलता प्राप्त गर्न सकिन्छ।विनियोजन गरीएको रकम सरोकारवालाहरुको समन्वय र सहकार्यमा, अग्नि नियन्त्रक परिचालन, प्रचारप्रसार सामाग्री व्यवस्थापन तथा वितरण, वन डंढेलो नियन्त्रण सम्बन्धी सूचना तथा सन्देश प्रसारण, वन डंढेलो नियन्त्रण कार्यमा खटिंदा खर्च हुने ईन्धन एवं खाजा, दै.भ्र.भ., गाडी मर्मत, अग्नि नियन्त्रण सामग्री खरिद लगायतका विषयमा समेत खर्च गर्न

सकिनेछ। यस कृयाकलापको प्रगति विवरण पठाउंदा संजाल सम्बन्धी विवरण र यसको परिचालनबाट भएका ठोस उपलव्धिहरु उल्लेख गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन अतिक्रमण, चोरी निकासी र आगलागि नियन्त्रणमा सहयोग भै वन जंगलको संरक्षणमा टेवा मिल्नेछ।

८४. शहरी वन विकास तथा व्यवस्थापन (जिल्ला सदरमुकाम)

उद्देश्य

जिल्ला सदरमुकाम तथा शहरोन्मुख शहरलाई प्रदुषणमुक्त तथा सौन्दर्य बढाउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम शहर भित्रका बाटो छेउछाउ विभिन्न प्रजातिको बहुमुल्य बोट विरुवा रोपण, हरित पार्क निर्माण तथा सौन्दर्यीकरण लगायतका कार्यमा खर्च गर्न सकिनेछ। यस कार्यक्रमको लागि विस्तृत कार्य योजना बनाई डिभिजन वन कार्यालयबाट सिफारिश सहित स्वीकृत लागत इष्टिमेट तथा डिजाईन बमोजिम डि.व.का., संघ संस्था वा उपभोक्ता समिति मार्फत प्रचलित आर्थिक ऐन तथा नियमावली, स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको परिधीभित्र रही कार्य सम्पादन गर्नु पर्दछ ।

जनशक्ति व्यवस्थापन

जनशक्ति व्यवस्थापनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयका प्राविधिक कर्मचारीहरुबाट वा सेवा प्रदायक संघ संस्थाबाट कार्यक्रम सञ्चालन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ मा शहरी वन विकास तथा व्यवस्थापन कार्य सम्पन्न हुनेछ।

८५. प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धि तालीम

उद्देश्य

ईच्छुक व्यक्ति/संघ संस्थाका व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

वन क्षेत्रको समग्र व्यवस्थापनका लागि श्रोत व्यक्ति तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यालयहरुमा कार्यरत जनशक्तिहरुमा दक्षता अभिवृद्धि गर्न कम्तिमा रेञ्जर स्तरका कर्मचारीहरु तथा व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्न देश भित्र तथा छिमेकी देशका विज्ञ प्रशिक्षकबाट प्रचलित नर्म्स अनुसार स्वीकृत लगत ईष्टिमेट बमोजिम यो तालीम सञ्चालन गरी बिनियोजित रकम खर्च गरिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, निर्देशनालयहरु वा डिभिजन/सव-डिभिजन वन कार्यालयबाट जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धि तालीम सफलतापूर्वक सम्पन्न भै ईच्छुक व्यक्तिहरु लाभान्भित हुनेछन्।

८६. कार्यक्रम समन्वय तथा सहजीकरण र व्यवस्थापन रेखदेख

उद्देश्य

जिल्लाका स्वीकृत कार्यक्रमहरु प्रभावकारीरुपले कार्यान्वय गर्ने गराउन, योजना तर्जुमा गर्ने, वन तथा वन्यजन्तुको संरक्षण, चोरी निकासी, अतिक्रमण तथा आगलागि/वन डढेलो नियन्त्रण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

आवश्यकतानुसार सरोकारवालाहरुसँग अन्तरकृया, समन्वय बैठक, व्यवस्थापन रेखदेख अनुगमन तथा छलफलको लागि आवश्यक पर्ने स्टेशनरी, खाजा/खाना, यातायात तथा दैनिक भ्रमण/बैठक भत्ता, हलभाडा, प्रशिक्षक भत्ता, आदिमा खर्च गर्न सकिनेछ। कार्यक्रम समन्वय तथा सहजीकरण र

व्यवस्थापन रेखदेख गोष्ठी, छलफल र अन्तरक्रियाको औचित्य, स्थान र मिति देखिने तालीमको फोटो/दृष्यहरु समावेश गरी प्रतिवेदन अनिवार्यरुपले तयार गरी पेश गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा मातहतका कार्यालयहरुबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

स्वीकृत कार्यक्रम कार्यान्वयन तथा अगामी आ.व. को कार्यक्रम तयारी, वनको संरक्षणमा समन्वय तथा सहजीकरण र व्यवस्थापनमा सहयोग पुग्नेछ ।

८७. निजी वन नर्सरी प्रोत्साहन कार्यक्रम

उद्देश्य

गुणस्तरीय विरुवा उत्पादन हुनेगरी नयाँ नर्सरी स्थापना गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

जिल्लामा नर्सरी नभएका क्षेत्रमा कम्तिमा ४०००० भन्दा बढी विरुवा उत्पादन हुनेगरी नयाँ नर्सरी स्थापना गर्न चाहने नर्सरी धनीलाई (विगतमा यस्तो सहयोग प्राप्त नभएको) आवश्यक प्रजातिका गुणस्तरीय विरुवा तोकिएको मूल्यमा बिक्री वितरण गर्नु पर्ने गरी सम्झौता गरी बारबेरा, बेड निर्माण तथा सिँचाई/बोरिङ्गको लागि प्रोत्साहन स्वरुप प्रति नर्सरी बढीमा नगद रु. ५०,००० (अक्षरेपी पचास हजार) सम्म अनुदान दिन सकिनेछ ।

जनशक्ति व्यवस्थापन

निजी नर्सरी स्थापना प्रयोजनार्थ अनुदान कार्यक्रम सञ्चालनको लागि स्थानीय निजी वन नर्सरी सञ्चालन गरीरहेका र गर्न चाहने व्यक्ति वा निजी संस्थाहरुसँग समन्वय गरी डिभिजन/सव डिभिजन वन कार्यालयबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- निजी स्तरमा गुणस्तरीय विरुवा उत्पादन भै सर्वसुलभ रुपमा उपलब्ध हुनेछ।
- निजी कृषकहरुको व्यवसायिकता र उद्यमशिलतामा अभिवृद्धि हुनेछ ।

८८. जडिबुटी खेति प्रवर्द्धन कार्यक्रम अनुसन्धान समेत

परिचय

सफल तथा आर्थिक रुपमा फलदायी हुने जडिबुटीहरुलाई उपभोक्तास्तरमा खेतीका लागि प्रोत्साहन गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

आर्थिक महत्त्वका जडिबुटीहरुलाई प्रथमिकता प्रदान गर्नुको साथै रोजगारीको अवसर सिर्जना गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

जिल्लामा खेतीका हिसाबले महत्त्वपूर्ण मानिएका कम्तिमा ३ जातका गैरकाष्ठ वन पैदावारको खेती प्रविधि विकास तथा विस्तारका लागि डेमो प्लट स्थापना गरिनेछ । यस कार्यमा ०.५० हेक्टर वा सो भन्दा बढी क्षेत्रफलमा डिभिजन वन कार्यालय नजिक पायक पर्ने एक वा दुई स्थानमा सव-डिभिजन वन कार्यालय वा साझेदारी वन/सामुदायिक वन समुहलाई परिचालन गरी गरिनेछ। साथै यो कार्यक्रम निजी जग्गामा समेत सञ्चालन गर्न सकिनेछ । यो कार्य नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको नर्म्स अनुसार गरिनेछ। अनुसन्धान कार्यको लागि चेक लिष्ट मन्त्रालय/निर्देशनालयबाट तयार गरी सोही अनुसार डाटावेश तयार गरिनेछ। सफल तथा आर्थिक रुपमा फलदायी हुने जडिबुटीलाई उपभोक्ता स्तरमा खेती गर्न प्रोत्साहन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्र वा डिभिजन वन कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ भित्र कम्तिमा ३ जातका गैरकाष्ठ वन पैदावारको खेती प्रविधि विकास हुनेछ।

८९. सामुदायिक वनमा प्रविधिमा आधारित वन व्यवस्थापन

परिचय

सामुदायिक वन, साझेदारी वन, चक्ला वन, संरक्षित वन, आदि वन क्षेत्रहरुमा संरक्षणको साथसाथै वन व्यवस्थापनका कृयाकलापहरु दिगो वन व्यवस्थापनको उद्देश्य अनुरुप **Silvicultural system** अपनाई शुरुवात भएको अवस्था छ, जसलाई दिगो वन व्यवस्थापन भनी नामाकरण गरीएको छ ।

उद्देश्य

जिल्ला भित्र रहेका सामुदायिक वनहरुको भौगोलिक अवस्था, हावापानी, प्रजातिहरुको बनौट (**Species Composition**), **Hot Spot** हरुको आधारमा दिगो रुपमा वन पैदावार उत्पादन एवं जैविक विविधताको संरक्षण गर्न सामुदायिक वनहरुको व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

वन व्यवस्थापन गर्दा स्वीकृत कार्ययोजनामा तोकिएका वनको सम्वर्द्धन प्रणाली अन्तगरत विभिन्न रुख ढाल्ने, हाँगा काँटछाँट गर्ने, माउँ रुख छुट्याउने, **Hot Spot** को संरक्षण, वृक्षारोपण, अग्निरेखा तयार गर्ने, वन डढेलो नियन्त्रण र पहिचान गर्न मचान तयारी गर्ने, ब्लक विभाजन गर्ने, पानी होल निमार्ण, डढेलो निभाउने दस्ताको साथै दस्तालाई डढेलो नियन्त्रणमा औजारहरुको व्यवस्था गर्नु पर्ने हुन्छ ।

यस्ता अनेकौं कृयाकलापहरु अपनाएर वन व्यवस्थापन गर्न औजारको साथै विभिन्न श्रोत साधनहरुको व्यवस्था गर्न यो सहयोग कार्यक्रममा बजेट व्यवस्था गरीएको छ । वन व्यवस्थापन गर्न अपनाईएका पद्धती तथा वन व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूहहरु र डिभिजन वन कार्यालयले आवश्यक ठानेका कृयाकलापहरू (कार्ययोजना तयारी गर्न समेत) को सञ्चालन गर्न आवश्यक निर्णय गरी यो रकम खर्च गर्न सकिने छ । खर्च गरिएका रकमहरुको औचित्यपूर्ण पुष्टयाई सहितको विवरण नक्शा र फोटो प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

सामुदायिक वनमा वन व्यवस्थापन तथा कार्ययोजना कार्यान्वयन विधिः-

क. सामुदायिक वन क्षेत्र छनौट- (निर्देशिका बमोजिम)

उपलब्ध भए सम्म १०० हेक्टर वा सो भन्दा बढी क्षेत्रफलका सामुदायिक वनहरु वैज्ञानिक व्यवस्थापनको लागि छनौट गर्न सकिन्छ । कुनै स्थानमा एक भन्दा बढी सामुदायिक वनहरुको क्षेत्रफललाई एउटै व्लकमा पनि वन व्यवस्थापन कार्य योजना तयार गर्न सकिन्छ । यसको लागि

समावेश हुने सामुदायिक वन उपभोक्ता समूहरुको साधारण सभाबाट सहमति लिएर वन कार्य योजना परिमार्जन गरेर गर्नुपर्नेछ ।

ख. सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृति तथा कार्यान्वयन

१) वैज्ञानिक वन व्यवस्थापनको लागि छनौटमा परेका सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरुलाई तालीम दिन सकिने छ । यस्तो तालीम अधिकांश फिल्डमा गएर वन क्षेत्रमा नै सञ्चालन गर्नुपर्नेछ ।

२) वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी कार्यमा प्राविधिक सहायता डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ, तर डिभिजन वन कार्यालयको जनशक्तिले नभ्याउने भएमा परामर्श सेवाबाट कार्ययोजनाहरु तयारी तथा परिमार्जन गर्न सकिनेछ । सेवा प्रदायकबाट कार्ययोजनाहरु तयार गर्दा वा परिमार्जन गर्दा निम्न प्रक्रिया पुरा गरी गर्नुपर्नेछ ।

क) संभाब्य सेवा प्रदायकहरुको सुचि डिभिजन वन कार्यालयले तयार गर्नेछ ।

ख) समूहले कार्ययोजना तयार गर्नको लागि डिभिजन वन कार्यालमा सूचिकृत भएका सेवा प्रदायकबाट प्रस्ताव आव्हान गरी कम्तिमा डिभिजन वन कार्यालय, संवन्धित सब डिभिजन वन कार्यालय र समूहमा १५ दिने सूचना टाँस गर्नुपर्नेछ । प्रस्तावसँग वन कार्ययोजना तयार गर्ने कार्यमा संलग्न हुने वन प्राविधिकको बायोडाटा अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ र प्रस्तावमा बायोडाटा समावेश भएको प्राविधिकले नै काम गर्नुपर्नेछ । कार्ययोजना तयार गर्ने वा परिमार्जन गर्ने वन प्राविधक (टोली नेता) कम्तीमा वन विज्ञानमा स्नातक गरी संवन्धित बिषयमा ३ वर्षको अनुभव भएको हुनु पर्नेछ ।

ग) परेका प्रस्तावहरुको समूहले डिभिजन/सव-डिभिजन वन कार्यालयका वन प्राविधिकको सहयोगमा प्राविधिक र आर्थिक पक्षको आधारमा मुल्याँकन गर्नुपर्नेछ । प्राविधिक पक्षको भार ८० प्रतिशत र आर्थिक पक्षको भार २० प्रतिशत राखी मुल्याँकन गर्दा सबै भन्दा बढी अंक जसले प्राप्त गर्दछ सोही सेवा प्रदायकलाई छनौट गरी काम शुरु गर्न सहमतिको लागि डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

घ) डिभिजन वन कार्यालयले कार्ययोजना तयारी वा परिमार्जन गर्ने कार्यको लागत अनुमान तयार गरी सो कार्य वापतको रकम सम्बन्धित समुहको वैंक खातामा जम्मा गर्न सक्नेछ । स्वीकृत लागत

राम नरेश राय

अनुसारका कार्यक्रम सञ्चालन गर्न डिभिजन वन कार्यालयले उपलब्ध गराएको रकम अपुग भएमा वा समूह आफैले गर्न चाहेमा आफ्नो कोषको रकम समेत खर्च गरी कार्ययोजना तयारी तथा कार्यान्वयन गर्न सक्नेछ । समुहले माथि उल्लेखित प्रक्रिया पुरा गरी छनौट भएको सेवा प्रदायकसँग लागत र समय तोकी सम्झौता गरी कार्ययोजना तयारी तथा कार्यान्वयनको काम सञ्चालन गर्नुपर्नेछ । सम्झौता बमोजिम समयमै काम सम्पन्न नगर्ने सेवा प्रदायकलाई सम्बन्धित समूहको सिफारिशमा डिभिजन वन कार्यालयले कालोसूचिमा राखे लागायत कार्वाही गर्न सक्नेछ ।सव-डिभिजन वन कार्यालयले सो को अनुगमन तथा पृष्ठपोषण गर्नेछ ।

ङ) कार्ययोजना कार्यान्वयनको लागि स्विकृत कार्ययोजना बमोजिमका वन व्यवस्थापनका कृयाकलापहरु गर्न शुरुमा एक पटकको लागि मात्र समूहलाई अनुदान दिन सकिनेछ ।

च) कार्ययोजना स्विकृति

उपरोक्त अनुसार तयार भएको वा परिमार्जन भएको कार्ययोजना स्विकृत पूर्व रिभ्युको लागि डिभिजन वन अधिकृतले ३ सदस्यीय टिम गठन गर्नुपर्नेछ, उक्त टिमले रिभ्यु/समीक्षा, पुनरावलोकन गरी आवश्यक परे विशेषज्ञको समेत सेवा लिई कार्ययोजनामा आवश्यक सुधार गरी स्विकृतिको लागि सिफारिश गर्नुपर्नेछ । वैठक, खाजा, मसलन्द तथा विशेषज्ञको पारिश्रमिक, आदि यस शीर्षकमा बिनियोजित बजेटबाट खर्च गर्न सकिनेछ । बिनियोजित बजेटको बढीमा ५ प्रतिशत रकम कार्यक्रम सञ्चालनका लागि डिभिजन वन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

कम्तिमा पनि २४ वटा सामुदायिक वन व्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्विकृति तथा कार्यान्वयन हुनेछ ।

राम नरेश राय

९०. गत/विगत आ.व. मा भएको वृक्षारोपणको गोडमेल, संरक्षण (हेरालु समेत), पुनःरोपण र व्यवस्थापन

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत गत/विगत आ.व. मा भएको वृक्षारोपणको डिभिजन/सब डिभिजन वन कार्यालयबाट स्थलगत अनुगमन गराई के कति प्रतिशत विरुवाहरु बाँचेको छ, अवस्था के–कस्तो छ, सो सम्बन्धमा प्राप्त प्रतिवेदनको आधारमा बाँचेको विरुवाको गोडमेल तथा मरेको विरुवाको ठाँउमा पुनरोपण गर्न स्वीकृत नर्म्स, जिल्ला दररेट अनुसार खर्च गर्न सकिनेछ ।गत/विगत आ.व. मा भएको वृक्षारोपणको संरक्षणको लागि तारबार गरीएको छ भने र तारबार मरम्मत गर्न तथा हेरालु राखिएको भए निजहरुले गरेको कामको आधारमा नियुक्ती तथा सम्झौता अनुसारको रकम भूक्तानी गर्ने काममा खर्च गर्न सकिन्छ। कार्य सम्पन्न भए पछि प्रगतिमा निम्न बुँदाहरु समाबेश गर्नुपर्नेछ ।

- पुन रोपण तथा गोडमेल भएका स्थान तथा क्षेत्रफल
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

गत/विगत आ.व. मा भएको वृक्षारोपणको गोडमेल, संरक्षण (हेरालु समेत), पुनःरोपण र व्यवस्थापनबाट वृक्षारोपणको अवस्थामा सुधार भै वन क्षेत्रमा वृद्धि हुनेछ ।

९१. प्रदेश हरित अभियान कार्यक्रम अन्तर्गत हुलाकी सडक लगायत जिल्लाको प्रमुख सडक किनार तथा खाली जग्गामा वृक्षारोपण, संरक्षण र रेखदेख

उद्देश्य

यस प्रदेश भित्र रहेका हुलाकी सडक लगायत जिल्लाको प्रमुख सडक किनारमा रहेको खाली प्रयोगबिहिन जग्गाहरुलाई वृक्षारोपणको माध्यमबाट हरियाली कायम गरी यस प्रदेशलाई हरित प्रदेश बनाउन यस कार्यक्रमको लागि बजेट बिनियोजन गरीएको हो ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम जिल्ला भित्र रहेका हुलाकी सडक लगायत जिल्लाको प्रमुख सडक किनारका जग्गाहरुमा संरक्षण सहितको सुनिश्चितता हुने गरी तारबार/बारबेरा (**Tree guard**) सहितको वृक्षारोपण गर्न, हेरालुको व्यवस्था गर्न, विरुवा खरिद, ढुवानी, वृक्षारोपण समारोह आयोजना गर्दा आवश्यक पर्ने टेन्ट, कुर्सी, माईक, स्पीकर, चिया बिस्कुट, खाजा, खाना, ईन्धन, होर्डिङ्गबोर्ड, आदिमा तथा सम्पन्न भैसकेको कामको भूक्तानी गर्नमा खर्च गर्न सकिनेछ । रकम खर्च गर्दा आर्थिक ऐन तथा नियमावलीलाई पालना गर्नुपर्नेछ। ३ देखि ५ मिटर वा आवश्यकतानुसारको दुरीमा विरुवा रोपण गरिनेछ। कार्य सम्पन्न भएपश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- विरुवा रोपिएको स्थानको क्षेत्रफल, रोपिएको विरुवाको जात र संख्या
- सभा/समारोह आयोजना गरिएको प्रमुख अतिथि सहितको फोटो
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति, भारित तथा वित्तिय प्रगति

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

हुलाकी सडक लगायत जिल्लाको प्रमुख सडक किनारका जग्गाहरुमा वृक्षारोपण भै हरियालीमा वृद्धि हुनेछ।

९२. निजी जग्गामा वृक्षारोपण (हरित अभियान)

उद्देश्य

निजी, सहकारी, विद्यालय तथा कुनै संघ संस्थाको नाममा दर्ता रहेको जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

निजी जग्गामा सघन (**intensive**) वृक्षारोपणको लागि नर्सरीमा स्थानीय चाहना र आवश्यकता अनुसारको विरुवा सरकारी नर्सरीमा नभएको अवस्थामा कृषि वन प्रवर्द्धन समेत हुने विरुवा खरिद, ढुवानी, खाडल खन्ने, रोपण गर्ने, सुरक्षाको लागि स्थानीय सामाग्रीको प्रयोग गरी बारबेरा/तारबार गर्ने

कार्यमा सम्बन्धित जग्गाधनीहरुसँग समन्वय, सहकार्य तथा सम्झौता गरी सम्पन्न कामको आधारमा अनुदानको रुपमा उपलब्ध गराउन सकिन्छ । यस कार्यक्रममा बिनियोजित रकमको १० प्रतिशतसम्म हुन आउने रकम इच्छुक जग्गाधनीको पहिचान गर्न, सचेतना कृयाकलाप तथा अनुगमन कार्यमा तथा बाँकी रकम वृक्षारोपणमा खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भएपश्चात प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- ✓ वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने जग्गाधनीको नाम, स्थान, फोटो तथा नक्शाहरु
- ✓ संरक्षणका उपायहरु
- ✓ वृक्षारोपण गरीएको क्षेत्रफल
- ✓ कार्यक्रमको संख्यात्मक भौतिक प्रगति, भारित तथा वित्तिय प्रगति

जनशक्ति व्यवस्थापन

निजी, सहकारी, विद्यालय तथा कुनै संघ संस्थाहरुसँग समन्वय गरी डिभिजन/सव-डिभिजन वन कार्यालयबाट आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराई सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- ✓ निजी जग्गामा वृक्षारोपण भै हरियालीमा वृद्धि तथा भबिष्यमा वन पैदावार आपूर्तीमा सहयोग हुनेछ।
- ✓ जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग हुनेछ ।
- ✓ निजी कृषकहरुको व्यवसायिकता र उद्यमशिलतामा अभिवृद्धि हुनेछ ।

९३. गत आ.व.मा उत्पादन भएका विरुवाहरुको संरक्षण र व्यावस्थापन

कार्यक्रम सञ्चालन प्रक्रिया

गत आ.व.मा उत्पादन भएका २-वर्षे विरुवा र वितरण हुन बाकी १-वर्षे विरुवा वृक्षारोपण तथा वितरण गरी गत आ.व.मा उत्पादित बाँकी रहेका पुराना विरुवाहरुको गोडमेल, ग्रेडिंग, पानी पटाउने, स्याहार संभार गर्ने कार्यको लागि प्रयोग गरिने श्रमिक तथा नर्सरी नाईकेको ज्याला भूक्तानी गर्न यस शीर्षकमा बिनियोजन भएको रकम खर्च गरिनेछ । कार्य सम्पन्न भएपश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- संरक्षण र व्यवस्थापन गरिएका विरुवाको जात र संख्या
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत डिभिजन वन कार्यालयले कार्य सञ्चालन गर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

गत आ.व.मा उत्पादन भएका विरुवाहरुको संरक्षण र व्यवस्थापन भै गुणस्तरीय विरुवा वृक्षारोपणको लागि उपलब्ध हुनेछ ।

९४. १-बर्षे विरुवा उत्पादन, संरक्षण र व्यवस्थापन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति)

उद्देश्य

जिल्लामा खाली रहेको वनक्षेत्र, नदी किनार, सडक किनार, सार्वजनिक पर्ति जग्गामा वृक्षारोपण गर्ने, समुदायको जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

डिभिजन वन कार्यालय वा मातहतका सव-डिभिजन वन कार्यालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत विरुवा उत्पादन कार्ययोजना बनाई यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर डिभिजनल वन अधिकृतले कर्मचारीहरुको बैंठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ । कार्यालय आफैले नर्सरी सञ्चालन गर्दा बीउ स्रोत, समय तालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरीएको वन नर्सरी रेजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ । यसमा विभिन्न साइजका पोलिपटमा विभिन्न साइजका विरुवाहरु उत्पादन गर्न सकिनेछ । यो कार्यक्रम सुविधायुक्त निजी वन नर्सरीहरुबाट सम्झौता गरी समेत सञ्चालन गर्न सकिनेछ । विरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ।

- जिल्लामा कुन कुन प्रजातिका विरुवाहरुको माग छ सोको प्राथमिक सर्भेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने विरुवा संख्या र प्रजाति एकीन गर्नुपर्नेछ। साथै सोही अनुसार विरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्नुपर्नेछ ।
- कार्यदिशमा कुनकुन प्रजातिका विरुवा उत्पादन गर्नुपर्ने हो स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
- गुणस्तरयुक्त तथा स्थानीयस्तरमा सफल भएका रुख विरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ। उपलब्ध भएसम्म विभागबाट प्रमाणित गरीएको बीउ खरिद वा संकलन गर्नुपर्नेछ।
- उत्पादन हुने विरुवा समुदायमा आधारित वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि वितरण गरिनेछ ।
- विरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ लगायतका काममा आवश्यक पर्ने ईन्धन, खाजा खर्च र मसलन्द आदिमा यो शीर्षकबाट खर्च गर्न सकिनेछ । सो को लागि पहिला नै लगत इस्टिमेटमा खुलाउनुपर्नेछ।
- विरुवा उत्पादन भै वितरण गर्दा वितरण लगत राखिनु पर्नेछ । विरुवा वितरण गरीएको बिस्तृत विवरण अध्यावधिक गरेर राख्नु पर्नेछ । कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।
  - ✓ उत्पादित विरुवाहरुको जात र संख्या
  - ✓ वितरण गरीएको विरूवाको लगत
  - ✓ सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी आवादी जग्गा तथा सार्वजनिक पर्ति जग्गामा रोपण गरीएको विरूवा र क्षेत्र सम्बन्धी विवरण
  - ✓ विभिन्न क्रियाकलापहरुको फोटो

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव डिभिजन वन कार्यालयहरु वा भू तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारी मार्फत कार्य सञ्चालन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

विरुवाहरुको संरक्षण र व्यवस्थापन भै गुणस्तरीय विरुवा वृक्षारोपणको लागि उपलब्ध हुनेछ ।

९५. २-बर्षे विरुवा उत्पादन, संरक्षण र व्यवस्थापन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति)

उद्देश्य

केही ढिलो बढ्ने तथा सडक किनार, पार्कहरुमा लगाउने सौन्दर्ययुक्त विरुवाहरु (**Ornamental plants**) लगायत अन्य प्रजातिका विरुवाहरुलाई नर्सरीमै करिब २ बर्ष राखी स्याहार सम्भार, संरक्षण र व्यवस्थापन गर्न।

कार्यक्रम सञ्चालन प्रक्रिया

वृक्षारोपण गरिने क्षेत्र संरक्षणको दृष्टिकोणले संबेदनशिल हुने ठाँउमा साना तथा कलिला विरुवाहरु रोप्दा खडेरी लगायत विभिन्न कारणले वृक्षारोपण नै असफल हुने गरेको छ । करिब ४' (फिट) भन्दा अग्लो भै सके पछि वृक्षारोपण गर्दा बढि सफल हुने गर्दछ । यसको लागि ५" x ८" को थैलामा स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुचि, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख काष्ठ, कल्की, टिक, महोगनी, राजवृक्ष, अम्बा, सतिसाल, अर्जुना, समी, काईयो, बिरेन्द्र फूल, अशोक, कपुर, तेजपात, नीम, महुवा, अमला, हर्रो, बर्रो जस्ता **roadside plantation, avenue,** शहरी वन बगैंचा, आदिका लागि **ornamental, evergreen species,** फूल फुल्ने रुख जात आदि उत्पादन गर्ने तथा अन्य बहुउपयोगी प्रजाति छनौट गरी विरुवा उत्पादन गर्न सकिनेछ। यस्तो नर्सरी अधिकृत तहको कर्मचारीको निगरानीमा सञ्चालन गर्ने गराउने । यस सम्बन्धमा अन्य कुराहरु १ बर्षे विरुवा उत्पादन, संरक्षण र व्यवस्थापनमा उल्लेख भए बमोजिम हुनेछ ।

जनशक्ति व्यवस्थापन

विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सव–डिभिजन वन कार्यालयहरुमा रहेका वन प्राविधिक मार्फत कार्यान्वयन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

लक्षित कार्यक्रम अनुसार यसै आ.व.मा ४० लाख विरुवा उत्पादन तथा वितरण भै निजी तथा सार्वजनिक क्षेत्रको वृक्षारोपणमा सहयोग तथा करिब २,७७,६०० श्रमदिन रोजगारी तथा अर्को सालमा गरिने वृक्षारोपणको लागि ८० लाख विरुवा तयार भएको हुनेछ।

९६. उच्च प्रविधियुक्त (हाईटेक) नर्सरी स्थापना

उद्देश्य

हाईटेक नर्सरी स्थापना तथा मौजुदा नर्सरीलाई उच्च प्रबिधियुक्त बनाई गुणस्तरीय विरुवा उत्पादन गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

उच्च प्रविधियुक्त नर्सरी प्राविधिक रुपले उत्कृष्ट हुनुको साथै नर्सरी सुरक्षाको लागि तारवार वा पर्खाल, **Drainage,** हरेक बेडमा पाईप जडान गरी स्पिरिङकल सिचाईको व्यवस्था, वत्तीको व्यवस्था, ओभरहेड वाटर टैंक, स्थायी छहारी, स्टोर कटेरो, हरेक व्याडमा ट्यागिङ्ग, ग्रीन हाउस, आदि निर्माण गर्न रकमको उपलब्धता अनुसार वातानुकुलित टनेल, आदिको व्यवस्था हुनुपर्दछ । नर्सरी वरिपरि फूल रोपी रमणिय वातावरण बनाउनुको साथै विश्रामस्थल (गोलघर) बनाउँदा राम्रो हुन्छ ।यस्तो नर्सरी स्थायी प्रकृतिको बहुआयामिक हुने भएकोले सरकारी जमीन वा प्रशस्त विरुवा उत्पादन (दुई लाख भन्दा बढि) हुन सक्ने यातायात सुबिधायुक्त ठाँउमा बनाउनु पर्दछ ।उक्त कार्यक्रम कम्तिमा रेञ्जर तहको कर्मचारीको निगरानीमा सञ्चालन गर्ने गराउने । उक्त नर्सरीमा विरुवा उत्पादन **roadside plantation, avenue,** शहरी वन बगैंचा, आदिका लागि **ornamental and evergreen species**, फूल फुल्ने रुख जात, आदि उत्पादन गर्ने । यी विरुवाहरु कम्तीमा २ वर्ष अवधिको ४' फिट अग्लो भए पश्चात बितरण गर्न सकिनेछ । नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । यस शीर्षकमा बिनियोजित रकम प्रचलित नर्म्स, आर्थिक ऐन, नियम र जिल्ला दररेट बमोजिम खर्च गरिनेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- ✓ नर्सरी निर्माण गरीएको स्थान, फोटो तथा नक्शाहरु
- ✓ नर्सरीको क्षमता र अभिवृद्धि गरीएको भए हालको क्षमता
- ✓ उत्पादन कूल विरुवा संख्या, जात र लागेको खर्च

जनशक्ति व्यवस्थापन

नर्सरी मर्मत, सुधार तथा स्तर उन्नति/मौजुदा नर्सरीलाई उच्च प्रबिधियुक्त बनाउने कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सव–डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

उच्च प्रबिधियुक्त सरकारी नर्सरीको स्थापना तथा विकास भै बाह्रै महिना गुणस्तरीय विरुवा उत्पादनमा सहयोग पुग्नेछ ।

९७. मौजुदा नर्सरीलाई उच्च प्रविधियुक्त बनाउने

उद्देश्य

डिभिजन वन कार्यालयहरु तथा मातहत कार्यालयमा विगत देखि नै सञ्चालनमा रहेका नर्सरीमा हुने सामान्य मर्मत, सुधार गरी उच्च प्रविधियुक्त नर्सरीको रुपमा विकास गरी त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

खर्च अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्म्स तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ । कार्य तालिका तयार गरी समयमै बजेट तथा अख्तियारी प्राप्त भएको अवस्थामा प्रथम चौमासिकको अवधिमा नर्सरी मर्मत, सुधारको कार्यहरु गर्नुपर्नेछ।कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ।

- ✓ नर्सरी मर्मत गरीएको स्थान, फोटो तथा नक्शाहरु
- ✓ नर्सरी पहिलेको क्षमता र अभिवृद्धि गरीएको भए हालको क्षमता
- ✓ उत्पादित विरुवाको जात र संख्या
- ✓ मर्मत गर्दा लागेको खर्च

जनशक्ति व्यवस्थापन

मौजुदा नर्सरीलाई उच्च प्रबिधियुक्त बनाउने कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सव–डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

मौजुदा नर्सरीहरुको अवस्थामा सुधार भै गुणस्तरीय विरुवा उत्पादनमा सहयोग पुग्नेछ र माग अनुसार आपूर्ति गर्न सकिनेछ।

९८. वृक्षारोपण (नदी किनार, सडक किनार, वन क्षेत्र, सार्वजनिक जग्गा, आदि)

उद्देश्य

वृक्षारोपण गरी भू–क्षय नियन्त्रण गर्नुको साथै वातावरण स्वच्छ र निर्मल बनाउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रम अन्तर्गत वृक्षारोपणका लागि उपलब्ध जग्गाहरु गाउँमा भएका सार्वजनिक पर्ति जग्गा, सडक किनार, हैसियत बिग्रेको वन क्षेत्र (२० प्रतिशत भन्दा कम क्राउन कभर भएको) एवं नदी उकासबाट प्राप्त जग्गाहरु हुन सक्छन् । यस कार्यक्रम अन्तर्गत उपलब्ध हुने जग्गा स–साना टुक्रामा विभाजित हुन सक्ने, सडकको किनारको जग्गा लामो हुने भएकोले यहाँ गरीएको वृक्षारोपणको संरक्षण कार्य केही खर्चिलो हुन सक्छ। त्यसैले यस्ता वृक्षारोपणको व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य, स्थानीय संघ संस्था परिचालन, उपभोक्ता समूहको गठन वा विपन्न वर्गको समूह गठन गरी केही समयका लागि अन्तरबाली लगाउन दिई सोही समूह मार्फत वृक्षारोपण संरक्षण एवं व्यवस्थापन सम्झौता गरी सञ्चालन गर्न सकिनेछ । वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म सबै (बारबेर, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु, आदिको) उपाय अवलम्वन गर्नुपर्नेछ। बस्तीदेखि टाढा रहेका सरकारी एवं नाङ्गा वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन कार्य सेवा प्रदायक मार्फत समेत गर्न सकिनेछ।

वृक्षारोपण क्षेत्रको कार्ययोजनाः हरेक वृक्षारोपण क्षेत्रको सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना बनाईनेछ । जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ । कार्ययोजनामा कुन जातका के कति विरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्ने, वन पैदावारको बिक्री वितरणको व्यवस्था के कसरी हुने, लाभको बाँडफाँड कसरी गर्ने, आदि सबै कुरा स्पष्टरुपमा उल्लेख हुनु पर्दछ । यो कार्ययोजना डिभिजन वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ ।

वृक्षारोपण क्षेत्रको संरक्षणः वृक्षारोपण संरक्षणको लागि बारबेर गर्दा सकेसम्म स्थानीय रुपमा उपलब्ध जैविक सामाग्रीहरु जस्तै- सजिवन, निलकाँडा, बाँस र आवश्यकता अनुसार तारबार, सडक किनारमा ट्री गार्ड, आदिको प्रयोग गर्नुपर्दछ, साथै आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउनु पर्दछ । यसमा वन व्यवस्थापन तथा संरक्षण गर्न जिम्मा पाएको संघसंस्था, उपभोक्ता समूह, सेवा प्रदायक वा हेरालुलाई वृक्षारोपण क्षेत्रको व्यवस्थापनको अवस्था र बाँचेको विरुवाको संख्याको आधारमा बढीमा तीन वर्षसम्म संरक्षण अनुदान/पारिश्रमिक दिन सकिनेछ ।

वृक्षारोपण क्षेत्रमा होर्डिङ्ग बोर्डः- वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी राख्नु पर्नेछ ।

जनशक्ति व्यवस्थापन

वृक्षारोपण (बारबेर, गोडमेल, पुनरोपण, संरक्षण अनुदान समेत) कार्यक्रम सञ्चालनको लागि डिभिजन वन कार्यालयले अमानतबाट वा स्थानीय वन उपभोक्ता समुह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- सरकारी एवं नाङ्गा वन क्षेत्र, सार्वजनिक पर्ति एवं नदी उकासबाट प्राप्त जग्गाहरुमा ५०० हे. मा वृक्षारोपण भै वन क्षेत्र वृद्धि तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सहयोग हुनेछ।
- रोपण गरिएका विरुवाहरुको बाँच्ने र हुर्कने संभावना बढेर जानेछ ।

९९. भू–क्षयको लागि संबेदनशिल तथा नदी किनार क्षेत्रमा कलमी २-बर्षे बाँस खरिद तथा रोपण

उद्देश्य

भू–क्षय नियन्त्रण गर्न तथा वर्षेनी वर्षातको समयमा नदीले कटान गर्ने किनारका जग्गाको संरक्षण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

भू–क्षयको लागि संबेदनशिल तथा नदीले कटान गर्ने किनार क्षेत्रमा तथा नदी नियन्त्रणको लागि लगाईएको बाँधको किनाराहरुमा बाँसको २ बर्षे कलमी विरुवा वा टिस्यु कल्चर प्रबिधिबाट

उत्पादन गरीएको गुणस्तरयुक्त ठुला बाँसका विरुवा खरिद, ढुवानी, खाडल खन्न, बृक्षरोपण संरक्षण लगायतका काममा यो शीर्षकको रकम प्रचलित नर्म्स, आर्थिक ऐन नियम र जिल्ला दररेट बमोजिम खर्च गरिनेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन/सव-डिभिजन वन कार्यालयका दक्ष जनशक्तिहरुको सहयोग लिई कार्य सम्पादन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

भू–क्षयको लागि संबेदनशिल तथा नदिले कटान गर्ने किनार क्षेत्रको संरक्षण भै भबिष्यमा बाँस रोपणबाट जीविकोपार्जन तथा आर्थिक अवस्था सुधारमा टेवा पुग्नेछ ।

१००. वन अतिक्रमण हटाई वृक्षारोपण तथा व्यवस्थापन

उद्देश्य

वन अतिक्रमण नियन्त्रण गरी वृक्षारोपण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

वन अतिक्रमण नियन्त्रण गर्न सरोकारवाला र राजनीतिक दलहरुसँगको समन्वयात्मक एवं सहभागितामूलक किसिमले छलफल गरी सञ्चालन गर्दा सहज र सफल भएको सिकाइको आधारमा यो कार्यक्रमलाई निरन्तरता दिइएकोछ । यस कार्यक्रममा विनियोजन गरीएको बजेट समन्वय बैठक, अतिक्रमण नियन्त्रण बैठक, वन गस्ती, गस्ती टोलीलाई खाजाको व्यवस्था लगायत वन अतिक्रमण रोकथाम, प्रचार प्रसार गरी उक्त क्षेत्रमा वृक्षारोपण कार्य जस्ता शीर्षकहरुमा खर्च गर्न सकिनेछ।यस कृयाकलापको प्रगति विवरण पठाउंदा अतिक्रमण हटाइएका विवरण तथा प्रगतिहरुको फोटो लगायतका विवरणहरु पेश गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन अतिक्रमण, नियन्त्रणमा सहयोग भै वन जंगलको संरक्षणमा टेवा पुग्नेछ ।

१०१. चुरे क्षेत्रमा भू-क्षय तथा पुनरुत्पादनको लागि संवेदनशिल हटस्पट को पहिचान गरी जैविक विविधताको संरक्षण र वृक्षारोपण

परिचय

चुरे क्षेत्रमा भू-क्षयको लागि संवेदनशिल तथा चरिचरण आगलागि वा अन्य कारणले पुनरुत्पादनको अवस्था कमजोर भएको ठाँउ/क्षेत्रको पहिचान गरी त्यस्तो ठाँउलाई भू-क्षय हुनबाट जोगाउन, पुनरुत्पादनको अवस्था कमजोर भए वृक्षारोपण समेत गरी जैविक विविधताको संरक्षण गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

भू-क्षयको लागि संवेदनशिल तथा पुनरुत्पादनको अवस्था कमजोर भएको ठाँउ/क्षेत्रको संरक्षण तथा भू-क्षय नियन्त्रण तथा जैविक विविधताको संरक्षण गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

गत आ.व.मा हट-स्पटमा गरीएको र यस आ.व. मा गरिने संरक्षणका कृयाकलापहरुलाई पर्यापर्यटन र पर्यावरणिय विकासको अवधारणामा पर्यटन तथा सामुदायिक विकासको आधारशिलाको रुपमा लिईनेछ। यसको लागि आवश्यकता अनुसार तारबार, बाँस तथा ठाँउ सुहाउँदो बिभिन्न प्रजातिको वृक्षारोपण, पुनरुत्पादनको संरक्षण कार्यमा तथा चुरे क्षेत्रमा नभएको डिभिजन वन कार्यालयले जैविक विविधताको संरक्षणको लागि संवेदनशिल ठाँउ/क्षेत्रको पहिचान गरी जैविक विविधताको संरक्षण, भू-क्षय नियन्त्रण तथा वृक्षरोपण कार्यमा प्रचलित नर्म्स, आर्थिक ऐन नियम र जिल्ला दररेट बमोजिम विनियोजित रकम खर्च गरिनेछ। हट-स्पटको निर्माण तराईको समतल भु-भागमा पनि गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

डिभिजन/सव-डिभिजन वन कार्यालयका दक्ष जनशक्तिहरुबाट तथा आवश्यकता अनुसार सम्बद्ध दक्ष प्राविधिकको सहयोग लिई कार्य सम्पादन गरिने छ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

- चुरे क्षेत्रको संबेदनशिल जग्गामा वृक्षारोपण भै जैविक विविधताको संरक्षण हुनेछ।
- भू–क्षयको लागि संबेदनशिल तथा पुनरुत्पादनको अवस्था कमजोर भएको ठाँउ/क्षेत्रको संरक्षण भै भू–क्षय नियन्त्रण तथा जैविक विविधताको संरक्षण हुनेछ ।

१०२. सव-डिभिजन वन कार्यालय स्तरोन्नती

परिचय

यस मन्त्रालय मातहतका डिभिजन/सव-डिभिजन वन कार्यालयहरुको भवन स्तरोन्नती गर्न यो शीर्षकमा बिनियोजित रकम कार्यक्रम स्विकृत भै प्रचलित आर्थिक ऐन, नियमलाई पालना गरी सम्बन्धित कार्यका लागि खर्च गर्नुपर्नेछ ।

उद्देश्य

डिभिजन/सव-डिभिजन वन कार्यालयहरुको भवन स्तरोन्नती गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रचलित आर्थिक ऐन, नियमलाई पालना गरी कार्य सञ्चालन गर्नुपर्नेछ। कार्य सम्पन्न भए पश्चात् प्रगति पेश गर्दा निम्न बुंदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- भवन स्तरोन्नती तथा मर्मत भएको स्थान र स्तरोन्नतीपश्चातको फोटो
- कार्यक्रमको संख्यात्मक भौतिक प्रगति र भारित प्रगति
- कार्यक्रमको वित्तीय प्रगति

जनशक्ति व्यवस्थापन

उक्त कार्यक्रम सञ्चालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा अन्य सरकारी निकायको प्राविधिकको सहयोगमा डिभिजन तथा सव-डिभिजन वन कार्यालय मार्फत सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्यान्वयन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

कार्यालय भवनको स्तरोन्नती भै कार्यालय सञ्चालनमा सहजता हुनेछ।

१०३. Website निर्माण तथा Up-gradation

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम यस प्रदेश भित्र रहेका वनसँग सम्बन्धित विषयका कार्यलाई सहज सरल र पारदर्शी बनाउन तथा सूचना प्रविधिसँग जोड्न र उक्त कार्यक्रमहरुलाई व्यवस्थित गर्न सो सम्बन्धी अध्ययन अनुसन्धान तथा सफ्टवेयर विकास र निर्माण तथा **up-gradation** गर्न सेवा प्रदायकसँग सेवा खरिद गर्न तथा सो सम्बन्धी अन्तरक्रिया गोष्ठी सञ्चालन गर्न लागत इष्टिमेट तयार

गरी प्रदेश सरकारको आर्थिक कार्यविधी ऐन, नियम तथा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमका कार्यान्वयन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय वा मातहतका निकायले सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सेवा प्रदायकसँग सेवा खरिद गरी सञ्चालन गर्न सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१०४. लोपोन्मुख वनस्पति संरक्षण र बंगैचा विकास कार्यक्रम नर्सरी समेत

परिचय

विभिन्न वैज्ञानिक अध्ययनहरुले नेपालमा संकटापन्न, लोपोन्मुख तथा जोखिम अवस्थमा रहेका भनी पहिचान गरिएका वनस्पति प्रजातिहरु संरक्षण गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

संकटापन्न, लोपोन्मुख, सफल तथा आर्थिक रुपमा फलदायी हुने जडिबुटीलाई स्थानीय तथा उपभोक्तास्तरमा पहिचान, संरक्षण, व्यवस्थापन तथा खेती गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस वर्ष सम्भव भएसम्म सर्पगन्धा, क्यामोमाइल, कुरिलो, लेमनग्रास वा अन्य वनस्पतिको संरक्षण तथा व्यवस्थापन गरिनेछ।यसका लागि यस किसिमको वनस्पति रहेको स्थान पहिचान, त्यसको सर्वेक्षण, स्थानीय उपभोक्ताहरुलाई फिल्ड-स्तरीय कोचिङ्ग सञ्चालन गरी जानकारी (सीप, ज्ञान) प्रदान गरिनेछ र लोपोन्मुख र महत्त्वपूर्ण वनस्पतिहरुको विरुवा खरिद गरी संरक्षण/व्यवस्थापन कार्यको लागि पर-स्थानीय **(ex-situ)** वनस्पति संरक्षण गर्न नर्सरी तयार गरिनेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्र वा डिभिजन/सव-डिभिजन वन कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

अनुसन्धानमा देखिएका करिब ५ विभिन्न प्रजातिका लोपोन्मुख वनस्पतिहरु संरक्षण गरिनेछ।

१०५. जडिबुटी विरुवा उत्पादन

परिचय

वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउन, बैकल्पिक आयस्रोतको रुपमा विकास र जडिबुटी तथा गैरकाष्ठ प्रजातिका विरुवा उत्पादन गरी वृक्षारोपणको लागि अभिप्रेरित गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिवृद्धि भै आयर्आजन तथा जीविकोपार्जनमा सुधार पुऱ्याउने।

कार्यक्रम सञ्चालन प्रक्रिया

जडिबुटी तथा गैरकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको, फोकल टिमले सिफारिश गरेको र स्थानीय किसानको रुचि अनुसारको प्रजाति उत्पादन गर्नुपर्नेछ। नर्सरीमा विरुवा उत्पादन गर्दा सथानीय आवश्यकता अनुसार तथा व्यवसायिक महत्त्व भएका तथा फोकल टिमले छानेका जडिबुटी प्रजाति, सूगन्धित घाँस तथा कलमी विरुवा उत्पादन गर्नुपर्ने हुन्छ। बहुमूल्य तथा ठाउँ विषेश जडिबुटी जस्तै- अमला, सर्पगन्धा, नीम, गुर्जो, बेल, कुरिलो, क्यामोमाईल, लेमन ग्रास, बेसार, आदि जातका विरुवा उत्पादनमा जोड दिनुपर्छ। जडिबुटी प्रजाति उत्पादन गर्दा बिशेष किसिमको तालीमको आवश्यकता पर्ने भएमा सो को समेत व्यवस्था मिलाउनुपर्नेछ। यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गराई अमानतमा गराउन सकिनेछ। उत्पादन गरिएका विरुवाहरुको रेकर्ड अभिलेख राखी आवश्यकता अनुसार वितरण गर्नुपर्नेछ।

जनशक्ति व्यवस्थापन

जडिबुटी विरुवा उत्पादनका लागि डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन्। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराईनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

बहुमूल्य विभिन्न प्रजातिका जडिबुटी विरुवा उत्पादन तथा वितरण भएको हुनेछ।

१०६. सरकारी-सामुदायिक-संरक्षित वनमा (वन संरक्षण क्षेत्र) जैविक विविधता संरक्षण

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम सरकारी, प्रचलित वन ऐन र वन नियमावली बमोजिम छुटयाईएको राष्ट्रिय वन क्षेत्रलाई (सामुदायिक वन) र संरक्षित वनमा जैविक विविधताको संरक्षण तथा वृक्षरोपण कार्यमा प्रचलित नर्म्स, आर्थिक ऐन, नियम र जिल्ला दररेट बमोजिम विनियोजित रकम खर्च गरिनेछ। जैविक विविधता संरक्षण र वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म सबै (बारबेर, गोडमेल, पुनरोपण, सिँचाई, आदिको) उपाय अवलम्वन गर्नुपर्नेछ। बस्तीदेखि टाढा रहेका सरकारी एवं नाङ्गा वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन कार्य सेवा प्रदायक मार्फत समेत गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

डिभिजन/सव-डिभिजन वन कार्यालयका दक्ष जनशक्तिहरुबाट तथा आवश्यकता अनुसार सम्बद्ध अमानतबाट वा स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरुको सहयोगमा सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ अन्तर्गत विभिन्न स्थानमा जैविक विविधताको संरक्षणका साथै वृक्षारोपण हुनेछ।

१०७. उद्यमशिलता सम्बन्धी तालीम

उद्देश्य

यो कार्यक्रम जिल्लाका ग्रामिण एवं शहरी क्षेत्रमा बेरोजगार रहेका व्यक्तिहरुलाई स्थानीयस्तरमा नै रोजगारीको अवसर प्रदान गर्ने, स्थानीय सीप र साधनको सदुपयोग गर्दै आत्मनिर्भर बनाउने, व्यक्तिहरुमा सुषुप्त अवस्थामा रहेका उद्यमशिलताका लक्षणहरुलाई जगाई सफलताका साथ उद्योग व्यवसाय सञ्चालन गर्न सक्ने उद्यमी/व्यवसायी तयार गर्ने उद्देश्य अनुरुप सञ्चालन गरिनेछ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयवाट जारी उद्यमशिलता विकास तालीम सञ्चालन निर्देशिका, २०७३ बमोजिम १० दिने उद्यमशिलता सम्बन्धी तालीम दिन तथा सो तालीमको लागि आवश्यक क्रियाकलापमा लाग्ने सम्पूर्ण खर्च जस्तै- तालीम सामाग्री, प्रशिक्षक/स्रोत व्यक्तिको भत्ता, सहभागी भत्ता, बैठक भत्ता, मसलन्द खर्च, खाजा खर्च, हल भाडा, गाडी भाडा, दैनिक भ्रमण खर्च लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम सञ्चालनको लागि घरेलु तथा साना उद्योग कार्यालयले कम्तिमा तह २ दुई उत्तिर्ण गरेका १ जना कार्यक्रम सहयेगी/उद्यम विकास सहजकर्ता सेवा करारमा खरिद गरी उद्यमशिलता विकास निर्देशिकामा प्रति कक्षा तोकिएको रकम पाउने गरी प्रशिक्षक प्रशिक्षण तालीम प्राप्त प्रशिक्षकबाट कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

यस प्रदेशका जनतामा उद्यमशिलताको भावना विकास भै उद्योग/व्यापारको संख्यामा बृद्धि भै रोजगारी र आर्थिक वृद्धि लगायतका पक्षमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

१०८. उद्यमी सिर्जना तथा सीपमूलक तालीम

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा विनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले प्रचलित नर्म्स बमोजिम स्वीकृत लगत इष्टिमेट अनुसार लक्ष्य संख्या निर्धारण गरी संघीय उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगत घरेलु तथा साना उद्योग विभागबाट जारी घरेलु तथा साना उद्योग कार्यक्रम सञ्चालन निर्देशिका, मागको आधारमा वा स्थानीय तहको सिफारिशको आधारमा उद्यमी सिर्जना तथा सीपमूलक तालीम दिन तथा सो तालीमको लागि आवश्यक क्रियाकलापमा लाग्ने सम्पूर्ण खर्च जस्तै- तालीम सामाग्री, प्रशिक्षक/स्रोत व्यक्तिको भत्ता, सहभागी भत्ता, बैठक भत्ता, मसलन्द खर्च, खाजा खर्च, हल भाडा, गाडी भाडा, दैनिक भ्रमण खर्च लगायतका क्रियाकलापहरुमा नियमानुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम सञ्चालनको लागि घरेलु तथा साना उद्योग कार्यालयले कम्तिमा एस.ई.ई. वा सो सरह उत्तिर्ण १ जना कार्यक्रम सहायक/सहजकर्ता सेवा करारमा लिई उक्त तालीमको सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ। साथै संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयवाट जारी उद्यमशिलता विकास तालीम सञ्चालन निर्देशिका, २०७३ अनुसार सीप विकास तालीम निर्देशिकामा प्रति कक्षा तोकिएको रकम पाउने गरी प्रशिक्षक प्रशिक्षण तालीम प्राप्त प्रशिक्षकबाट कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

यस प्रदेशमा उद्यमी सिर्जना र सीपमूलक तालीमको विकास भै उद्योग/व्यापारहरुको संख्यामा वृद्धि हुनुको साथै रोजगारी र आर्थिक बृद्धि लगायतका पक्षमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

१०९. Refresher Training (तालीम लिईएका प्रशिक्षार्थीहरुलाई एडभान्स (उच्च/उन्नत तहको) तालीम)

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा विनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले प्रचलित नर्म्स बमोजिम स्वीकृत लागत ईष्टीमेट अनुसार लक्ष्य संख्या निर्धारण गरी यस अघि उधमशिलता वा सीपमूलक तालीम लिई वा नलिई उद्योग व्यवसाय सञ्चालन गर्नेहरुलाई निजको .माँगको आधारमा एडभान्स सीपमूलक/उद्यमशिलता विकास तालीम संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी भएको उद्यमशिलता विकास तालीम सञ्चालन निर्देशिका,२०७३ तथा उद्योग मन्त्रालय अन्तरगत घरेलु तथा साना उद्योग विभागबाट जारी घरेलु तथा साना उद्योग कार्यक्रम सञ्चालन निर्देशिका, २०७० लाई आधार लिई तालीम प्रदान गर्न र सो तालीमको लागि आवश्यक क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम सञ्चालनको लागि घरेलु तथा साना उद्योग कार्यालयले १ जना कार्यक्रम सहायक/सहजकर्ता सेवा करारमा खरिद गरी संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयवाट जारी उद्यमशिलता विकास तालीम सञ्चालन निर्देशिका, २०७३ तथा घरेलु तथा साना उद्योग विभागबाट जारी भएको घरेलु तथा साना उद्योग कार्यक्रमसञ्चालन निर्देशिका, २०७० लाई आधार लिई सीप

विकास तालीम निर्देशिकामा प्रति कक्षा तोकिएको रकम पाउने गरी प्रशिक्षक प्रशिक्षण तालीम प्राप्त प्रशिक्षकबाट कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

यस प्रदेशमा उद्यमी सिर्जना र सीपमूलक तालीमको विकास भै उद्योग/व्यापारहरुको संख्यामा बृद्धि भै रोजगारी र आर्थिक बृद्धि लगायतका पक्षमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

११०. भगत सर्वजित कार्यक्रम (विभिन्न दलित वर्गका लागि)

उद्देश्य

घरेलु तथा साना उद्योग कार्यालयले समाजिक रुपमा पछाडि परेका दलित समुदायका जाति, वर्ग वा समूहका व्यक्तिलाई रोजगारीमूलक सीप विकास तालीम मार्फत सक्षम बनाई उनीहरुको आयआर्जनमा वृद्धि गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा मागको आधारमा कार्यक्रममा तोकिएको लक्ष्य बमोजिम स्वीकृत लागत इष्टिमेट अनुसार लक्ष्य संख्या निर्धारण गरी संघीय उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय घरेलु तथा साना उद्योग विभागबाट जारी भगत सर्वजित सीप विकास प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ बमोजिम प्रक्रिया पूरा गरी भगत सर्वजित कार्यक्रम सञ्चालन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम सञ्चालन को लागि आ.व. २०७७/०७८ मा घरेलु तथा साना उद्योग कार्यालयहरुले १०+२ वा सो सरहको उत्तिर्ण वा कम्तिमा तह २ वा ३ उत्तिर्ण उद्यम विकास सहजकर्ता र कम्प्यूटर सम्बन्धी तालीम लिइएकोलाइ कम्प्यूटर अपरेटर/सहायक कम्प्युटर अपरेटर पदमा यो कार्यक्रम सञ्चालन तथा कार्यन्वयन अवधिसम्म को लागि मात्र सेवा करारमा खरिद गरी सीपमूलक तालीमको सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ । साथै उक्त तालीमको लागि प्रशिक्षक समेत करारमा लिई सञ्चालन गर्ने सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

यस प्रदेशका जनतामा सीपको विकास भै उद्योग/व्यपारको संख्यामा बृद्धि/ रोजगार र लगानी लगायत पक्षमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

१११. सीपमूलक तालीम (स्थानीय तह तथा गै.स.सं.सँग साझेदारीमा)

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले मागको आधारमा वा स्थानीय तहको लागत साझेदारी वा गैर सरकारी संस्थाको लागत साझेदारीमा सीपमूलक तालीम दिन तथा सो तालीमको लागि आवश्यक क्रियाकलापमा लाग्ने सम्पूर्ण खर्च जस्तै- तालीम सामाग्री, प्रशिक्षक/स्रोत व्यक्तिको भत्ता, सहभागी भत्ता, बैठक भत्ता, मसलन्द खर्च, खाजा खर्च, हल भाडा, गाडी भाडा, दैनिक भ्रमण खर्च लगायतका क्रियाकलापहरुमा नियमानुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम सञ्चालनको लागि घरेलु तथा साना उद्योग कार्यालयले कम्तिमा एस.ई.ई. वा सो सरह उत्तिर्ण १ जना सहजकर्ता सेवा करारमा खरिद गरी संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयवाट जारी उद्यमशिलता विकास तालीम सञ्चालन निर्देशिका, २०७३ अनुसार सीप विकास तालीम निर्देशिकामा प्रति कक्षा तोकिएको रकम पाउने गरी प्रशिक्षक प्रशिक्षण तालीम प्राप्त प्रशिक्षकबाट कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

११२. बजार विस्तार तथा अन्तरक्रिया कार्यक्रम

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा विनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले विभिन्न किसिमका तालीम लिएका उद्यमी एवं सञ्चालन गर्दै आएका साना उद्योगीहरुलाई बजार विस्तार सम्बन्धी सीप गोष्ठी एवं **B to B** अन्तरक्रिया कार्यक्रममा स्टेशनरी चिया खाजा यातायात खर्च प्रशिक्षक भत्ता लगायत वापतको खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन घरेलु तथा साना उद्योग कार्यालयहरुमा कार्यरत जनशक्ति तथा बजारसँग सम्बन्धित विज्ञबाट गरिनेछ ।

राम नरेश राय

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

११३. Website निर्माण तथा Up-gradation

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम यस प्रदेश भित्र उद्योग दर्ता तथा नविकरण लगायतको कार्यलाई सहज सरल र पारदर्शी बनाउन सूचना प्रविधिसँग जोड्ने र उक्त कार्यक्रमहरुलाई व्यवस्थित गर्न सो सम्बन्धी अध्ययन अनुसन्धान तथा सफ्टवेयर विकास र निर्माण गर्न सेवा प्रदायकसँग सेवा खरिद गर्न तथा सो सम्बन्धी अन्तरक्रिया गोष्ठी सञ्चालन गर्न लागत इष्टिमेट तयार गरी प्रदेश सरकारको आर्थिक कार्यविधी ऐन नियम तथा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमका कार्यान्वयन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय वा मातहतका निकायले सार्वजनिक खरिद ऐन नियमावली बमोजिम सेवा प्रदायकसँग सेवा खरिद गरी सञ्चालन गर्न सकिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

११४. उद्योग तथा वाणिज्य प्रशासन (वाणिज्य प्रशासनसँग सम्बन्धित छपाई गर्न)(अन्य)

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले कार्यालय प्रमुख उद्योग/वाणिज्य प्रशासन शाखाको प्रमुख कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालीम वा उद्योग/वाणिज्य प्रशासन सम्बन्धी छपाई एवं मसलन्द खाजा खर्च हल भाडा वा प्रदेश भित्रका जिल्ला वा अन्य प्रदेशको जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयको कामको अवलोकनको लागि अवलोकन भ्रमणमा नियमानुसार पाईने दैनिक भत्ता तथा भ्रमण खर्च र कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्चहरुमा उक्त रकम खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम सञ्चालन को लागि घरेलु तथा साना उद्योग कार्यालयहरुले कर्मचारीको क्षमता अभिबृद्धिको लागि दिने तालीमको प्रशिक्षक करारमा लिई वा प्रशिक्षकले नियमानुसार प्रशिक्षण भत्ता पाउने गरि कार्यक्रम र सञ्चालन गर्न सकिनेछ र छपाई प्रचलित कानून बमोजिम गर्न सकिनेछ ।

बजेट व्यवस्थापन
बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि
घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारीहरुको कार्य क्षमता तथा ज्ञान बृद्धि भै छिटो छरितो रुपमा सेवा प्रवाह हुनको साथै सेवाको प्रभावकारीता अभिबृद्धि भएको हुनेछ ।

११५. बजार मूल्य र बजार सूचना सुधार (अन्य)

कार्यक्रम सञ्चालन प्रक्रिया
यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले बजारमा उपलब्ध रहेको विभिन्न किसिमको उपभोग्य सामानको दैनिक मूल्य के कति छ सो को जानकारीको लागि सुचना सम्बन्धी अडियो/भिडियो तथा डिजिटल माध्यबाट प्रचार प्रसार सामाग्री निर्माण तथा एप्स निर्माण तथा **Up-gradation** मा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन
यस कार्यक्रमको कार्यान्वय घरेलु तथा साना उद्योग कार्यालयहरुबाट वा परामर्श सेवा खरिद गरि कार्य सम्पादन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन
बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि
बजार मूल्य सम्बन्धी सुधार एवं जानकारी हुन सक्नेछ।

११६. उद्योग व्यवसाय र आपूर्ति सम्बन्धी अध्ययन (अन्य)

कार्यक्रम सञ्चालन प्रक्रिया
यस कार्यक्रममा विनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले उद्योग र उद्योगीको विवरण सम्बन्धी अध्ययन तथा उद्योग व्यवसाय सम्बन्धी विवरण संकलन गरी उद्योगको प्रोफाईल तयार गरी र सार्वजिनक खरिद ऐन तथा नियम बमोजिम खर्च सकिनेछ।

जनशक्ति व्यवस्थापन
यस कार्यक्रमको कार्यान्वय घरेलु तथा साना उद्योगकार्यालयहरुबाट वा परामर्श सेवा खरिद गरी कार्य सम्पादन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

११७. उद्यमी अवलोकन अन्तरजिल्ला अन्तरप्रदेश (अन्य)

कार्यक्रम सञ्चालन प्रक्रिया

यसमा विनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले जिल्ला भित्रका आ.व. २०७७/०७८ को कार्यक्रममा उल्लेख भए बमोजिम लघु घरेलु तथा साना उद्यमी वा तालीम लिएको उद्यमी वा चुरे क्षेत्र वा सोको आसपास बसोबास गर्ने सम्भावित होमस्टे व्यवसाय गर्न प्रतिबद्धता जनाएका इच्छुक सम्भावित उद्यमीहरुलाई नेपाल भित्रका अन्य जिल्ला स्थित उद्योग हस्तकला केन्द्रहरु वा होमस्टे सञ्चालन भएका क्षेत्रहरुमा उद्यमी अवलोकन भ्रमण तथा सोको लागि आवश्यक क्रियाकलापहरुमा उक्त रकम प्रदेश सरकार आर्थिक कार्यविधि ऐन नियम तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम खर्च गर्न सकिनेछ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन घरेलु तथा साना उद्योग कार्यालयमा कार्यरत जनशक्तिहरुबाट गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

उद्यमीहरुको ज्ञान सीप क्षमतामा बृद्धि भै उद्योगको संख्या रोजगार उत्पादन/उत्पादकत्वमा समेत अभिबृद्धि भएको हुनेछ ।

११८. नवीन प्रकृतिका लघु घरेलु तथा साना तथा मझौला उद्योगहरु स्थापना तथा विस्तारका लागि संभाव्यता अध्ययन

कार्यक्रम सञ्चालन प्रक्रिया

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) मा व्यवस्था भए बमोजिम यस मन्त्रालयमा सूची दर्ता गराएका सम्बन्धित विषयसँग सम्बद्ध सूचीकृत सेवा प्रदायक व्यक्ति, फर्म, संस्था वा कम्मनीवाट प्रस्ताव माग गरी उपयुक्त १ (एक) सेवा प्रदायक छनौट गरी परामर्शमा सेवा लिई नवीन प्रकृतिका लघु घरेलु तथा साना तथा मझौला उद्योगहरु स्थापना तथा विस्तारका लागि संभाव्यता अध्ययन कार्य गराईनेछ ।

बजेट व्यवस्थापन
बिनियोजित वार्षिक बजेट अनुसार।

११९. जिल्ला स्तरीय उद्यम विकास रणनीतिक योजना निर्माण (अन्य)

कार्यक्रम सञ्चालन प्रक्रिया
यस कार्यक्रममा विनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले जिल्लास्थित उद्यम विकास रणनैतिक योजना स्थानीय तहको समन्वय र सहभागितामा निर्माण गरी गराई हस्तान्तरण मा खर्च सकिनेछ ।

बजेट व्यवस्थापन
बिनियोजित वार्षिक बजेट अनुसार।

१२०. उद्योग सम्बन्धी प्रोफाइल भएको पुस्तक प्रकाशन

कार्यक्रम सञ्चालन प्रक्रिया
यो कार्यक्रम सम्बन्धित घरेलु तथा साना उद्योग कार्याहरुले एक आर्थिक वर्षमा आफूले सम्पादन गरेका कार्यलयहरु, उद्योग र उद्योगीहरुको विस्तृत विवरणको जानकारी संलग्न गरी उद्योग सम्बन्धी प्रोफाइल भएको पुस्तक प्रकाशन गर्नुपर्नेछ ।यसलाई आवश्यकता अनुसार विद्युतिय माध्यम, पत्रपत्रिका तथा अन्य विभिन्न संचार माध्यमवाट प्रचारप्रसार गर्नुपर्नेछ । जसमा एक आर्थिक वर्षमा सम्पादन भएका उद्योग, व्यवसायको दर्ता, नवीकरण, क्षमता बृद्धि, ठाउँसारी, उद्देश्य परिवर्तन जस्ता विवरणहरु विस्तृत रुपमा प्रकाशन गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन
बिनियोजित वार्षिक बजेट अनुसार।

१२१. प्रचार प्रसार सामाग्री उत्पादन र वितरण (पोष्टर, पम्पलेट, होर्डिङ् बोर्ड, भेष्ट, टिशर्ट, स्टिकर, आदि प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण)

कार्यक्रम सञ्चालन प्रक्रिया
यस कार्यक्रममा विनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले (उद्योग प्रशासन तर्फ) उपभोक्ताहरुलाई एवं उद्यमीहरु कर्मचारीहरु पोष्रटर पम्पलेट होर्डिऊ बोर्ड भेष्ट टिशर्ट स्टिकर आदि प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन खरिद र वितरण गर्नमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन
यस कार्यक्रमको कार्यान्वय घरेलु तथा साना उद्योग कार्यालयहरुमा कार्यरत जनशक्तिबाट गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

उद्योग व्यवसायको प्रचार प्रसार एवं व्यापकता भएको हुनेछ ।

१२२. उपभोक्ता हित संरक्षण सम्बन्धी सूचना प्रचार प्रसार (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण)

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले (वाणिज्य प्रशासन तर्फ) उपभोक्ताहरुलाई जागरुक बनाउन र खाद्यान्न उपभोग्य सामानहरुको प्रयोग विधिको विभिन्न सन्देशमूलक सामाचारहरु प्रकाशन पोष्टर पम्पलेट छपाई गरी विभिन्न सार्वजनिक स्थान एवं स्थानीय तहहरुमा समेत पुग्ने गरी वितरण गर्नमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन घरेलु तथा साना उद्योग कार्यालयहरुमा कार्यरत जनशक्तिबाट गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

उद्योग व्यवसायको प्रचार प्रसार एवं व्यापकता भएको हुनेछ ।

१२३. उद्यमी बजार प्रवर्द्धन तथा मेला महोत्सव

कार्यक्रम सञ्चालन प्रक्रिया

प्रदेश भित्रका लघु, घरेलु तथा साना उद्योगहरुवाट उत्पादित वस्तुहरुको पहिचान, प्रचारप्रसार र बजारीकरणमा टेवा पुर्याई आन्तरिक उत्पादनमा बृद्धि ल्याउने उद्देश्यले यो कार्यक्रम गरिनेछ। उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग महासंघ लगायत अन्य संघसंस्थाबाट जिल्लाभित्र सञ्चालन हुने व्यापार तथा औद्योगिक मेला महोत्सवमा लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको प्रदर्शन गर्नका लागि आवश्यक पर्ने खर्चमध्ये उद्यमीहरुको सम्बन्धित संस्थाबाट प्राप्त प्रस्तावका आधारमा प्रचलित ऐन, नियम बमोजिम साझेदारीमा रकम खर्च गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१२४. अनुगमन मूल्यांकन खर्च

कार्यक्रम सञ्चालन प्रक्रिया

स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन तथा कार्यान्वयको अवस्थमा अनुगमन तथा मूल्यांकन गर्न तथा स्वीकृत कार्यक्रम कार्यान्वयको लागि लाग्ने खर्च यस शिर्षकवाट ब्यहोरिनेछ। खर्च भुक्तानीको लागि प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने भ्रमण बिल तथा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१२५. साझा सुविधा केन्द्र

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयहरुले जिल्लामा स्थापना भएका साझा सुविधा केन्द्रहरुको उत्पादन, गुणस्तर, प्याकेजिङ्ग, पुँजी, मुनाफा, रोजगार जस्ता पक्षमा सकारात्मक परिवर्तन ल्याउन मेशिन/उपकरण/प्रविधि (कूल लागतको ८०% घरेलु कार्यालयको अनुदान र बाँकी २०% सम्बन्धित साझा सुविधा केन्द्रको लागत सहभागितामा रु. ५ लाख सम्मको मेशिन/उपकरण/औजार) हस्तान्तरण खर्च गर्न सकिनेछ । यसका लागि कम्तिमा दैनिक पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी साझा सुविधा केन्द्रबाट प्रविधि माग प्रस्ताव पेश गर्न लगाइ योजना तथा तालीम शाखावाट निरीक्षण गरी प्रतिवेदन पेश भएको आधारमा साझा सुविधा केन्द्रलाई संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी लघु, उद्यम, घरेलु तथा साना उद्यमी प्रविधि (मेशिन, उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ लाई आधार लिई सोही आधारमा प्रस्ताव मूल्यांकन गराई सबै भन्दा बढी अंक प्राप्त गर्ने साझा सुविधाकेन्द्रलाई प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, नियम तथा सार्वजनिक खरिद ऐन र नियमावली समेतको आधारमा औद्योगिक उत्पादनसँग सम्बन्धित मेशिन/उपकरण/औजार हस्तान्तरण तथा सो सँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन घरेलु तथा साना उद्योग कार्यालयहरुमा कार्यरत जनशक्तिबाट गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१२६. प्रशिक्षार्थीहरुलाई प्रविधि हस्तान्तरण (औद्योगिक उत्पादनसँग सम्बन्धित उपकरण तथा मेशिनरी)

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यकंममा तालीम सञ्चालनको क्रममा आवश्यक तालीमसंग सम्बन्धित उपकरण तथा मेशिनरी र प्रविध तालीम सचालनको लागि प्रशिक्षार्थिहरुलाइ २० प्रतिशतको लागत सहभागितामा तालीमसँग सम्बन्धित स-साना आवश्यक पर्ने मेशिनरी/उपकरण/औजार हस्तान्तरण गरिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन घरेलु तथा साना उद्योग कार्यालयहरुमा कार्यरत जनशक्तिबाट गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१२७. स्तरोन्नति कार्यक्रम प्रविधि हस्तान्तरण

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले संघिय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेशिन, उपकरण) हस्तान्तरण निर्देशिका, २०७३ बमोजिम तालीम लिई स्थापना गरेको साना उद्योग वा पहिले देखि नै सञ्चालन गर्दै आएका उद्यमीहरुलाइ औद्योगिक उत्पादनसंग सम्बन्धित मेशिन उपकरण हस्तान्तरण गर्न खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रमको कार्यान्वयन घरेलु तथा साना उद्योग कार्यालयहरुमा कार्यरत जनशक्तिबाट गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१२८. लघु उद्यमी सम्बन्धी कार्यक्रम सञ्चालन करैयामाई बारा (जनचेतना तालीम)

कार्यक्रम सञ्चालन प्रक्रिया तथा जनशक्ति व्यवस्थापन

यस कार्यक्रममा बिनियोजित रकम घरेलु तथा साना उद्योग कार्यालयले संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी भएको उद्यमशिलता विकास तालीम सञ्चालन निर्देशिका,२०७३ तथा

उद्योग मन्त्रालय अन्तरगत घरेलु तथा साना उद्योग विभागबाट जारी घरेलु तथा साना उद्योग कार्यक्रम सञ्चालन निर्देशिका, २०७० लाई आधार मानी उद्यमशीलता तालीम सीप विकास तालीम तथा जनचेतनामूलक तालीम सञ्चालन गर्न सकिनेछ ।उक्त कार्यक्रमको लागि गैरसरकारी संस्थाको सहयोगमा समेत सञ्चालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१२९. REED+ अभिमुखिकरण तालीम

कार्यक्रम सञ्चालन प्रक्रिया

यस शीर्षकमा बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, उद्घाटन तथा समापन कार्यक्रम लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य ।
- क्रियाकलाप सञ्चालन गरीएको स्थान ।
- फोटो, होर्डिङ्ग बोर्ड, ब्यानर।
- सहभागिहरुको उपस्तिथी माईन्यूट।
- सञ्चालित कार्यक्रमको तस्विरहरु।
- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यलयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यो तालीम सञ्चालन गर्न सक्नेछ साथै विषय विज्ञ तथा सेवाप्रदायकबाट समेत यस कार्यक्रमको कार्यान्वयन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१३०. सागरनाथ वन विकास परियोजनामा भएका मूख्य-मूख्य प्रजातिहरुको वृद्धि सम्बन्धी अध्ययन अनुसन्धान

परिचय

सागरनाथ वन विकास परियोजना अन्तरगत रहेका मूख्य-मूख्य प्रजातिका रुख विरुवाहरुको वृद्धि सम्बन्धी अध्ययन गरी प्रतिवेदन तयार गर्नु हो ।

उद्देश्य

- सागरनाथ वन विकास परियोजना अन्तरगत रहेमा मूख्य-मूख्य प्रजातिका रुख विरुवाहरुको वृद्धि (Growth) अध्ययन गर्ने।
- मूख्य-मूख्य प्रजातिका रुख विरुवाहरुको वृद्धि (Growth) अध्ययन गरी विश्लेषण गर्ने ।
- प्रतिवेदन तयार गर्ने ।
- Information dissemination गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

कार्यक्रम सम्पन्न पश्चात पेश गरिने कागजातहरु

- प्रतिवेदन पुस्तिका डिजिटल कपी समेत
- फोटोहहरु
- कार्यक्रमको उपलब्धि

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरु वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्रदेश वन निर्देशनालयद्वारा जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१३१. तराईको मूख्य दूई प्रजातिको volume table बनाउने

परिचय

प्रदेश नं.२ अन्तर्गतका मुख्य दुई प्रजातिको Volume Table तयारी गरी व्यवहारमा लागु गर्नु हो।

उद्देश्य

- तराईका मुख्य दुई प्रजातिको Volume Table तयारी गरी व्यवहारमा लागु गर्नु हो ।
- Growing stock, Biomass, आदि पता लागाउन सक्नुको साथै महत्वपूर्ण प्रजातिको Growth Model पता लगाउनु हो ।
- मुख्य मुख्य प्रजातिका रुख विरुवाहरुको वृद्धि (Growth) अध्ययन गरी विश्लेषण गर्ने ।
- प्रतिवेदन तयार गर्ने ।
- Information dissemination गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

कार्यक्रम सम्पन्न पश्चात पेश गरिने कागजातहरु

- प्रतिवेदन पुस्तिका डिजिटल कपी समेत
- फोटोहहरु
- कार्यक्रमको उपलब्धि

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरु वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्रदेश वन निर्देशनालयद्वारा जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१३२. टिकको वनमा thinning trail सम्बन्धी अध्ययन अनुसन्धान

परिचय

प्रदेश नं.२ अन्तर्गतका रहेका टिकको वन (प्राकृतिक वा वृक्षारोपण) वनमा Thinning Trail Plot स्थापना गरी अध्ययन अनुसंधान गरी व्यवहारमा लागु गर्नु हो ।

उद्देश्य

- टिकको वन (प्राकृतिक वा वृक्षारोपण) वनमा Thinning Trail Plot स्थापना गर्ने ।
- Growing stock, Biomass, आदि पता लागाउन सक्नुको साथै महत्वपूर्ण प्रजातिको Growth Model पता लगाउनु हो ।
- Thinning Modelity Assess गर्नु हो ।
- Teak को रुख विरुवाहरुको वृद्धि (Growth) अध्ययन गरी विश्लेषण गर्ने ।
- प्रतिवेदन तयार गर्ने ।
- Information dissemination गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।
- वन अनुसंधान तथा तालीम केन्द्र बबरमहलसंग समन्वय गरी कार्य सञ्चालन गर्ने ।

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरु वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्रदेश वन निर्देशनालयद्वारा जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१३३. साल प्रजातिमा हुने धोद सम्बन्धी अध्ययन अनुसन्धान

परिचय

प्रदेश नं.२ अन्तर्गतका रहेको सालको प्रजातिमा धोधको विकास सम्बन्धी अध्ययन अनुसन्धान गर्नु हो।

उद्देश्य

- सालको प्रजातिमा धोधको विकास सम्बन्धी अध्ययन हो ।
- धोधको वास्तविक कारण पता लागाई Sound Wood उत्पादन गर्नु हो ।
- धोधबाट काठको गुणस्तरमा पार्ने प्रभावको विश्लेषण गर्नुहो ।
- प्रतिवेदन तयार गर्ने ।
- Information dissemination गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यविधि

- लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।
- परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गन सक्ने ।
- वन अनुसंधान तथा तालीम केन्द्र बबरमहलसंग समन्वय गरी कार्य सञ्चालन गर्ने ।

यस कार्य प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य सञ्चालन गर्ने ।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरु वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्रदेश वन निर्देशनालयद्वारा जनशक्ति व्यवस्थापन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१३४. प्रस्ताव लेखन सम्बन्धी तालीम (अधिकृतस्तर)

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीममा सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालीम सञ्चालनका सामाग्री खरिद लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत ईष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली

अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ। यस तालीममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यलयहरुका अधिकृतस्तरका कर्मचारीहरुको सहभागिता रहनेछ। विगतमा सम्बद्ध विषयमा तालीम नलिएका अधिकृतस्तरका कर्मचारीहरुलाई विशेष प्राथमिकता दिईनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य ।
- क्रियाकलाप सञ्चालन गरीएको स्थान ।
- फोटो, होर्डिङ्ग बोर्ड, ब्यानर।
- सहभागिहरुको उपस्तिथी माईन्यूट।
- सञ्चालित कार्यक्रमको तस्विरहरु।
- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरुले विषय विज्ञ तथा सेवाप्रदायकबाट समेत यो तालीम सञ्चालन गर्न सक्नेछ भने यस कार्यक्रमको कार्यान्वयन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालयसँगको समन्वयमा सेवा प्रदायक तथा विषय विज्ञबाट समेत मार्फत गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

कर्मचारीको प्रस्ताव लेखन सम्बन्धी क्षमता अभिवृद्धि हुनेछ।

१३५. जि.पी.एस. ह्याण्डलिङ्ग तालीम

कार्यक्रम सञ्चालन प्रक्रिया

कर्मचारीहरुको लागि **GPS** तालीम सञ्चालनका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीममा सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालीम सञ्चालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत ईष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार

विस्तृत योजना बनाई खर्च गरिनेछ। विगतमा सम्बद्ध विषयमा तालीम नलिएका कर्मचारीहरुलाई विशेष प्राथमिकता दिईनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य ।
- क्रियाकलाप सञ्चालन गरीएको स्थान ।
- फोटो, होर्डिङ्ग बोर्ड, ब्यानर।
- सहभागिहरुको उपस्तिथी माईन्यूट।
- सञ्चालित कार्यक्रमको तस्विरहरु।
- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरुले विषय विज्ञ तथा सेवाप्रदायकबाट समेत यो तालीम सञ्चालन गर्न सक्नेछ भने यस कार्यक्रमको कार्यान्वयन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालयसँगको समन्वयमा सेवा प्रदायक तथा विषय विज्ञबाट समेत मार्फत गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

कर्मचारीको क्षमता अभिवृद्धि हुनुको साथै वन क्षेत्रको तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेषण गर्नमा सहयोग पुगी वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्नेछ ।

१३६. दश दिने वैज्ञानिक वन व्यवस्थापन तालीम

परिचय

वन व्यवस्थापन गर्दा वन विज्ञानका विभिन्न विद्याहरु जस्तै- **Forest Management, Silviculture, Forest Utilization, Marketting, Forest economics, Forest/ecosystem, carbon sequestration/Climate change (mitigation and adaptation) REDD** का विषयबस्तुहरुका साथै **GIS/RS/GPS technology** हरुको समेत प्रयोग, आदि उपयोग गरी वन प्राविधिकलाई वन व्यवस्थापन कार्यमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान अभिवृद्धि गर्न यो तालीम आयोजना गरिनेछ ।

उद्देश्य

- वनको दीगो व्यवस्थापन भै हैसियतमा सुधार आउने र यसबाट वातावरणीय लाभ प्राप्त हुने।

- वन पैदावारको आपुर्ति निरन्तर रुपमा सहज हुने ।
- सहभागितात्मक वन व्यवस्थापन (सामुदायिक तथा साझेदारी वन) बाट समूहमा हुने आम्दानीले स्थानीय विकासमा टेवा पुग्ने ।
- स्थानीय रोजगारी श्रृजना हुने ।
- राज्यलाई राजश्व प्राप्त भै राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय रुपले योगदान पुग्ने ।
- वन संगठनको छवी सुध्रने, बिभन्न खालका विवाद तथा खिचातानी घट्ने र वन पेशा मर्यादित हुने।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस शीर्षकमा बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, उद्घाटन तथा समापन कार्यक्रम लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य ।
- क्रियाकलाप सञ्चालन गरीएको स्थान ।
- फोटो, होर्डिङ्ग बोर्ड, ब्यानर।
- सहभागिहरुको उपस्तिथी माईन्यूट।
- सञ्चालित कार्यक्रमको तस्विरहरु।
- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरुले विषय विज्ञ तथा सेवाप्रदायकबाट समेत यो तालीम सञ्चालन गर्न सक्नेछ भने यस कार्यक्रमको कार्यान्वयन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालयसँगको समन्वयमा सेवा प्रदायक तथा विषय विज्ञबाट समेत मार्फत गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१३७. कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम

उद्देश्य

कार्यालयको उद्देश्य अनुरुपको कामकाजलाई प्रभावकारी ढंगले कार्यान्वयन तथा सम्पादन गर्न गराउन मन्त्रालय अन्तर्गतका विभिन्न निकायमा कार्यरत वन प्राविधिक र अन्य कर्मचारीहरुको आवश्यकतामा आधारित क्षमता अभिवृद्धि गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यक्रम कार्यान्वयन तथा कार्यालयको कार्य सम्पादनमा संलग्न कर्मचारीहरुको बैठकमा छलफल गरी कम्प्यूटर एडभान्स कोर्ष, एम.आई.एस. डाटा व्यवस्थापन/अपलोड, कर्मचारी टिम बिल्डींग लगायतका अन्य तालीमहरुको **Training Need Assessment** बाट छनौट गर्न सकिन्छ । तालीम सञ्चालन गर्दा प्रचलित नर्म्स अनुसार गर्नुपर्नेछ । यस शीर्षकमा बिनियोजित रकम कर्मचारी बैठक खाजा, तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक तालीम भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, फिल्ड गियर, तालीमपश्चात कार्यक्रम सञ्चालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण र उदघाटन तथा समापन कार्यक्रम लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्र वा सम्बन्धित कार्यालयबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

वन प्राविधिक तथा अन्य कर्मचारीहरुको क्षमतामा अभिवृद्धि भै कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्नेछ।

१३८. फरेष्टर/वन रक्षक र रेञ्जरका लागि ३० दिने आधारभुत तालीम

उद्देश्य

डिभिजन वन कार्यालयमा कार्यरत नयाँ भर्ना भएका तथा कार्यरत फरेष्टर/वन रक्षकहरुलाई वन र वन्य जन्तु सम्बन्धी विविध विषयवस्तुको बारेमा जानकारी गराई दक्ष प्राविधिक बनाउन र शारीरिक व्यायामका साथ फूर्तिलो बनाउने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस शीर्षकमा बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, फिल्ड गियर, उदघाटन तथा समापन कार्यक्रम लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्रबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

डिभिजन वन कार्यालयमा कार्यरत नयाँ भर्ना भएका तथा कार्यरत फरेष्टर/वन रक्षकहरुलाई वन र वन्यजन्तु सम्बन्धी विविध विषयवस्तुको बारेमा जानकारी भै कार्य क्षमता बढ्ने, बढुवाको लागि अंक प्राप्त गर्नुको साथै कार्यालयको कार्य सम्पादनमा सहयोग पुग्नेछ ।

१३९. १० दिने जि.आई.एस. (GIS) तालीम

कार्यक्रम सञ्चालन प्रक्रिया

कर्मचारीहरुको लागि **GIS** तालीम सञ्चालनका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीममा सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालीम सञ्चालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत ईष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ। यस तालीममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन/सव-डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका स.व.अ./स.भू.अ./अधिकृतस्तर छैठौ (प्रा.)/वनस्पति सहायक/रेञ्जर/भू संरक्षण सहायकहरुको सहभागिता रहने छ साथै आवशयकतानुसार अन्य कर्मचारीहरुलाई समेत सहभागी गराउन सकिनेछ। विगतमा सम्बद्ध विषयमा तालीम नलिएका कर्मचारीहरुलाई विषेश प्राथमिकता दिईनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य ।
- क्रियाकलाप सञ्चालन गरीएको स्थान ।
- फोटो, होर्डिङ्ग बोर्ड, ब्यानर।
- सहभागिहरुको उपस्तिथी माईन्यूट।
- सञ्चालित कार्यक्रमको तस्विरहरु।
- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरुले विषय विज्ञ तथा सेवाप्रदायकबाट समेत यो तालीम सञ्चालन गर्न सक्नेछ भने यस कार्यक्रमको कार्यान्वयन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालयसँगको समन्वयमा सेवा प्रदायक तथा विषय विज्ञबाट समेत मार्फत गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

कर्मचारीको क्षमता अभिवृद्धि हुनुको साथै वन क्षेत्रको तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेषण गर्नमा सहयोग पुगी वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्नेछ ।

१४०. वन सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण तालीम

कार्यक्रम सञ्चालन प्रक्रिया

यस कार्यक्रममा बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीममा सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत ईष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार खर्च गर्न सकिनेछ। विगतमा सम्बद्ध विषयमा तालीम नलिएका कर्मचारीहरुलाई विषेश प्राथमिकता दिईनेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य ।
- क्रियाकलाप सञ्चालन गरीएको स्थान ।
- फोटो, होर्डिङ्ग बोर्ड, ब्यानर।
- सहभागिहरुको उपस्तिथी माईन्यूट।

- सञ्चालित कार्यक्रमको तस्विरहरु।
- कार्यक्रमको भौतिक, वित्तिय तथा भारित प्रगति।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरुले विषय विज्ञ तथा सेवाप्रदायकबाट समेत यो तालीम सञ्चालन गर्न सक्नेछ भने यस कार्यक्रमको कार्यान्वयन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालयसँगको समन्वयमा सेवा प्रदायक तथा विषय विज्ञबाट समेत मार्फत गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

कर्मचारीको क्षमता अभिवृद्धि हुनुको साथै वन क्षेत्रको तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेषण गर्नमा सहयोग पुगी वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्नेछ ।

१४१. १० दिने कानूनी कार्यविधि तालीम

उद्देश्य

वन अपराधीहरुलाई न्यायको दायरा भित्र ल्याउन वन अपराध एवं मुद्दा अनुसन्धानको कार्य अपरिहार्य रहदै आएको छ । तसर्थ फरेस्टर, रेञ्जर तया सहायक वन अधिकृतहरुलाई वन अपराध मुद्दा अनुसन्धानको प्रक्रिया बारे जानकारी गराउने तथा नियमानुसार वन अपराध अनुसन्धान गरी मुद्दा दायर गर्ने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यस शीर्षकमा बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, उद्घाटन तथा समापन कार्यक्रम लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट, प्रचलित आर्थिक ऐन, नियमावली तथा सार्वजनिक खरिद ऐन, नियमावली अनुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यलयहरुले विषय विज्ञ तथा सेवाप्रदायकबाट समेत यो तालीम सञ्चालन गर्न सक्नेछ भने यस कार्यक्रमको कार्यान्वयन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा

वातावरण मन्त्रालय/प्रदेश वन निर्देशनालयसँगको समन्वयमा सेवा प्रदायक तथा विषय विज्ञबाट समेत मार्फत गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

१४२. आइ. ई. ई. । ई. आइ. ए. १० दिने तालीम

उद्देश्य

IEE तथा **EIA** अध्ययन गर्ने प्रक्रियाबारेमा क्षमता अभिवृद्धि गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ मा भएको व्यवस्था अनुसार विभिन्न उद्योग, खानी, आयोजना, आदि, सञ्चालन गर्दा **IEE** तथा **EIA** गर्ने प्रावधान छ। **IEE** तथा **EIA** अध्ययन गर्ने प्रक्रिया, **TOR** तथा वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने बारेमा क्षमता अभिवृद्धि गर्न स.व.अ., ईच्छुक वातावरण क्षेत्रमा काम गर्ने वनकर्मी, वातावरण कर्मीहरुको लागि तालीम सञ्चालन गरिनेछ । यस कार्यक्रममा विनियोजन गरीएको बजेट प्रचलित नर्म्स अनुसार स्वीकृत लगत ईष्टिमेट बमोजिम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका तालीम व्यवस्थापनमा खर्च गर्न सकिनेछ । तालीम सञ्चालन भएपश्चात स्थान र मिति देखिने तालीमको फोटो दृष्यहरु समावेश गरी प्रतिवेदन अनिवार्य रुपले तयार गरी पेश गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश निर्देशनालय वा वन अनुसन्धान तथा तालीम केन्द्रबाट यो कार्य गर्नुपर्नेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

IEE तथा **EIA** अध्ययन गर्ने प्रक्रिया, **TOR** तथा वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने बारेमा क्षमता अभिवृद्धि भै प्रदेश भित्र दक्ष प्राविधिक तयार हुनेछ ।

१४३. खानेपानी तथा सिंचाई प्रणाली जलाधार संरक्षण कार्यक्रम

परिचय

खानेपानी तथा सिंचाई प्रणाली जलाधार संरक्षण गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यस कार्यक्रमको उद्देश्य सम्बन्धित जलाधार/उपजलाधार/नदी प्रणालिको प्रभावित स्थानमा नियमित रुपमा शुद्ध तथा सफा पानीको प्रयाप्त उपलब्धता सुनिश्चित गर्दै स्थानीय खेतिपाती लगायतका कृषी कार्यका लागि सिंचाई समेतको व्यवस्था गर्नु हो ।

कार्यक्रम सञ्चालन प्रक्रिया

स्थानीय जलाधारीय तत्वहरुको विश्लेषण गरी जैविक एकल वा यान्त्रिक एकल वा जैविक यान्त्रिक (बायोईन्जिनियरिंग) संयुक्त पद्धती अपनाई यो कार्यक्रम गरिनेछ। पानी मुहान संरक्षण, स्टोरेज ट्याँकको निर्माण, ह्याण्ड पाईप गाड्ने कार्य, अभरहेड ट्याँकी/कुवा उत्खन्न/मर्मत/संरक्षण, सिंचाई कुलो निर्माण/मर्मत/संरक्षण खानेपानी तथा सिंचाई कार्यको लागि डिप बोरिङ्ग, विद्युतिय मोटरको जडान लगायत अन्य आवश्यक कार्यहरु गर्न सकिनेछ । यो कार्यक्रम अन्तर्गत स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यकतानुसार जोखिमको प्रकृति र उपयुक्ता हेरी सम्बन्धित लाभग्राहीहरुको आमभेलाबाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माणसँग सम्बन्धित अन्य कुनै समितिबाट कार्य सञ्चालन गराउनु पर्नेछ ।

कार्यक्रम सम्पन्न भएपश्चात उपभोक्ता समुहको निर्णय कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको फोटोग्राफहरु, बील भर्पाईहरु लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारिशमा सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरिएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्मस, जिल्ला दररेट बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सव्वल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ मा खानेपानी तथा सिंचाई प्रणाली जलाधार संरक्षण कार्य सफलतापूर्वक सम्पन्न हुनेछ।

१४४. आधुनिक प्रविधियूक्त स्थायी नर्सरी निर्माण

परिचय

उच्च प्रविधियुक्त नर्सरी प्राविधिक रुपले उत्कृष्ट हुनुको साथै स्थायी प्रकृतिको **(Permanent)** बहुआयामिक हुन्छ। यो नर्सरी बाह्रै महिना सञ्चालन हुने हुँदा यसको नियमित निरिक्षण तथा प्राविधिक सहयोग पुग्ने गरिसकेसम्म डिभिजन/सव-डिभिजन वन कार्यालयको नजिक, यातायात सुविधा भएको तथा विरुवाको अत्यधिक माँग हुने दक्षिणी भेक तथा जिल्लाको सदरमुकाम आसपासको क्षेत्रमा हुनु पर्दछ ।

उद्देश्य

आधुनिक प्रविधियूक्त स्थायी नर्सरी निर्माण स्थापना गरी बाह्रै महिना आर्थिक र सामाजिक रुपले फलदाई विरुवा अधिकतम संख्यामा उत्पादन गर्ने।

कार्यक्रम सञ्चालन प्रक्रिया

उक्त नर्सरी अधिकृत तहको कर्मचारीको निगरानीमा सञ्चालन गर्ने गराईनेछ। उक्त नर्सरीमा विरुवा उत्पादन शहरी वन बगैंचा, आदिका लागि **ornamental, evergreen species**, फूल फूल्ने रुख जात, आदि उत्पादन गरिनेछ । यी विरुवाहरु कम्तीमा २ वर्ष अवधिको ४–५ फिट अग्लो भए पश्चात बितरण गर्न सकिनेछ।नर्सरीको सुरक्षाको लागि बारबेर, **Drainage, Sprinkle** सहितको सिंचाई, पानी ट्याँकी, स्थायी छहारी, स्टोर कटेरो, हरेक व्याडमा ट्यागिङ्ग, ग्रीन **हाउस (Green House)**, रकमको उपलब्धता अनुसार वातानुकुलित टनेल, आदिको व्यवस्था हुनुपर्दछ। नर्सरी वरिपरी फूल रोपी रमणीय वातावरण बनाउनुको साथै विश्रामस्थल (गोलघर) बनाउदा राम्रो हुन्छ। सरकारी जमीनमा तथा उत्पादन क्षमता कम्तिमा पनि १,५०,००० (एक लाख पचास हजार) वा सो भन्दा बढी उत्पादन हुन सक्ने जग्गा भएको ठाँउमा बनाउनु पर्दछ । नर्सरी नाईके तथा सुरक्षा कृयाकलापमा समेत खर्च गर्नुका साथै यस शीर्षकमा बिनियोजित रकम प्रचलित नर्म्स, आर्थिक ऐन नियम र जिल्ला दररेट बमोजिम खर्च गरिनेछ।नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी नक्शा सहितको होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।

कार्यक्रम सम्पन्न पछि नर्सरी रहेको स्थान, नर्सरीको क्षमता र कार्य सञ्चालन गर्दाको विभिन्न अवस्थाको फोटो तथा कार्यक्रमको भौतिक र वित्तिय प्रगति सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन/सव-डिभिजन वन कार्यालयका दक्ष जनशक्तिहरुबाट तथा आवश्यक्ता अनुसार हाईटेक नर्सरीसँग सम्बद्ध दक्ष प्राविधिकको सहयोग लिई कार्य सम्पादन गरिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

जिल्लामा बाह्रै महिना स्थायी प्रकृतिको प्रविधियूक्त नर्सरी सञ्चालनमा आई बाह्रै महिना गुणस्तरीय विरुवा उत्पादनमा सहयोग पुग्नेछ ।

१४५. विरुवा उत्पादन–खरिद संरक्षण वृक्षारोपण तथा वितरण

परिचय

प्रदेश नं.२ को विभिन्न स्थानहरुमा विरुवा उत्पादन–खरिद, संरक्षण र वृक्षारोपण गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

जिल्लामा खाली रहेको वनक्षेत्रमा, निजी, नदि किनार, सडक किनार सार्वजनिक पर्ति जग्गामा वृक्षारोपण गर्न, समुदायको जग्गामा विरुवा रोपण गरी रुखविरुवाले ढाकेको क्षेत्रको बिस्तार गर्ने ।

कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यालय आफैले नर्सरी सञ्चालन गर्दा वीउ स्रोत, समय तालिका, आदि समेत खुल्ने गरी कार्यालय प्रमुखबाट प्रमाणित गरिएको वन नर्सरी रेजिष्टर राख्नु पर्नेछ। विज्ञहरु समेत सम्मिलित टोलीको राय लिएर कार्यालय प्रमुखले कर्मचारीहरुको बैंठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरुको रुची, प्राविधिक उपयुक्तताका आधारमा विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजाति छनौट गर्न सक्नेछ ।उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ।विरुवा उत्पादनको लागि २०० गेजको सेतो रङ्गको कम्तिमा ३" x ७" साईजको पोलिथिन थैलामा मात्र विरुवा उत्पादन गरिनेछ । जिल्ला भरिमा विरुवा उत्पादन प्रयोजनार्थ श्रमिक तथा नाईके ज्याला बाहेकका आवश्यक विउ, पोली व्याग, सिंचाई तथा अन्य कार्यको लागि चाहिने उपकरणहरु, सेड निर्माण सम्बन्धी समाग्रीहरु, विषादी तथा रसायनहरु, स्प्रेयर लगायतका सामग्रीहरुको पुर्वानुमान गरी कार्यालयको खरिद समितिबाट निर्णय गरी गराई एकमुष्ट खरिदको व्यवस्था मिलाउनु पर्नेछ । यसको लागि अधिकृत/रेन्जर स्तरका कर्मचारीहरुलाई विरुवा प्रजाती, संख्या, साईज र गुणस्तर समेत उल्लेख गरी कार्य आदेश प्रदान गरी स्वीकृत आर्थिक ऐन, नियम, नर्म्स तथा जिल्ला दररेटको परिधि भित्र रही लागत इष्टिमेट स्वीकृत गरी कार्य सञ्चालन गर्नुपर्नेछ

आवश्यक्ता अनुसारको जात र परमाणको गुणस्तरीय विरुवा निजी नर्सरी धनीसँग प्रचलित कानुनको परिधि भित्र रहि खरिद गर्न सकिनेछ । विरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः-

सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु, आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

- जिल्लामा कुनकुन प्रजातिका विरुवाहरुको माग छ सो को प्राथमिक सर्भेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने बिरुवा संख्या र प्रजाति एकीन गर्नुपर्नेछ। साथै सोही अनुसार विरुवा उत्पादनको लागि कार्ययोजना (समयतालिका) तयार गर्नुपर्नेछ ।
- गुणस्तरयुक्त तथा स्थानीयस्तरमा सफल भएका रुख विरुवाका विउलाई मात्र छनोट गर्नुपर्नेछ।उपलब्ध भएसम्म विभागबाट प्रमाणित गरीएको विउ खरिद वा संकलन गर्नुपर्नेछ।
- यसरी उत्पादन हुने विरुवा समुदायमा आधारित वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वक्षारोपणका लागि वितरण गरिनेछ ।
- बिरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ्ग लगायतका काममा आवश्यक पर्ने ईन्धन, खाजा खर्च र मसलन्द, आदिमा यो शीर्षकबाट खर्च गर्न सकिनेछ। सो को लागि पहिला नै लगत इस्टिमेटमा खुलाउनुपर्नेछ ।
- विरुवा उत्पादन भै वितरण गर्दा वितरण लगत राखिनु पर्नेछ।विरुवा वितरण गरिएको विस्तृत विवरण अद्यावधिक गरेर राखुपर्नेछ।कार्यक्रम सम्पन्नपछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

✓ उत्पादित विरुवाहरुको जात र संख्या।

✓ वितरणको लगत:सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी आवादी जग्गामा तथा सार्वजनिक पर्ति जग्गामा रोपण गर्न।

✓ विभिन्न क्रियाकलापहरुको फोटो।

जनशक्ति व्यवस्थापन

विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, काष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम सञ्चालनको लागि सम्बन्धित डिभिजन/सव–डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुमा रहेका वन प्राविधिक मार्फत विरुवा उत्पादन तथा खरिद सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

लक्षित कार्यक्रम अनुसार यसै तोकिएको संख्यामा विरुवा उत्पादन तथा वितरण भै निजी तथा सार्वजनिक क्षेत्रको वृक्षारोपणमा सहयोग पुग्नेछ ।

१४६. एकीकृत भू–क्षय नियन्त्रण

परिचय

जैविक एकल वा यान्त्रिक एकल वा जैविक यान्त्रिक संयुक्त (बायोईन्जिनियरिंग) पद्धती अपनाई जलाधार व्यवस्थापनका कार्यहरु गर्न यो कार्यक्रम राखिएको हो।

उद्देश्य

यो कार्यक्रमको मुख्य उद्देश्य सार्वजनिक तथा निजी जग्गामा पहिरो/भू–क्षय/पानी जम्ने खोला किनार कटान/गल्छी/क्षतिग्रस्त भूमि/पोखरीहरुको बिग्रदो अवस्था/गाउँवस्तीमा वाढी पस्ने/कृषी भूमिमा सेडिमेन्टेसन लगायतका जोखिमपूर्ण स्थानहरुमा संरक्षणका आयामहरुको एकिकृत प्रयोग गरी भू–क्षय नियन्त्रण तथा पहिरो रोकथाम गरी स्थानीय जनतालाई राहत पुऱ्याउने रहेको छ ।

कार्यक्रम सञ्चालन प्रक्रिया

यो कार्यक्रम अन्तर्गत स्थान तोकिएको हकमा सोही स्थान र नतोकिएको हकमा आवश्यकतानुसार जोखिमको प्रकृती र उपयुक्तता हेरी सम्बन्धित लाभग्राहीहरुको आमभेलाबाट गठन भएको उपभोक्ता समिति वा सक्रिय रुपमा सञ्चालन भएको सामुदायिक वन उपभोक्ता समिति वा सो स्थानमा विकास निर्माणसँग सम्बन्धित अन्य कुनै समितिवाट कार्य सञ्चालन गराउनु पर्नेछ । **Emergency Tillage, Conservation Tillage, Windbreak/Shelterbelt, Strip Cropping, Rangeland and Permanent Cover, Residue Management, Residue Mulching, Cover Crop, Agronomical Practices, Terraces, Drop Structures, Spill Way, Culverts, Gabions, Riprap, Ditches, Rainwater Harvesting Ponds/ Farm Ponds/ Storage Tank, Contour Farming, Silt Fences, Surface Matting, Irrigation Canal, etc.** जस्ता प्राविधिक कार्यहरु गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न भएपश्चात उपभोक्ता समूहको निर्णय कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको फोटोग्राफहरु, बील भर्पाईहरु लगायतका आवश्यक कागजातहरु साईट इन्चार्जको सिफारिश सहित संलग्न गरी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्नेछ । चुरे क्षेत्रमा एकीकृत भू-क्षय नियन्त्रण कार्य सम्बन्धी कार्यक्रम चुरे क्षेत्रमा नै सञ्चालन गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा प्रदेश वन निर्देशनालय वा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले पहिचान गरिएको जोखिमपूर्ण स्थानहरुमा प्रचलित नर्म्स, जिल्ला दररेट

बमोजिम (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन, आदि) प्राविधिक हिसावले सवल हुने गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

बिनियोजित वार्षिक बजेट अनुसार।

अपेक्षित उपलब्धि

प्रदेश नं.२ मा एकीकृत भू–क्षय नियन्त्रण कार्य सफलता पूर्वक सम्पन्न हुनेछ।

१४७. संरक्षण कार्यको व्यवस्थापन तथा रेखदेख

जिल्ला जिल्लामा जलाधार व्यवस्थापन तथा संरक्षण कार्य प्रयोजनार्थ गत विगत आ.व. मा सञ्चालन भएका तथा चालु आ.व.मा सञ्चालन हुने तोकिएको भू तथा जलाधार व्यवस्थापन कार्यको प्रभावकारी सञ्चालन, अनुगमन, रेखदेख कार्यमा प्रचलित कानुन बमोजिम यस शीर्षकको रकम खर्च गरिनेछ। यस कार्यक्रम अन्तर्गत नर्सरी नाईके, फिल्ड सुपरभाईजर, फिल्ड कार्यालय सहयोगी, आकस्मिक रुपमा आवश्यक पर्ने प्राविधिक जनशक्ति, विगत आ.व.को निर्माण कार्यको मर्मत लगायत कार्यालयको स्टाफ मिटिङ्गले गरेको निर्णय बमोजिम तोकिने कार्यहरुमा नियमानुसार खर्च गरिनेछ ।

अनुसूचीहरु

अनुसूची – १

प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

..... निर्देशनालय

..... कार्यालय.....

प्रदेश नं. २

योजना सम्झौता फाराम

१.सम्मझौता गर्ने पक्ष र आयोजनाः

क) उपभोक्ता समितिको विवरणः

१. नामः

२. ठेगानाः

ख) आयोजनाको विवरणः

१. नामः

२. आयोजनाको स्थलः

३. उद्देश्यः

४. आयोजना शुरु हुने मितिः

२.आयोजनाको लगत सम्बन्धी विवरणः

क) लगत अनुमान रुः

ख) लगत ब्यहोर्ने स्रोतहरु

१. कार्यालय

२. उपभोक्ता समिति

३. अन्य

ग) वस्तुगत अनुदानको विवरण सामाग्रीको नाम र इकाई

१. संघबाट

२. प्रदेशबाट

३. स्थानीय तहबाट

४. गैह्रसरकारी संघसंस्थाबाट

५. विदेशीदातृ संघ संस्थाबाट

६. उपभोक्ता समितिबाट

राम नरेश राय
मन्त्री

७. अन्य निकायबाट

घ) आयोजनाबाट लाभान्वित हुनेः

१. घर परिवार संख्या

२. जनसंख्या

३. सँगठित संस्था

४. अन्य

३.उपभोत्ता समिति/समुदायमा अधारित संस्था/गैह्रसरकारी संस्थाको विवरण

क) गठण भएको मिति

ख) पदाधिकारीको नाम रठेगाना (नागरीकता प्रमानित पत्र नं र जिल्ला)

१. अध्यक्ष

२. उपाध्यक्ष

३. कोषाध्यक्ष

४. सचिव

५. सदस्य

६. सदस्य

७. सदस्य

ग) गठन गर्दा उपस्थिति लाभान्वितको संख्या

४.आयोजन सञ्चालन सम्वन्धि अनुभव

५.उपभोक्ता समिति समुदायमा आधारित संस्था ।गैर सरकारी संस्थाले प्राप्त गर्ने रकम विवरण

क्र.सं.	किस्ता	मिति	रकम	निर्माण सामग्री परिमाण	कैफियत
	पहिलो				
	दोश्रो				
	तेश्रो				
	जम्मा				

६. आयोजना मर्मत सम्भार सम्बन्धी व्यवस्था

क) आयोजना मर्मत सम्भारको जिम्मा लिने समिति । संस्थाको नामः

ख) मर्मत संभारको सम्भावित श्रोत छ/छैन खुलाउनेः

☐ जनश्रमदान

☐ सेवाशुल्क

☐ दस्तुर,चन्दाबाट

☐ अन्य केही भए

सम्झौताका शर्तहरु

उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः

१. आयोजना मिति ..... देखि शुरु गरी मिति ..... सम्ममा पुरा गर्नुपर्नेछ ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

३. नगदी जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेछ।

४. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी भुक्तानीको लागि माग गर्नुपर्नेछ ।

५. आयोजनाको कुल लागतभन्दा घटि लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनुपर्नेछ ।

६. उपभोक्ता समितिले प्राविधिकको राय परामर्श एवं निर्देशन अनुरुपको काम गर्नुपर्नेछ ।

७. उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित विल भरपाईहरु, डोर हाजिर फारमहरु, जिन्सी, नगदी खाताहरु, समिति/समूहको निणर्य पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको वखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखानम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रप्राप्त ब्यक्तीबाट प्रमाणीत गरी पेश गर्नुपर्नेछ ।

९. मूल्य अभिवृद्धि कर **(Vat)** लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु.२०,००० भन्दा बढि मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति/फर्म/संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेछ । साथै उक्त बीलमा उल्लेखीत मु.अ. कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु.२०,००० भन्दा कम मूल्यको सामाग्री खरिदमा पाननम्बर लिएको व्यक्ति वा फर्मबाट पनि खरिद गर्न सकिनेछ , अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ।

१०. डोजर रोलर लगायत मेशनरी सामान भाडामा लिएको एवं घर बहालमा लिई विल भर्पाई पेश भएको अवस्थामा १०% प्रतिशत भाडा कर एवम् बहाल कर तिर्नुपर्नेछ ।

राम नरेश राय

११. प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागिले पाउने भत्तामा प्रचलित नियम अनुसार कर लाग्नेछ ।

१२. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै दुई आईटममा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ती/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ। यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समूह नै जिम्मेवार हुनेछ ।

१३. उपभोक्ता समितिले काम सम्पन्न गरीसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्बन्धित कार्यालयलाई जानकारीको लागि बझाउनु पर्नेछ ।

१४. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित भर्पाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आयव्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निणर्यको प्रतिलिपी सहित अन्तिम किस्ता भुक्तानीकोलागि निवेदन पेश गर्नुपर्नेछ ।

१५. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फर फारकको प्रमाणपत्र लिनुपर्नेछ। साथै आयोजनाको आवश्यक मर्मत सम्भारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ।

१६. आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समितिवा समूहले आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तोकिएको ढाँचामा सम्झौतामा तोकिए बमोजिम निकायमा पेश गर्नुपर्नेछ।

१७. आयोजनाको दीगो सञ्चालन तथा मर्मत सम्भारको ब्यवस्था गर्नुपर्नेछ।

१८. आयोजनाको सबै काम प्राविधिकको राय सल्लाह बमोजिम उपाभोक्ता समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

<u>कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः</u>

१. आयोजनको बजेटःउपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद लेखाङ्कन, प्रतिवेदन, आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयबाट उपलब्ध गराउन सकिने अवस्थामा गराइनेछ र नसकिने अवस्था भएमा उपभोक्ता समितिले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ ।

राम नरेश राय

३. आयोजनको प्राविधिक सुपरीवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाइनेछ। उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्नु जिम्मेवारी निज प्राविधिकको हुनेछ ।

४. श्रम मुलक प्रविधिबाट कार्य गराउने गरी लगत अनुमान स्वीकृत गराई सोहि बमोजिम सम्झौता गरी मेशनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरीएको रकम मुल्याङ्कन गरी बढि भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

५. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ ।

६. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्बन्धित उपभोक्ता समितिबाट अनुरोध भै आएपछि उपभोक्ता समितिलाई बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।

७. यसमा उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं।

उपभोक्ता समिति/समूहको तर्फबाट	कार्यालयको तर्फबाट
दस्तखतः	नामथरः .....
नामथरः.....	दस्तखतः .....
पदः.....	पदः.....
ठेगानाः	ठेगानाः.....
सम्पर्क नं.....	सम्पर्क नं.....
मितिः.....	मितिः.....

अनुसुची १(क)

कामको परिमाण, आवश्यक सामान र ज्यामीको विवरण तथा खर्च व्यहोर्ने श्रोत वाँडफाँड

कार्यक्रमको नामः **स्थानीय पालिकाः.....**

वडा नं.....

सि.नं.	सम्पन्न गर्नु पर्ने काम र त्यसमा लाग्ने सामान तथा ज्यामीको विवरण	इकाई	संख्या वा परिमाण	दर	जम्मा	खर्च व्यहोर्ने स्रोत			कैफियत
						उपभोक्ता जनश्रमदान	कार्यालय		
							वस्तुगत	नगद	

दस्तखतः

उपभोक्ताको तर्फबाटः मन्त्रालय/निर्देशनालय/कार्यालयको तर्फबाटः

अनुसूची – २

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
..... निर्देशनालय
..... कार्यालय.....
प्रदेश नं. २।

मितिः.....

उपभोक्ता समूहले निर्माण औजार वा सामग्री बुझेको लगतः

क्र.सं.	जि.खा.पा.नं.	सामग्रिको विवरण	इकाई	परिमाण	मूल्य	कैफियत

कार्यक्रमको नामः

उपभोक्ताको समूह नं.:

सामग्री बुझिलिनेको नामः

सामग्री बुझिलिनेको सहीः स्वीकृत गर्ने

सिफारिश गर्नेको सहीः

सामान दिनेको सहीः

सामान दिनेको नामः